# 'अनुराधा' उपन्यासमा अस्तित्ववाद

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र
संकायअन्तर्गत नेपाली केन्द्रीय विभागको एम.ए
चौथो सेमेस्टरको शोधपत्र (४८३) विषयको
आंशिक परिपूर्तिको लागि
प्रस्तुत

## शोधपत्र

प्रस्तुतकर्ता
संगीता शर्मा
रजिष्ट्रेसन नं ६-१-५३-२५३-२००४
रोल नं. १०
चौथो सेमेस्टर, नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर
२०८१

'अनुराधा' उपन्यासमा अस्तित्ववाद – संगीता शर्मा २०८१

# शोधनिर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तह चौथो सत्रका छात्रा संगीता शर्माले **'अनुराधा उपन्यासमा अस्तित्ववाद'** शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । उहाँले परिश्रमपूर्वक तयार पार्नुभएको यस शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभाग समक्ष सिफारिस गर्दछु ।

मिति : २०८१/०३/२६

......................................

प्रा डा. रमेशप्रसाद भट्टराई

त्रिभुवन विश्वविद्यालय

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौं

२०८१

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिकशास्त्र सङ्काय**

**नेपाली केन्द्रीय विभाग**

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअर्न्तगत नेपाली विषयमा स्नातकोत्तर तह चौथो सत्रको पाठ्यांश नं. को आवश्यकता पूर्तिका लागि संगीता शर्माले प्रस्तुत गरेको **'अनुराधा' उपन्यासमा अस्तित्ववाद** शीर्षकको शोधपत्र प्रचलित पद्धतिअनुसार उपयुक्त भएकोले स्वीकृत गरिएको छ ।

**शोध मूल्याङ्कन समिति**

१. प्रा. डा. कृष्णप्रसाद न्यौपाने ..............................

विभागीय प्रमुख

२. प्रा.डा. रमेशप्रसाद भट्टराई ..............................

शोधनिर्देशक

मिति : २०८१/ ०३/

## कृतज्ञताज्ञापन

'अनुराधा' उपन्यासमा अस्तित्ववाद शीर्षकको प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली केन्द्रीय विभागअन्तर्गत नेपाली विषयमा स्नातकोत्तर तहको आवश्यकता पूर्तिका लागि प्रा.डा. रमेशप्रसाद भट्टराईको कुशल प्राज्ञिक निर्देशनमा तयार पारेकी हुँ । शोधपत्र तयारीका क्रममा आइपरेका अनेकौं समस्याहरूको उचित समाधानका लागि आवश्यक सल्लाह दिई शोधपत्रको निरीक्षण गरी परिष्कार परिमार्जनका निम्ति समुचित मार्गनिर्देशन प्रदान गर्ने शोधनिर्देशकप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शीर्षकमा शोधकार्य सम्पन्न गर्न स्वीकृति दिने त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागप्रति हार्दिक आभार प्रकट गर्दछु । प्रस्तुत शोधकार्य सम्पन्न गर्न विशेष उत्प्रेरणा दिने तथा प्राज्ञिक सल्लाह र सुझाब प्रदान गर्नुहुने आदरणीय गुरुवर्गहरू, पुस्तक उपलब्ध गराई सहयोग पुऱ्याउने पुस्तकालयका कर्मचारीहरू, सहयोगी साथीहरूप्रति पनि हार्दिक आभार प्रकट गर्दछु । विभिन्न बाधा र अप्ठेराहरू आइपर्दा पनि उचित वातावरण सिर्जना गरी मेरो अध्ययनलाई अघि बढ्नका लागि सधै प्रेरणा दिने मेरो श्रिमान् बिमल शर्मा, दिदी उमा शर्मा र मेरो परिवारप्रति सदैव ऋणी रहने छु ।


शैक्षिक सत्र :- २०७१/०७२
त्रि.वि. द.नं. :- ६-१-५३-२५३-२००४
रोल नं. १०
मिति : २०८१/०३/२६


शोधकर्ता
संगीता शर्मा
(स्नातकोत्तर तह)
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर

# विषयसूची


पृष्ठ

**परिच्छेद एक : अध्ययन परिचय** १-९

१.१ विषय परिचय १

१.२ समस्याकथन २

१.३ उद्देश्य ३

१.४ पूर्वकार्यको समीक्षा ३

१.५ शोधको औचित्य तथा महत्त्व ८

१.६ शोधपत्रको सीमाङ्कन ८

१.७ सामाग्री सङ्कलन विधि ८

१.८ विश्लेषण विधि ९

१.९ शोधपत्रको रूपरेखा ९

**परिच्छेद दुई : अस्तित्ववादको सैद्धान्तिक अवधारणा** १०-३१

२.१ विषय परिचय १०

२.२ अस्तित्ववादको परिचय १०

२.३ अस्तित्ववादको प्रकार १२

२.३.१ आस्तिक अस्तित्ववादी धारा १२

२.३.२ नास्तिक अस्तित्ववादी धारा १२

२.४ अस्तित्ववादको विकास प्रक्रिया १३

२.४.१ अस्तित्ववादको पृष्ठभूमि १३

२.४.२ अस्तित्ववादको उद्भव १४

२.४.३ अस्तित्ववादको विकास १५

२.५ अस्तित्ववादका प्रमुख मान्यताहरू १९

२.५.१ अस्तित्व सारभन्दा पूर्ववर्ती १९

२.५.२ प्रत्येक व्यक्ति आफैमा भिन्न हुनु २०

२.५.३ मानिस पूर्वपरिभाषित हुन नसक्नु २०
२.५.४ मान्छे मात्रै अस्तित्वशील प्राणी हुनु २१
२.५.५ वरणको स्वतन्त्रतासँगै उत्तरदायित्व आउनु २१
२.५.६ जीवन र जगत निष्प्रयोजन २२
२.५.७ मान्छे मूलतः अबोधगम्य २३
२.५.८ मानिसको नियति दुःखपूर्ण हुनु २४
२.५.९ जीवनको मुख्य पीडा नै एक्लोपनको बोध २४
२.५.१० मृत्यु नै अस्तित्वको सम्भावना २५
२.५.११ व्यक्तिलाई नै सत्य मान्नु २६
२.५.१२ क्षणको मूल्यबोध २६
२.५.१३ नैतिकता आत्मकेन्द्रित हुने २७
२.५.१४ शून्यता, निराशा र विसंगतिलाई अस्तित्ववादको अङ्ग मान्नु २७
२.६ नेपाली उपन्यासमा अस्तित्ववादको प्रयोग २८
२.७ निष्कर्ष ३०
**परिच्छेद तीन : 'अनुराधा' उपन्यासको कथावस्तुमा अस्तित्ववाद ३२-३९**
३.१ विषय परिचय ३२
३.२ अनुराधा उपन्यासको आदि भागको घटनामा अस्तित्ववाद ३२
३.३ अनुराधा उपन्यासको मध्य भागको घटनामा अस्तित्ववाद ३६
३.४ अनुराधा उपन्यासको अन्त्य भागको घटनामा अस्तित्ववाद ३७
३.५ निष्कर्ष ३८
**परिच्छेद चार : 'अनुराधा' उपन्यासको चरित्रमा अस्तित्ववाद ४०-६२**
४.१ विषय परिचय ४०
४.२ अनुराधा चरित्रमा अस्तित्ववाद ४०
४.३ कोमलमान चरित्रमा अस्तित्ववाद ४८
४.३ रत्नमानसिंह चरित्रमा अस्तित्ववाद ५६
४.४ अनुराधाकी आमा चरित्रमा अस्तित्ववाद ५८

४.५ समुन्द्रमान चरित्रमा अस्तित्ववाद ५९

४.६ निष्कर्ष ६१

**परिच्छेद पाँच : 'अनुराधा' उपन्यासको लेखकीय दृष्टिकोण र सारवस्तुमा अस्तित्ववाद** ६३-६८

५.१ 'अनुराधा' उपन्यासमा लेखकीय दृष्टिकोण ६३

५.२ 'अनुराधा' उपन्यासको सारवस्तुमा अस्तित्ववाद ६५

५.३ निष्कर्ष ६८

**परिच्छेद छ : सारांश तथा निष्कर्ष** ६९-७२

६.१ सारांश ६९

६.२ निष्कर्ष ७०

**सन्दर्भसामग्री सूची** ७३-७४

परिच्छेद एक

# शोध परिचय

## १.१ विषय परिचय

प्रस्तुत शोधको शीर्षक *अनुराधा* उपन्यासमा अस्तित्ववाद हो । *अनुराधा* उपन्यास मनोविश्लेषण उपन्यासकार विजय मल्लद्वारा लेखिएको हो । ऋद्धिबहादुर मल्लका माहिला छोरा विजय मल्लको जन्म वि.सं. १९८२ सालमा काठमाडौंमा भएको हो । प्रख्यात साहित्यकार गोविन्दबहादुर मल्ल 'गोठाले' का भाइ विजय मल्ल पनि नेपाली साहित्यका प्रसिद्ध साहित्यकार हुन् । पिता ऋद्धिबहादुर 'शारदा' पत्रिकाका सम्पादक भएका कारण यिनले सानैदेखि विभिन्न साहित्यकारहरूसँग भेट्ने, कुरा गर्ने साहित्यिक वातावरण पाएका थिए । आइ.एस्सी.सम्मको औपचारिक अध्ययन गरेका मल्ल आफ्नै स्वअध्ययन, साहित्यप्रतिको अभिरुचि र साहित्यकारहरू विशेष गरी सिद्धिचरण श्रेष्ठ, बालकृष्ण सम, पुष्कर शमशेर, भवानी भिक्षु र आफ्नै दाजु गोविन्दबहादुर मल्ल 'गोठाले' को प्रेरणा र प्रभावले यिनी साहित्यमा लागेका थिए । नेपाली साहित्यमा कविता लेखनबाट प्रवेश गरेका मल्लले कथा, नाटक र उपन्यास विधामा पनि कलम चलाएका छन् । आफ्नै दाजुको उपन्यास लेखनको प्रवृत्ति मनोविश्लेणलाई नै आत्मसाथ गरेका मल्लका तीन उपन्यास *अनुराधा* (२०१८), *कुमारी शोभा* (२०३९), र *श्रीमती शारदा* (२०५६) सालमा प्रकाशित भएका छन् । साहित्यमा सक्रिय मल्ल वि.सं. २०४५ सालमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका आजीवन सदस्य र वि.सं. २०४६ सालमा उपकुलपतिसमेत भएका थिए भने वि.सं. २०२६ सालको साझा पुरस्कार पनि प्राप्त गरेका छन् । यिनका रचनाहरूमा कोही किन बर्बाद होस् (२०१६), *जिउँदो लास* (२०१७), *भोलि के हुन्छ* (२०२२), *पत्थरको कथा* (२०२८), *बहुलाकाजीको सपना* (२०२८), *दोभान* (२०३४), *भित्ते घडी* (२०४०), *मानिस र मुकुण्डो* (२०४०), *स्मृतिको पर्खालभित्र* (२०४०), *भूलै भूलको यथार्थ* (२०४१), *पहाड चिच्याइरहेछ* (२०४१), *सृष्टि रोकिदैन* (२०४८) जस्ता नाटक र *एकबाटो अनेक मोड* (२०२६), *परेवा र कैदी* (२०३४) र *मान्छेको नाच र अन्य कथा* (२०५५) जस्ता कथासंङ्ग्रह आदि साहित्यिक कृतिहरू प्रकाशनमा आएका छन् ।

*अनुराधा* उपन्यासकार विजय मल्ल को वि.सं. २०१८ सालमा प्रकाशित पहिलो उपन्यास हो । यो उपन्यास मनोवैज्ञानिक विचारधाराबाट प्रभावित छ तर पनि यो उपन्यासमा व्यक्तिको अस्तित्वलाई विशेष महत्त्व प्रदान गरिएको छ । उपन्यासमा प्रमुख चरित्रहरूको माध्यमबाट व्यक्ति अस्तित्वलाई प्रस्तुत गर्ने क्रममा आफ्नो अस्तित्वको लागि गरेको स्वतन्त्र निर्णय र त्यसको उत्तरदायित्व, अस्तित्व रक्षाको लागि गर्नुपरेको संघर्ष र स्वतन्त्र निर्णयले निम्त्याएको परिणाम *अनुराधा* मा पाउन सकिन्छ । यसर्थ 'अनुराधा' उपन्यास अस्तित्ववादी कोणबाट अध्ययनका दृष्टिले उपयुक्त छ ।

अस्तित्ववाद पाश्चात्य साहित्य सिद्धान्तको एक आधुनिक सिद्धान्त हो । अस्तित्ववादी चिन्तनलाई सोरेन अबार्ड किर्केगार्डले प्रवर्तन गरेका हुन् तर साहित्यमा सन् १९४३ को समयमा फ्रान्सबाट जाँ पाल सार्त्रले विकसित गरी अस्तित्ववादलाई स्थापित गर्ने काम गरेका हुन् । व्यक्ति सत्तालाई महत्त्व दिने अस्तित्ववादले व्यक्तिको वरण स्वतन्त्र निर्णय र त्यसप्रतिको दायित्व, विसंगति बोध, अस्तित्व बोधको व्याख्या गर्ने गर्दछ । अस्तित्ववादमा व्यक्तिलाई केन्द्रविन्दुमा राखेर व्यक्तिले आफ्नो अस्तित्वको लागि संघर्ष गर्नुपर्छ र संघर्षले नै व्यक्तिको अस्तित्व स्थापित गर्न मद्दत गर्दछ भन्ने धारणा रहेको छ । मान्छेको जीवनको सत्य नै मृत्युसत्य हो र यसैलाई स्वीकार गरी यसैका बीचमा आफ्नो अस्तित्वको खोजी गरी जीवन बाँच्नुपर्दछ भन्ने अस्तित्ववादी मान्यता रहेको छ । उपन्यासकार विजय मल्ल र उपन्यास *अनुराधाका* बारेमा विभिन्न पुस्तक तथा पत्रपत्रिकामा प्रसङ्ग उल्लेख गरिनुका साथै समालोचनात्मक र शोधपरक अध्ययन समेत गरिएको पाइए पनि उपन्यासलाई अस्तित्ववादी कोणबाट अध्ययन तथा विश्लेषण गरिएको पाँइदैन । यस शोधपत्रमा उपन्यासको कथावस्तु र यसका चरित्रहरूमा प्रयुक्त अस्तित्ववादी चिन्तनलाई व्याख्या तथा विश्लेषण गरिएको छ ।

## १.२ समस्याकथन

*अनुराधा* उपन्यासमा अस्तित्ववादको खोजी गर्नु यस शोधपत्रको मुख्य समस्या हो । विजय मल्लको *अनुराधा* उपन्यासको अन्य विभिन्न कोणबाट अध्ययन गरिए पनि यस उपन्यासको अस्तित्ववादी दृष्टिकोणबाट विश्लेषणात्मक अध्ययन हुन सकेको देखिदैन । अस्तित्ववादी चिन्तनका आधारमा पनि यसको अध्ययन सान्दर्भिक देखिन्छ । उपन्यासमा

प्रस्तुत कथावस्तु र चरित्रहरूमा भएको अस्तित्ववादी चेतनाको प्रस्तुति नै यस शोधपत्रको समस्या हो । यसलाई अझ स्पष्ट पार्न निम्न शोध प्रश्नहरू प्रस्तुत गरिएको छ :

क) *अनुराधा* उपन्यासको कथावस्तुमा प्रस्तुत अस्तित्ववादको अवस्था के कस्तो छ ?

ख) *अनुराधा* उपन्यासका चरित्रहरूमा अस्तित्ववादको अवस्था कसरी प्रस्तुत भएको छ ?

ग) *अनुराधा* उपन्यासमा अस्तित्ववादको प्रयोगको के कसरी भएको छ ?

## १.३ उद्देश्य

*अनुराधा* उपन्यासको अस्तित्ववादी विश्लेषण गर्नु नै यस शोधपत्रको उद्देश्य रहेको छ । यस उद्देश्यलाई निम्नलिखित बुँदाहरूका आधारमा प्रस्तुत गरिएको छ :

क) *अनुराधा* उपन्यासको कथावस्तुमा चित्रित अस्तित्ववाद विश्लेषण गर्नु

ख) *अनुराधा* उपन्यासका प्रमुख चरित्रहरूमा भएको अस्तित्व चेत विश्लेषण गर्नु

ग) *अनुराधा* उपन्यासमा प्रयोग भएको अस्तित्ववादको प्रक्रिया समीक्षा गर्नु

## १.४ पूर्वकार्यको समीक्षा

*अनुराधा* उपन्यास उपन्यासकार विजय मल्लको पहिलो प्रकाशित उपन्यास हो । यस उपन्यासमा जीवनमा जे जति विसंगति घटना घट्दछन् त्यसको जिम्मेवार स्वयम् हुन्छ भन्ने मान्यतामा आधारित अस्तित्ववादी विचार प्रकट भएको पाइन्छ । 'अनुराधा' उपन्यास अस्तित्ववादी चिन्तनमा आधारित उपन्यास हो । विजय मल्लले यस उपन्यासमा अस्तित्ववादको मूल पक्षको प्रयोग गरेका छन् । यिनले आफ्ना पात्रहरूमा अस्तित्व चेतको भावनालाई प्रस्फुरीत गराएका हुन्छन् । यस उपन्यासका बारेमा प्रशस्त पूर्वअध्ययन भएका छन् र ती अध्ययन अस्तित्ववादका सन्दर्भमा आधारित पनि छन् । ती अध्ययनका बारेमा गरिएको अध्ययनलाई कालक्रमिक रूपमा यहाँ निम्नानुसार प्रस्तुत गरिएको छ :

वासुदेव त्रिपाठी (२०२८) ले *विचरण* शीर्षकको पुस्तकमा 'अनुराधा' उपन्यासको बारेमा समीक्षा गरेका छन् । त्रिपाठीले विजयको *अनुराधा* उपन्यास केवल सामाजिक विद्रोहको अभिव्यञ्जना होइन, जीवनका समग्र विसंगति र विशृङ्खलाको विरुद्ध विद्रोह हो

त्यसैले *अनुराधा* उपन्यास देश कालको सीमाभित्रको जीवनको अध्ययन होइन । यो उपन्यास मानव जीवनको समग्र मूल्यको अन्वेषण पनि हो भनेका छन् । यिनको समीक्षात्मक टिप्पणीले प्रस्तुत शोधपत्र तयार गर्नलाई आवश्यक जानकारी दिएको छ ।

तारानाथ शर्मा (२०२९) ले *नेपाली साहित्यको ऐतिहासिक परिचय* पुस्तकमा *अनुराधा* उपन्यासका बारेमा लेखकले विकृतिको चित्रणबाट मनुष्यका व्यवहारका गूढतम तथ्यहरू फेला पार्न सकिन्छ भनेर नै मगज फुस्केका र एकोहोरा पात्रहरूलाई यस उपन्यासमा जुटाएको हो । फ्रायडवाद, सामाजिक यथार्थवाद र अस्तित्ववाद जस्ता कुराहरू यस उपन्यासको टेवा भएका छन् भनेर आफ्नो विचार व्यक्त गरेका छन् । शर्माको यस विचारलाई यस शोधपत्रको पूर्वकार्यको रूपमा यहाँ प्रस्तुत गरिएको छ ।

घनश्याम कँडेल (२०४०) ले *केही अन्वेषण केही विश्लेषण* शिर्षकको पुस्तकमा *अनुराधा* उपन्यासको बारेमा आफ्नो विचार व्यक्त गर्दै *अनुराधामा* पूर्ववर्ती उपन्यासहरूमा स्पष्ट रूपमा देखा नपरेको तर परवर्ती *आज रमिता छ* , *शिरीषको फूल* प्रवृत्तिका उपन्यासहरूदेखि भने झाँगिएर गएको बौद्धिक सचेतना र युगीन चिन्तनको कुरा अङ्कुरित भएको बोध हुन्छ भनेका छन् । यसमा कँडेलले *आज रमिता छ* , *शिरीषको फूल* परवर्ती प्रवृत्तिका उपन्यासहरूदेखि भने झाँगिएको बौद्धिक सचेतना र युगीन चिन्तन भनेर विसंगति र अस्तित्ववादी प्रवृत्तिलाई संकेत गरेका छन् । कँडेलको यस विचारले यस शोधपत्रलाई पूर्व अध्ययनको लागि जानकारी दिएको छ र शोधपत्र तयार गर्नलाई आवश्यक अध्ययन सामग्री पनि प्रदान गरेको छ ।

गोपीकृण्ण शर्मा (२०४४) ले *अवलोकन र विवेचन* पुस्तकमा *अनुराधा* उपन्यासकी प्रमुख नारी पात्र अनुराधालाई विद्रोही पात्रका रूपमा चित्रण गरेका छन् । उनले अनुराधा पुराना सडेगलेका मान्यताका विरुद्ध नौलो क्रान्तिको आह्वान गर्ने, व्यक्तिवादी सामन्ती मनोवृत्तिको विरुद्ध आफ्नो स्वत्वको लागि संघर्ष गर्ने पात्र भनी चिनारी दिएका छन् । शर्माले यस पुस्तकमा अनुराधा उपन्यासको चरित्रका बारेमा गरेको विश्लेषण यस शोधपत्र तयार पार्नलाई आवश्यक पूर्वकार्य सामग्री बनेको छ ।

कृण्णचन्द्रसिंह प्रधान(२०५२) ले *नेपाली उपन्यास र उपन्यासकार* पुस्तकमा *अनुराधा* उपन्यास र यसका प्रमुख चरित्र अनुराधा र कोमलमानको चरित्रको विश्लेषण गरेका छन् ।

प्रधानले *अनुराधा* उपन्यासले वर्तमान सन्दर्भमा स्वत्वाभिमुखी व्यक्तिको जीवनको अर्थहीन अहम् र अस्तित्वका लागि विक्षिप्त हुनुपरेको विकृत समाजका व्यक्तिको विवशता र निरर्थक विद्रोह व्यक्त गर्छ भनेका छन् । त्यस्तै अनुराधा चरित्रको बारेमा अनुराधामा देखापर्ने विकार वा विकृतिजन्य आचरण उसले आफैले रोजेको र अँगालेको सत्य हो । यो सत्य उसको प्राकृत जीवन होइन अर्थात् प्रकृति नै होइन । उसको स्वाभाविक प्रकृति त अहंकारी प्रवृत्ति हो, जो निजी व्यक्तित्वद्वारा निर्मित र संस्कारित छ । यही असामान्य व्यक्तित्वको अहमपुञ्ज नारी अनुराधालाई सम्झन्छु भनेका छन् । त्यस्तै आस्थाहीनताले कोमलमानलाई निराशा, निरर्थक र एकान्तप्रिय बनायो भनि कोमलमानको चरित्रलाई प्रस्तुत गर्दै कोमलमानको शिकार खेल्न जानु, लक्ष्यहीन दिशातिर बन्दुक ताकिदिनु मनोवैज्ञानिक दृष्टि ध्वस्त मानसिकताको प्रतिक हो भने अर्कातिर विसंगतिवादको अभिव्यक्ति हो भनि विचार व्यक्त गरेका छन् । यसरी प्रधानले *अनुराधा* उपन्यास र यसका चरित्रहरूमा अस्तित्ववादी प्रवृत्ति रहेको कुरा उल्लेख गरेको पाइन्छ । यसकारण पनि यस शोधपत्र तयार गर्नको लागि यो पुस्तक पूर्वकार्यको अध्ययनका लागि आवश्यक सामग्रीको रूपमा रहेको छ ।

राजेन्द्र सुवेदी (२०५३) ले *नेपाली उपन्यास परम्परा र प्रवृत्ति* शिर्षकको पुस्तकको अस्तित्ववादी परम्परा र नेपाली उपन्यास खण्डमा *अनुराधा* (२०१८) उपन्यासले नारी अस्मिताको पहिचान अन्वेषण गर्ने र जीवनको मूल्य खोज्ने परम्पराको आरम्भ गरेको छ । परम्पराका नाममा बँचेका विकृतिबाट मुक्त हुन र स्वतन्त्र अस्तित्व वरण गर्न यस उपन्यासमा यौन मनोविज्ञानको सहायता लिइएको छ भनेका छन् । त्यस्तै सुवेदीले मानव जीवन प्रणालीसँग जुट्न आउने यथार्थ मूल्यहरूलाई आत्मसात् गर्दै नारी अस्मिताका निमित्त नितान्त संर्घषरत व्यक्तिगतका रूपमा अनुराधाको उपस्थिति देखिन्छ भनेर यस उपन्यासको विश्लेषण गरेका छन् । यिनको *अनुराधा* उपन्यासको बारेमा गरिएको विश्लेषण यस शोधपत्रका लागि आवश्यक पूर्वकार्य बनेको छ ।

ज्ञानू पाण्डे (२०६२) ले *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद* नामक पुस्तकमा *अनुराधा* उपन्यासभित्र कोमलमान र अनुराधाको समग्र चरित्रका माध्यमबाट उपन्यासकार विजय मल्लले मनोवैज्ञानिक पक्षको उद्घाटन गर्ने आफ्नो मूल उद्देश्य पूरा गरेका छन् तर सँगसँगै ती पात्रहरूका संवादहरूलाई केलाउँदा कतिपय यस्ता संवाद फेला पर्छन् जसको आधारमा उपन्यासकार मल्ल *अनुराधा* उपन्यासभित्र आफ्नो

अस्तित्ववादी-विसंगतिवादी दृष्टिचेतलाई पनि अभिव्यक्ति दिएका छन् भनी भनेकी छन् । पाण्डेको यस पुस्तक प्रस्तुत शोधपत्रको लागि आवश्यक पूर्वकार्य बनेको छ ।

वासुदेव त्रिपाठी (२०६५) ले *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग २* पुस्तकमा उपन्यास विधामा विसंगति जीवनदृष्टिको वरण विजय मल्लदेखि टड्कारिँदै इन्द्रबहादुर राईमा पनि देखापर्छ भनेर जानकारी गराएका छन् । विसंगतिबोध कै धरातलमा अस्तित्ववादी दर्शन उभिएको छ भनेर जानकारी दिँदै समालोचक त्रिपाठीले विजय मल्ललाई विसंगतिवादी अस्तित्ववादी उपन्यासकारमा रूपमा चिनाएका छन् ।

नेत्र एटम र कृष्णहरि बराल (२०६६) ले *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* शीर्षकको पुस्तकमा अनुराधाको चरित्रलाई चित्रण गरेका छन् । अनुराधाको चरित्र परम्परा र रुढिप्रति विद्रोह गर्ने, अभिमानको भावना, उच्च-स्वबाट निर्माण भएको व्यक्तित्व र अर्न्तमुखी स्वभाव भएकी पात्रको रूपमा चित्रण गरेका छन् । अनुराधाको चरित्र र अस्तित्ववादी पात्रको प्रवृत्ति मिलेको कारण अनुराधालाई अस्तित्वशील पात्रको रूपमा यहाँ प्रस्तुत गरेको पाइन्छ । यस पुस्तकमा गरिएको अनुराधाको चरित्र चित्रणले पूर्वकार्यको अध्ययन गर्नको लागि जानकारी दिएको छ ।

*विण्णुप्रसाद पौडेल* (२०६८) *ले उपन्यास समालोचना : प्रवृत्ति र विश्लेषण* नामक पुस्तकमा उपन्यासकार विजय मल्ल र उनका उपन्यासहरूका बारेमा जानकारी गराएका छन् । पौडेलले विजय मल्लको औपन्यासिक प्रवृत्तिमा अस्तित्व तथा विसंगतवादी जीवनदर्शनको प्रभाव उपन्यासमा पाइन्छ भनि जानकारी गराएका छन् । पौडेलले *अनुराधा* उपन्यासको विश्लेषण गर्ने क्रममा यस उपन्यासमा मनोविश्लेषणका अतिरिक्त अस्तित्व तथा विसंगतिवादी चेतनाको उपयोग भएको उल्लेख गरेका छन् । यिनको पुस्तकमा गरिएको *अनुराधा* उपन्यासको विश्लेषणले प्रस्तुत शोधपत्रको लागि आवश्यक पूर्वकार्यको काम गरेको छ ।

*मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुईटेल* (२०६८) *ले पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त* पुस्तकमा अस्तित्ववादको चर्चा गर्ने क्रममा अस्तित्ववादलाई आस्तिक र नास्तिक अस्तित्ववादमा वर्गीकरण गरी अस्तित्व र स्वतन्त्रता परस्पर समानार्थी हुन्छन् । संसारका वस्तुहरू स्वयंमा मूल्यहीन हुन्छन् तर तिनलाई मूल्य प्रदान गर्ने काम मानिसले गर्छ ।

त्यसैले उसको अस्तित्व उसका कार्य र जीवनमा नै हुन्छ भनेका छन् । यो पुस्तकमा प्रस्तुत अस्तित्ववादका विशेषता र अनुराधा उपन्यासकी मुख्य चरित्र अनुराधाको चारित्रिक विशेषता उस्तै रहेको छ । यसले गर्दा अनुराधा उपन्यास र अस्तित्ववादको सिद्धान्त बुझ्न सजिलो हुनुका साथै पूर्वकार्यको अध्ययन गर्न सहयोग पुऱ्याएको छ ।

ज्ञानू पाण्डे (२०६८) ले *रत्न बृहत नेपाली समालोचनाको प्रायोगिक खण्ड* मा नेपाली उपन्यासमा अस्तित्ववाद नामक समालोचनात्मक लेखमा *अनुराधा* उपन्यासमा फ्रायडीय मनोविश्लेषणको विशिष्ट प्रयोग भएको भए तापनि यसमा त्यस बाहेक अस्तित्ववादी-विसंगतवादी चिन्तनको पनि आंशिक रूपमा प्रयोग भएको छ भनी उल्लेख गरेकी छिन् । त्यस्तै अस्तित्ववादी नेपाली उपन्यास लेखन परम्पराको खोजी गर्ने क्रममा यस तथ्यलाई पनि महत्त्व दिएर हेर्न आवश्यक रहेको धारणा राखेकी छिन् । प्रस्तुत शोधकार्य तयार गर्न यस समालोचनात्मक लेखले आवश्यक पूर्व अध्ययनको लागि जानकारी दिने हुनाले यसलाई पूर्वकार्यको रूपमा राखिएको छ ।

नेत्र एटम (२०७०) ले *नेपाली नारीवादी समालोचना* नामक पुस्तकमा 'अनुराधा उपन्यासमा नारीवाद' शीर्षकको समालोचनामा सुधा त्रिपाठीले अनुराधालाई नारी आस्तित्विक चेतनाका दृष्टिले उल्लेख्य ठानेको कुरा उल्लेख गरेका छन् । एटमले अनुराधाको चारित्रिक विशेषतासम्बन्धी दिएको जानकारीले यस शोधपत्र तयार गर्नको लागि मद्दत गरेको छ त्यसैले यो जानकारीलाई पूर्वकार्यको रूपमा यँहा उल्लेख गरिएको छ ।

विजय मल्ल नेपाली साहित्यका क्षेत्रमा प्रसिद्ध व्यक्तित्व भएकाले विभिन्न पुस्तक, पत्रपत्रिकामा उनका बारेमा विभिन्न लेख रचना तथा विश्लेषणहरू प्रकाशित भएका छन् । मल्लका विषयमा भएका सबै कार्यहरूलाई प्रस्तुत शोधका लागि पूर्वकार्य मानिएको छैन । यस शोधमा मल्लको *अनुराधा* उपन्यास र यसका प्रमुख चरित्रमा प्रयुक्त अस्तित्ववादको खोजी गरिएका लेख, रचना तथा विश्लेषणहरूलाई मात्र समावेश गरिएको छ । प्रस्तुत शोध *अनुराधा* उपन्यासमा अस्तित्ववादको विश्लेषणमा केन्द्रित रहेकोले माथिका कामहरूलाई पूर्वकार्यका रूपमा लिएर *अनुराधा* उपन्यासमा अस्तित्ववादको गहन अध्ययन र विश्लेषण गरिएको छ ।

## १.५ शोधको औचित्य तथा महत्त्व

विजय मल्लका बारेमा भएका पूर्वकार्यहरूले मात्र *अनुराधा* उपन्यासमा अस्तित्ववादका बारेमा पर्याप्त जानकारी दिन सकेका छैनन् । उनको यस उपन्यासमा अन्य पक्षहरूबाट शोधकार्य भएको भए तापनि अस्तित्ववादी कोणबाट अहिलेसम्म शोधकार्य नभएकाले यस अध्ययनले *अनुराधा* उपन्यासमा प्रयुक्त अस्तित्ववादतर्फको विश्लेषणको खाँचो परिपूर्ति गर्ने भएकाले यो अध्ययन औचित्यपूर्ण रहने छ । यस शोधपत्रमा *अनुराधा* उपन्यासमा अस्तित्ववादी दृष्टिकोणको बारेमा अध्ययन गरिने भएकाले यसको बारेमा विस्तृत अध्ययन गर्न चाहनेहरूका लागि यो उपयोगी हुने भएकाले प्रस्तुत शोधको औचित्य तथा महत्त्व रहेको छ ।

## १.६ शोधपत्रको सीमाङ्कन

प्रस्तुत शोधपत्रको विषय *अनुराधा* उपन्यासमा अस्तित्ववाद रहेको छ । प्रस्तुत शोधपत्रमा *अनुराधा* उपन्यासको कथावस्तु र *अनुराधा* उपन्यासका पात्रहरू अनुराधा, कोमलमान, रत्नमानसिंह, अनुराधाकी आमा र समुन्द्रमानको चरित्रमा मात्र अस्तित्ववादी सचेतना पाइने हुँदा यिनमा मात्र अस्तित्ववाद सिद्धान्तको विश्लेषण गरिएको छ । यो उपन्यासका विविध पक्षहरूको अध्ययन नगरी अस्तित्वावाद सिद्धान्तमा आधारित भई उपन्यासको कथावस्तु, चरित्र, लेखकीय दृष्टिकोण र उपन्यासको सारवस्तुमा मात्र अध्ययन गरिनु नै यस शोधपत्रको सीमाङ्कन रहेको छ ।

## १.७ सामाग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्रको प्राथमिक सामग्री विजय मल्लको *अनुराधा* उपन्यास रहेको छ । *अनुराधा* उपन्यासमा प्रस्तुत अस्तित्ववादी चेतनाको अध्ययनका क्रममा यसमा द्वितीयक सामग्रीका रूपमा मल्लका बारेमा लेखिएका पुस्तक, लेख, समालोचनाको उपयोग गरिएको छ भने सैद्धान्तिक सन्दर्भमा अस्तित्ववादसम्बन्धी सैद्धान्तिक सामग्रीको उपयोग गरिएको छ । यसका लागि सामग्रीको सङ्कलन पुस्तकालयबाट गरिएको छ ।

## १.८ विश्लेषण विधि

प्रस्तुत शोधपत्रमा *अनुराधा* उपन्यासको विश्लेषणका लागि अस्तित्ववाद सिद्धान्तको उपयोग गरिएको छ । दोस्रो विश्वयुद्धपछि विकसित अस्तित्ववादी सिद्धान्तका प्रतिपादक ज्याँ पाल सार्त्र, सोरेन किर्केगार्ड, हाइडेगर, अल्बर्ट कामु जस्ता दार्शनिकहरूको चिन्तनका आधारमा *अनुराधा* उपन्यासलाई विश्लेषणको सूचक बनाइ *अनुराधा* उपन्यासको विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा यस शोधकार्यमा पाठपरक विधिको प्रयोग गरिएको छ र *अनुराधा* उपन्यासका अस्तित्ववादी पाठबाट पाठगत तथ्याङ्क चयन गरी तिनको अस्तित्ववादी विश्लेषण गर्ने कार्य यस शोधपत्रमा भएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई व्यवथित बनाउनका लागि विभिन्न परिच्छेदमा विभाजन गरेर अध्ययन गरिएको छ । शोधपत्रको रूपरेखा यसप्रकार रहेको छ :

परिच्छेद एक – शोध परिचय

परिच्छेद दुई – अस्तित्ववादको सैद्धान्तिक अवधारणा

परिच्छेद तीन – *अनुराधा* उपन्यासको कथावस्तुमा अस्तित्ववाद

परिच्छेद चार – *अनुराधा* उपन्यासको चरित्रमा अस्तित्ववाद

परिच्छेद पाँच – *अनुराधा* उपन्यासको लेखकीय दृष्टिकोण र सारवस्तुमा अस्तित्ववाद

परिच्छेद छ – सारांश र निश्कर्ष

## परिच्छेद दुई

# अस्तित्ववादको सैद्धान्तिक अवधारणा

### २.१ विषय परिचय

अस्तित्ववाद दार्शनिक चिन्तनमा आधारित आधुनिक पाश्चात्य साहित्य सिद्धान्त हो । यो व्यक्तिवादी अवधारणाको रूपमा आएको चिन्तन हो । अस्तित्ववाद मूल रूपमा मान्छेको वैयक्तिक जीवनलाई नयाँ सन्दर्भ, नयाँ अर्थ र नवीन मानवीय मूल्यमा प्रतिष्ठापित तुल्याउन चाहने बीसौँ शताब्दीको एक विशिष्ट यूरोपेली धार्मिक दार्शनिक चिन्तन पद्धति वा सिद्धान्त हो । मानव जीवनको अस्तित्व नै अस्तित्ववादको मूल ध्येय हो । यस परिच्छेदमा अस्तित्ववादको सैद्धान्तिक रूप तथा यसको प्रकार, मान्यताहरू, विकास प्रक्रिया र नेपाली उपन्यासमा अस्तित्ववाद के कसरी आएको छ भन्ने कुराको व्याख्या तथा विश्लेषण गरिएको छ ।

### २.२ अस्तित्ववादको परिचय

अस्तित्ववाद मानव जीवनको मूल्यलाई मूल केन्द्रमा राख्ने मानवतावादी सिद्धान्त हो । यस सिद्धान्तलाई आत्मवादी, व्यक्तिवादी र अर्न्तमुखी किसिमको चिन्तन भनेर पनि चिनिन्छ । अस्तित्ववाद द्वितीय विश्वयुद्धको सन्त्रासमय क्षत्‌विक्षत्‌ अवस्थाले मानव जीवनलाई ध्वस्त पारी उसको अस्तित्व नै समाप्त भएको समयमा मानवको पनि अस्तित्व हुनुपर्छ , उसको स्वतन्त्रता, व्यैक्तिक मूल्य हुनुपर्छ भन्ने धारणालाई जाँ पाल सार्त्रले फ्रान्सबाट साहित्यमा विकसित तुल्याएको सिद्धान्त हो ।

अस्तित्ववादी अवधारणाको सुरुवात मान्छेको जीवन अर्थहीन, व्यर्थ, निस्सार, विवश हुन्छ भन्ने ज्ञानबाट भएको हो । जीवन निरर्थक, विसंगत हुँदाहुँदै पनि त्यसै बीच बाँच्नुपर्छ भन्ने विचार नै अस्तित्व हो । वस्तुतः अस्तित्ववादी मान्यताका अनुसार मान्छे आफ्ना अन्त्यतः अजेय विसंगति र व्यर्थताका माझका जीवन सन्दर्भमा आफ्ना 'अस्मिता' लाई प्रमाणित गर्न संघर्ष गर्दछ । यसरी व्यर्थता र विसंगतिको मानवीय प्रवृत्ति, स्वभाव वा तत्त्वभन्दा मान्छेको अस्तित्व चेतनालाई अस्तित्ववादले बढी महत्त्व दिएको छ ( त्रिपाठी, २०६५:११४) । मान्छेको जीवनसँग सम्बन्धित रहेको यो वादले आफ्नो अस्तित्वका लागि

स्वतन्त्र निर्णय गर्नुपर्दछ र त्यसबाट जुन राम्रो नराम्रो परिणति आउँछ त्यसको भोग पनि आफूले नै गर्नुपर्दछ भन्ने दृष्टिकोणलाई आत्मसाथ गरेको छ।

दर्शनका क्षेत्रमा विशेष अर्थ बोकेको यो अस्तित्व शब्दको प्रयोग सर्वप्रथम उन्नाइसौं शताब्दीमा डेनमार्केली धार्मिक चिन्तक सोरेन अबार्ड किर्केगार्डले गरेका हुन् । त्यसैले यिनलाई अस्तित्ववादका प्रर्वतक मानिन्छ । उनका अनुसार स्वतन्त्र रूपमा रोज्ने, छान्ने, सोच्ने, विचार गर्ने तथा निर्णय गर्ने हुनाले संसारको प्रत्येक व्यक्ति आफैमा एक अनौठो प्राणी हो । मान्छेको जीवन छोटो छ तर उसले आफ्नो जीवनकालमा स्वतन्त्र निर्णय गर्नुपर्ने कुराहरू अनगिन्ती छन् यद्यपि कुनै निर्णय गर्नु नै एक किसिमको दुःख वा पीडामा पर्नु हो तर पनि व्यक्तिले निर्णय गर्नुपर्दछ । अस्तित्ववाद मानव दर्शन हो । मानवीय जीवनको समस्या पहिल्याई त्यसैमा जीवनको मूल्यको खोजी गर्नु यसको अभिप्राय हो । अस्तित्ववाद व्यक्तिलाई सम्पूर्ण भ्रमबाट मुक्त पार्न चाहन्छ र भ्रममुक्त भएको एउटा शून्यको बिन्दुबाट आफूलाई खोज्ने र आफ्नै प्रयासले आफूलाई प्राप्त गर्ने आत्मविश्वास व्यक्तिभित्र जगाउन खोज्छ । यद्यपि जन्म सँगसँगै मृत्युको अभिशाप पनि बोकेर आएको मान्छेको जीवनमा निस्सारता, निरर्थकता, निरूपायता, अनिश्चितता एंव यावत् विवशताको बोधबाट उत्पन्न चरम निराशाको भावना नै अस्तित्ववादको मूल प्रेरणा स्रोत हो तर यो आफै भने निराशावादी दर्शन होइन । यसले मानिसलाई जीवनबाट भाग्न होइन, जीवनसित जुधेर/संघर्ष गरेर जीवनको मूल्यको खोजी गर्न उत्प्रेरित गर्दछ। व्यक्तिसत्ताप्रति यस वादको झुकाव रहेको पाइन्छ । एक अर्थमा भन्ने हो भने अस्तित्ववाद व्यक्तिवाद नै हो । अस्तित्ववादको सिद्धान्तअनुसार केवल व्यक्ति नै सत्य हो । यो संसारमा मान्छेको 'हुनु' को कुनै निश्चित प्रयोजन छैन । मान्छे आफ्नो इच्छा विना नै यो संसारमा विना प्रयोजन फालिएको हुन्छ। उसको अगाडि जीवनको मूल्य तोक्ने अर्को कुनै सत्ता यस संसारमा छैन। हरेक मान्छे आफ्नो जीवनमा एक्लै छ । मूल्य शून्य भएको यस संसारमा हरेकले आफ्नो मूल्य आफै निर्माण गर्दछ । हरेक मान्छे आफ्नो काम आफै रोज्छ र त्यसअनुसार आफैले आफूलाई बनाउछ। यसरी हरेक व्यक्तिले आफ्नो मूल्य आफै प्राप्त गर्न प्रयास गर्नुपर्छ भनी वैयक्तिक जीवनलाई नयाँ सन्दर्भ, अर्थ र मानवीय मूल्यमा प्रतिष्ठापित तुल्याउन खोज्नु नै अस्तित्ववादको मूल उद्देश्य हो । पाश्चात्य चिन्तनमा पुरानो अमूर्त चिन्तन, तार्किक एंव वैज्ञानिक दर्शनको विरोधमा प्रार्दुभाव भएको अस्तित्ववाद आधुनिक पाश्चात्य चिन्तनको मूलधारमा विशिष्ट अस्तित्व कायम गर्न सफल भएको छ।

## २.३ अस्तित्ववादको प्रकार

दर्शनका रूपमा अस्तित्ववादको वास्तविक विकास डेनमार्केली दार्शनिक सोरेन अबार्ड किर्केगार्ड (१८१३ -१८५५) बाट भएको हो । अस्तित्ववादी सिद्धान्तका प्रवर्तक यिनैलाई मानिन्छ । किर्केगार्डबाट थालिएको अस्तित्ववादको विकास आस्तिक र नास्तिक गरी दुई धारामा भएको देखिन्छ ( लुईटेल, २०६३ :३४२) । अस्तित्ववादका प्रकार निम्न रहेका छन् :

### २.३.१ आस्तिक अस्तित्ववादी धारा

आस्तिक अस्तित्व ईश्वरलाई स्वीकार गरेको अस्तित्व हो । आस्तिक अस्तित्ववादीले ईश्वरको अस्तित्वलाई स्वीकार गरी मानवीय अस्तित्वमा ईश्वर सत्ताको महत्त्वलाई पुष्टि गरेका छन् । मानव जीवनलाई ईश्वरसँग जोडेर त्यसको मूल्य दिनु यस अस्तित्ववादीहरूको मूल ध्येय रहेको पाइन्छ । आस्तिक अस्तित्ववादी धाराले कृश्चियन धर्ममा विश्वास गर्ने हुँदा यसलाई कृश्चियन अस्तित्ववाद वा धर्म सापेक्ष अस्तित्ववाद वा धार्मिक अस्तित्ववाद पनि भनिन्छ ( लुईटेल, २०६३ :३४२) । आस्तिक अस्तित्ववादको प्रवर्तक किर्केगार्ड हुन् । मानव आफैले निर्माण नगरेको यस संसारमा उसको अस्तित्वको अनिश्चित तथ्यप्रति बल दिदै किर्केगार्डले ईश्वरमार्फत् मात्र मनुष्यले आफ्ना तनाव र असन्तुष्टिहरूबाट मुक्ति पाउन सक्छ भन्ने विचारको प्रर्वतन गरे । यस अस्तित्ववादी चिन्तकहरूमा कार्ल यास्पर्स, ग्याब्रियल मार्सल, बर्दिएभ, मार्टिन बुबर आदि रहेका छन् । यी आस्तिक अस्तित्ववादीहरूले ईश्वरको अस्तित्वलाई मान्यता दिएपनि परम्परागत रुढि एंव अन्धविश्वासप्रति यिनीहरूको कुनै आस्था नभएको पाइन्छ ।

### २.३.२ नास्तिक अस्तित्ववादी धारा

नास्तिक अस्तित्ववादले ईश्वरलाई नकारेको तथा ईश्वरविनाको यो संसारमा मानिस एक्लो हुन्छ भन्ने तथ्यलाई पुष्टि गरेको छ । यसलाई अनिश्वरवादी अस्तित्ववाद पनि भनिन्छ । नास्तिक अस्तित्ववादले कुनै धर्ममा पनि विश्वास नराख्ने तथा ईश्वरको सत्ता स्वीकार गर्दैन । ईश्वर एउटा त्यस्तो निरपेक्ष मूल्य हो - जो हामीले मूल्य दिएमा स्थापित हुन्छ र उसको मूल्य हामीले स्वीकार गरेमा मान्छेलाई अनुशासित र योजनाबद्ध जीवन भोगमा अग्रसर गराउँछ । मानव अस्तित्वले स्वतन्त्रताको अर्थ प्रदान गर्दछ र स्वतन्त्रताले

अस्तित्वको अर्थ प्रदान गर्दछ । मान्छे स्वयंमा स्नायविक विधान र जैविक निर्माण, अचेतन प्रवृत्ति र आवेगहरूको वशमा रहने प्राणी हो ( सुवेदी, २०५३ :२३३) । नास्तिक अस्तित्ववादीहरूले विशेष गरी फ्रेडरिक नित्सेको ईश्वरको मृत्युको घोषणाबाट नै यस वादको थालनी भएको मानिन्छ । विशेषत : फ्रेडरिक नित्से, जाँ पाल सार्त्र, मार्टिन हाइडेगर, अल्बर्ट कामु, सिमोन दे बुआ, मार्लो पोन्ती आदि नास्तिक अस्तित्ववादी रहेका छन् । नास्तिक अस्तित्ववादीहरूले विशेष गरेर आत्मसत्ता तथा स्वतन्त्रतालाई नै अस्तित्ववाद भन्ने गर्दछन् ।

## २.४ अस्तित्ववादको विकास प्रक्रिया

अस्तित्ववाद साहित्यिकवाद भन्दा पनि पाश्चात्य दार्शनिक चिन्तन हो । द्धितीय विश्वयुद्ध ताका सन् १९४३ मा जाँ पाल सार्त्रले अस्तित्ववादलाई साहित्यका क्षेत्रमा विकसित गर्ने कार्य गरी आधुनिक पाश्चात्य दार्शनिक सिद्धान्तका रूपमा स्थापित भएको हो । यो वाद धेरै लामो समय पछि दर्शनका क्षेत्रबाट क्रमशः साहित्यका क्षेत्रमा आएको पाइन्छ । अस्तित्ववाद अभौतिक दर्शन हो र यो पुरातन समयदेखि चल्दै आएको चिन्तन प्रणाली हो । अस्तित्ववाद विसंगतिवादको धरातलमा टेकेर आएको चिन्तन हो । अस्तित्ववादको विकास प्रक्रियालाई निम्न भागमा विभाजन गरी प्रस्तुत गरिन्छ :

### २.४.१ अस्तित्ववादको पृष्ठभूमि

अस्तित्ववाद सिद्धान्तका रूपमा विकसित हुनुभन्दा पहिले दार्शनिकहरूको चिन्तनको रूपमा आएको हो । अस्तित्ववादी चिन्तनको सर्वप्रथम झिल्को प्राचीन ग्रीक दार्शनिक सुकरात (४६९-३९९) को विचारमा पाइन्छ । उनले प्रत्येक मान्छेलाई 'आफैलाई चिन' भनि ज्ञानको लागि मान्छेको वैयक्तिक अस्तित्वको महत्त्व हुन्छ भन्ने कुरालाई प्रतित गरेको पाइन्छ । दोस्रो विश्वयुद्ध समयको यूरोपको राजनैतिक विभीषिका नै अस्तित्ववादी दर्शनको पृष्ठभूमि हो ( त्रिपाठी, २०६५ : ११५) । त्यस्तै गरी सन्त अगस्टिन, मोन्ते, ब्लेज पास्कल, रेने देकार्त, दोस्तोभस्की आदि दार्शनिकहरू अस्तित्ववादको पृष्ठभूमिमा उल्लेख्य महत्त्व राख्दछन् ।

अस्तित्ववाद सिद्धान्तको पूवार्द्धमा फ्रेन्च दार्शनिक रेने देकार्त (१५९६-१६५०) को विचारले महत्त्वपूर्ण स्थान लिएको छ । देकार्तको 'म सोच्छु त्यसैले म छु' भन्ने कथन जसरी

आधुनिक यूरोपेली दर्शनको एउटा प्रमुख सूत्र बन्न पुग्यो, यस कथनमा अस्तित्ववादको पनि सूत्रात्मक पूर्व रूप भेटिन्छ ( त्रिपाठी, २०६५ : १२४) । देकार्तको उक्त कथनमा आएको 'म' ले व्यक्ति अस्तित्वलाई संकेत गर्दछ । व्यक्तिमा सोच्न सक्ने चेतना भएकाले नै म छु भन्ने कुराको बोध व्यक्तिमा भएको पुष्टि हुन्छ । अस्तित्ववादी चिन्तनको अभिव्यक्तिका लागि देकार्तको 'म सोच्छु त्यसैले म छु' भन्ने कथन प्रेरणा बन्न पुगेको देखिन्छ ।

अस्तित्ववाद सिद्धान्तको पृष्ठभूमिमा अर्को महत्त्वपूर्ण भूमिका खेल्ने व्यक्ति रुसका महान् उपन्यासकार दोस्तोभस्की (१८२१-१८८१) मानिन्छ । यिनले मानिस निश्चित परिभाषामा सीमित भएर बाँच्न चाँहदैन, ऊ स्वतन्त्र भएर बाँच्ने ईच्छा राख्दछ तर पनि ऊ समाज, धर्म, कानुन, इतिहास आदि विभिन्न संस्था र शर्तहरूले परिभाषित भएको हुन्छ भन्ने मान्यता राखेको पाइन्छ । यो मान्यतामा अस्तित्ववादको बीज रहेको पाइन्छ । दोस्तोभस्कीले यदि ईश्वर नहुने हो भने मानिसलाई सबै कुराको छुट छ, ईश्वरकै कारण मानिस स्वतन्त्र भएर बाँच्ने चाहनामा बाधा भएको हो भन्ने भनाइलाई ज्याँ पाल सार्त्रले अस्तित्ववादको आरम्भ बिन्दुको रूपमा स्वीकारेका छन् ।

### २.४.२ अस्तित्ववादको उद्भव

अस्तित्ववादको उद्भव हुनुको पछाडि मूलतः बुद्धिवादको चरमताको नै भूमिका रहेको थियो । जर्मन दार्शनिक हेगेलको आर्दशवादले सत्य बुद्धिसंगत हुन्छ र बुद्धिसंगत नै सत्य हो भन्ने धारणा रहेको अवस्थामा सोरेन किर्केगार्डले यसलाई खण्डन गर्दै बुद्धि सत्य भन्दा मानव सत्यलाई जोड दिदैं व्यक्तिले जीवनमा कुनै पनि निर्णय गर्दछ त्यस निर्णयको परिणामका बारेमा अनभिज्ञ हुन्छ र जस्तो परिणति हुन्छ त्यस्तै भोग्नुपर्दछ । त्यसैले मानव जीवन विसंगतपूर्ण छ भनि आफ्नो मत अघि सारेका थिए । हेगेलको पूर्ण निरपेक्ष आर्दशवादद्वारा प्रतिस्थापित रूपमा ईश्वर छैन भनि किर्केगार्ड भन्दछन् । उनका निम्ति ईश्वर वा धर्म आन्तरिक चरण वा छनोट होः बाह्य सत्ता होइन । उनका मतमा व्यक्तिले आफ्नो निर्णय र संकल्पद्वारा ईश्वरमा आफूलाई होम्नुपर्छ, व्यक्ति निर्णयकर्ता हो (त्रिपाठी, २०६५ : ११८) । हिगेलको चिन्तनको खण्डन गर्ने क्रममा किर्केगार्डले प्रत्येक व्यक्ति अद्वितीय छ, व्यक्ति हरेक विषयमा आफ्नै किसिमले सोच्छ, त्यसो गर्न ऊ पूर्णतः स्वतन्त्र हुन्छ भन्ने मान्यता अगाडि सारे ।

सोरेन किर्केगार्ड धार्मिक विचारधाराका दार्शनिक हुन् । उनी धार्मिक व्यक्ति भएका कारण ईश्वरतिर झुकाव भए पनि धार्मिक रुढिवादीका विरुद्ध बोलेका कारण धर्म विरोधीको आक्षेप सहनुपऱ्यो । आक्षेप लागे पनि आफ्नो मान्यतामा अडिग हुँदै आफ्नो अस्तित्ववादी विचारलाई पुष्टि गर्नतिर लागे । विशेषतः किर्केगार्डले व्यक्ति सत्ता नै परम सत्ता हो । व्यक्ति निर्णय गर्न स्वतन्त्र हुन्छ । त्यही स्वतन्त्रताले नै व्यक्तिमा विसंगति ल्याउँदछ र पीडाको कारक स्वयं आफू हुन्छ । पीडाको कारक नै स्वतन्त्र निर्णय भएकाले त्यसको परिणाम पनि स्वयं नै भोग्न तयार हुनुपर्छ वा भोग्नुपर्छ । आफ्नो कर्मको परिणति आफैले भोग्नुपर्छ र यसबाट व्यक्तिले उन्मुक्ति पाउन सक्दैन भन्ने किर्केगार्डको मूल मान्यता रहेको थियो । पहिला व्यक्तिको अस्तित्व आउँछ त्यसपछि मात्र उसको स्वभाव आउँछ भन्ने विचारलाई पाश्चात्य दर्शनमा मुखरित गर्ने काम गरे । किर्केगार्डको यो विचार नै अस्तित्ववादको उद्भवको बिन्दु थियो ।

### २.४.३ अस्तित्ववादको विकास

किर्केगार्डबाट सूत्रपात भएको अस्तित्ववादी दर्शन लामो समयसम्म चर्चाविहिन अवस्थामा गुज्रिएको भए तापनि बीसौं शताब्दी यसको लागि विशेष उपलब्धिपूर्ण सावित भयो । यस शताब्दीमा आएर अस्तित्ववादी चिन्तनप्रति विद्वान्हरूको ध्यानाकर्षण हुनुका साथसाथै यसको विकासमा प्रशस्त कामहरू भए । अस्तित्ववादको प्रभाव साहित्यका क्षेत्रमा पनि विस्तार भयो । साहित्य-कलाको माध्यमबाट पनि यसको प्रभाव विस्तारमा यथेष्ट मद्दत पुग्यो । यसका लागि जर्मनी र फ्रान्सका चिन्तक तथा लेखकहरूको योगदानले विशेष भूमिका निर्वाह गरेको थियो भन्ने कुरामा यस क्षेत्रका अध्येयताहरू सबैको एकमत रहेको पाइन्छ ।

अस्तित्ववादको विकास हुनुमा प्रथमतः जर्मन दार्शनिकहरूको विशिष्ट योगदान रह्यो । अस्तित्ववादको इतिहासमा फ्रेडरिक नित्से को नाम विशेष स्मरणीय मानिन्छ । नित्सेको ईश्वर-मृत्युको सञ्चार, व्यक्तिको स्वतन्त्र अस्तित्व र शक्तिप्राप्तिको अभीष्ट तथा महामानवको परिकल्पनाले अस्तित्ववादको उठानमा प्रभाव पारेको कुरा विशेष महत्त्व हुन आउँछ । बीसौं शताब्दीको प्रथम दशकमा जर्मनीमा उनका ग्रन्थ अनूदित भएपछि र अझ कार्ल बार्कले किर्केगार्डका विचारको पुनर्व्याख्या गरेपछि उनको प्रभाव विस्तृत हुन थाल्यो( त्रिपाठी, २०६५ : ११८) । त्यहाँ अस्तित्ववादी चिन्तन हुर्कन अनुकूल वातावरण सिर्जना हुन

पुग्यो । प्रथम विश्वयुद्धको घटनापश्चात अरू पनि धेरै जर्मन दार्शनिकहरूले अस्तित्ववादको विकासमा महत्त्वपूर्ण काम गरे ।

अस्तित्ववादको विकासमा एडमण्ड हुर्सेलको 'प्रक्रियाशास्त्र' को योगदान अत्यन्त महत्त्वपूर्ण मानिन्छ । यिनलाई प्रक्रियाशास्त्रका प्रवर्तक मानिन्छ । हुर्सेलको प्रक्रियाशास्त्र वस्तुको व्यावहारिक इन्द्रियजन्य ज्ञानसित सम्बन्धित रहेको छ । हुर्सेलले ब्रेन्टानाको व्यावहारिक-मानसिक-क्रियाशास्त्र र अनुभववादी विचारक विलियम डिल्थेबाट प्रभावित भई आफ्नो शास्त्रको निर्माण गरेका थिए । तत्काल व्यक्ति-चेतनामा प्रकट हुने वस्तुको रूपलाई स्वीकार गर्ने आग्रह हुर्सेलको प्रक्रियाशास्त्रको विशेषता हो । यो शास्त्रको सम्बन्ध, चीज वस्तुको व्यवहारिक इन्द्रियजन्य ज्ञानसित छ । हुर्सेलको यो शास्त्रले अस्तित्ववादी सिद्धान्तलाई ठूलो टेवा पुगेको छ । किर्केगार्डको अस्तित्ववादी चिन्तनको व्याख्यामा हुर्सेलको 'प्रक्रियाशास्त्र' को मद्दतले मार्टिन हाइडेगरले नै यिनलाई अस्तित्ववादी चिन्तनसँग जोडेका पाइन्छ । यद्यपि हुसरेल आफै नै अस्तित्ववादको मूलधारमा उभिएका व्यक्ति भने होइनन् । अस्तित्ववादको विकासमा उनको योगदान हाइडेगरका माध्यमबाट भित्रिएको छ ।

यस क्रममा मार्टिन हाइडेगरको भूमिका अस्तित्ववादको विकास प्रक्रिया विशेष महत्त्वको भएको बुझिन्छ । मानवीय अस्तित्वको समस्यालाई नै आफ्नो चिन्तनको मूल विषय बनाउने जर्मन दार्शनिक हाइडेगर अस्तित्ववादका एक प्रमुख प्रवर्तक मानिन्छन् । उनीबाट नै पहिलोचोटि अस्तित्ववादलाई सुव्यवस्थित स्वरूपमा प्रस्तुत गर्ने काम भएको हो भनिएको पाइन्छ । हाइडेगरको मतमा मान्छे प्रतिकूल संसारको बन्दीजस्तै छ । प्रत्येक मान्छे आफूले रोजेको यस संसारमा त्यत्तिकै बिना प्रयोजन फालिएको अवस्थामा आफूलाई प्राप्त गर्दछ र उसले आफ्नो अस्तित्वद्वारा, आफ्नोपनद्वारा अनि स्वतन्त्र रचना वा सिर्जनाद्वारा यस संसारलाई प्रभावित पार्नुपर्छ । यही नै उसको अस्तित्वको स्वतन्त्रताको प्रमाण हो र जीवनप्रतिको दायित्व पनि हो भन्ने हाइडेगरको मत थियो । हाइडेगरले अस्तित्ववादको प्रतिपादन गर्दा आफ्ना गुरु एडमण्ड हुर्सेल को चिन्तनको प्रभाव ग्रहण गरको हुँदा अस्तित्ववादको विकासमा हुर्सेलको धेरै योगदान रहेको पाइन्छ । हाइडेगरले अस्तित्ववादी चिन्तनको व्याख्या गरिएको आफ्नो ग्रन्थ 'बिइङ्ग एन्ड टाइम' (१९२७) तयार गर्दा आफ्ना गुरु हुर्सेलको प्रक्रियाशास्त्रको प्रभाव ग्रहण गरेका हुन् । हुर्सेलले झैं हाइडेगरले पनि वस्तुलाई कुनै पनि पुर्व धारणाहरूको सहयोग नलिईकन बुझ्न खोजेका छन् । हुसरेलको

प्रक्रियाशास्त्रलाई अस्तित्ववादमा मिलाएर हाइडेगरले यस्तो साधन प्रस्तुत गरिदिए जसबाट अस्तित्ववादलाई अरू प्रतिष्ठित प्राचीन वा नवीन कुनै दर्शनसित दाँज्न सरल भयो । यसरी अस्तित्ववादलाई दर्शनको तहमा सम्झन र बुझ्न हुर्सेलको प्रक्रियाशास्त्र अत्यन्त उपयुक्त र कामलाग्दो सावित भयो ।

अस्तित्ववादको विकासको क्रममा जर्मन दार्शनिकद्वय फ्रान्ज ब्रेन्टानो र विलियम डिल्थेको विचारले पनि महत्त्वपूर्ण प्रभाव पारेको देखिन्छ । ब्रेन्टानोको शास्त्र प्रक्रियाशास्त्रको अनुरूप थियो अर्थात् बाह्‍य रूपको अन्वेषण वा इन्द्रियजन्य ज्ञानको सङ्कलन गरेर एउटा निश्चयमा आइपुग्ने क्रम यसमा राखिएको थियो । यस शास्त्रको विशेषता सम्पूर्ण मानसिक जीवनलाई क्रियात्मक मान्नु हो । यसमा अनुभवलाई पनि क्रिया वा गर्नुको एक प्रकार मानिन्थ्यो । मानसिक क्रियाले एक न एक वस्तुको सङ्केत गर्दछ किनकी त्यस क्रियाले सधैं कुनै वस्तुलाई बताउँछ अथवा वस्तुको प्रयोजन (इन्टेन्सन) लाई जनाउँछ । त्यसैले ब्रेन्टानोको यो प्रणालीलाई इन्टेन्सनको सिद्धान्त भनिन्छ । मानसिक चैतन्यका अवस्थाहरू हमेसा नै कुनै चीजको द्योतक हुन, किनकी ती अवस्था मानसिक क्रिया हुनाले कुनै न कुनै वस्तुलाई त्यस क्रियाले सङ्केत गर्छ जो मनमा अभिप्रायको रूपमा देखा पर्दछ । यसको सम्बन्ध अस्तित्ववादसित रहेको स्पष्ट हुन्छ । अर्को दार्शनिक विलियम डिल्थे अनुभववादी विचारका प्रर्वतक हुन् । उनको अनुभववादी विचारको प्रभाव हुर्सेल र हाइडेगर दुवैमाथि परेको देखिन्छ । डिल्थेको विचार अनुसार प्रत्येकले आफू पहिले जीवनको अनुभव गर्दछ र त्यसपछि मात्र समाज, संस्कृति आदि अन्य बाहिरी कुरा सम्झने र बुझ्ने गर्दछ । यसरी अस्तित्ववादको विकासमा प्रत्यक्ष-परोक्ष ढङ्गबाट हुर्सेलको जस्तै फ्रान्ज ब्रेन्टानो र विलियम डिल्थेको पनि योगदान रहेको थियो भन्ने तथ्य पुष्टि हुन आउँछ । अस्तित्ववादको पुनः प्रतिष्ठापनको क्रममा हुसरेलका साथसाथै ती दुई दार्शनिकको पनि आंशिक रूपमा प्रभाव रह्‍यो । अस्तित्ववादको विकासमा हुसरेल, ब्रेन्दानो र डिल्थे यी तीनै जनाका चिन्तनको प्रभाव हाइडेगरमार्फत आएको थियो ।

अस्तित्ववादको विकास तथा विस्तारमा फ्रान्सेली दार्शनिक तथा साहित्यकारहरूको भूमिकाले महत्त्व राख्दछ । सन् १९४३ फ्रान्समा अस्तित्ववादको धेरै नै प्रभाव पर्न थाल्यो । जाँ पार्ल सार्त्रलाई आधुनिक अस्तित्ववादलाई साहित्यमा विकसित तुल्याई यसको विकासमा अतुलनीय योगदान दिने व्यक्तिका रूपमा मानिन्छ । सार्त्रले अस्तित्ववादलाई दार्शनिकतालाई

परिष्कार गरी यसलाई साहित्यिक रूप दिने कार्य गरे । सार्त्र निरीश्वर अस्तित्ववादी धाराका अनुयायी हुन् । यिनले मान्छेको सत्ता वा अस्तित्वमा विश्वास गर्छन् । यिनका अनुसार जीवन विसंगतियुक्त छ, तैपनि मान्छेले आफ्नो सङ्कल्पशक्तिको प्रयोग गरी आफ्नो जीवन अस्तित्वशील बनाउनु पर्छ भन्ने अस्तित्ववादी धारणा रहेको छ । मान्छेको वरण गर्ने स्वतन्त्रता वा निर्णय गर्ने कुरा मान्छेमा नै निहित हुन्छ भन्ने यिनको अस्तित्ववादी मान्यता रहेको छ ।

सार्त्रले विभिन्न साहित्यिक कृतिहरूमार्फत् अस्तित्ववादको चिनारी गराएका छन् । सार्त्रको 'बिइङ्ग एन्ड नोथिङ्गनेस' (१९४३) अस्तित्ववादी दर्शनको मूल ग्रन्थ मानिन्छ । यसमा उनले विश्लेषणात्मक ढङ्गले अस्तित्ववादको प्रस्तुत गरेका छन् । यस ग्रन्थभन्दा अगाडि नै आफ्नै औपन्यासिक कृति 'रिँगटा' उनको प्रथम कृति हो जसमा उनले 'रोक्योन्तिन' पात्रका माध्यमबाट निरर्थकता वा विसंगतिको यात्रा गर्दै मान्छेलाई आफ्नो पथको आफैं निर्माणकर्ता र आफ्नो नियतिको आफैं स्रष्टा हुनुपर्छ भनेका छन् (त्रिपाठी, २०६५: १२०) । यिनको दृष्टिकोणमा आफ्नो जीवनको निणर्य र छनोट गर्ने स्वतन्त्रता मान्छलाई प्राप्त हुनुपर्छ र मान्छेले प्राप्त गरेको निणर्य स्वतन्त्रता नै उसको उत्तरदायित्व पनि हो । सार्त्रले आफ्ना अन्य साहित्यिक रचनाहरूमा पनि अस्तित्ववादी दर्शनलाई प्रष्ट पार्ने काम गरेका छन् । सार्त्रका अनुसार यो संसारमा अन्य कुनै अतिरिक्त सत्ता, मूल्य वा आर्दशहरू छैनन् । हरेक मान्छे आफ्नो वातावरण र परिस्थितिका बीच सधैं संघर्षशील छ र यही नै उसको अस्तित्व हो । व्यक्तिको स्वतन्त्र निर्णयको क्षमतालाई सार्त्रले ऊ अस्तित्वशील छ भन्ने तथ्यको प्रमाण मानेका छन् साथै त्यही क्षमताको कारणले गर्दा नै मान्छे दुःखी हुन विवश छ भन्ने तथ्य उनले स्वीकार गरेका छन् ।

सार्त्र अस्तित्ववादलाई मानवतावाद हो भन्दछन् । उनी मान्छेमा धेरै सम्भावनाको भण्डार भएको देख्छन् र मानवतावादले नै यो जगतको सारा रोगको जरो उखेल्न सकिन्छ भन्ने विश्वास राख्दछन् । उनको 'एक्जिस्टेनसियालिज्म एन्ड हचुम्यानिज्म' भन्ने पुस्तकमा उनले आफ्नो अस्तित्ववादी मानवतावादको अवधारणा प्रष्टसित अगाडि सारेका छन् ।

सार्त्रपछि अस्तित्ववादको विकासमा टेवा पुऱ्याउने काम अल्बर्ट कामुले गरेका छन् । उनको विचारमा विसंगति र निरर्थकता सँगसँगै विद्रोह पनि आउँछ र विद्रोहबाट नै मान्छेमा अस्तित्व आउँछ । विना इश्वर मान्छे आफैंले एक्लै मूल्यको सिर्जना गर्नुपर्छ र यही मूल्यलाई

रूप दिनु नै कामुको क्रान्ति हो ( त्रिपाठी, २०६५:१२२ ) । कामु क्रान्तिका नाममा मानवीय मूल्यकै हत्या हुँदैन भन्ने ठान्छन् । 'सिसिफसको पुराकथा' र 'विद्रोही' जस्ता रचनाहरूबाट कामुले अस्तित्ववादी चिन्तनलाई नँया आयाम दिने काम गरेका छन् ।

अल्बर्ट कामु जस्तै सात्रैसँगसँगै अस्तित्ववादको विकास र विस्तारमा योगदान पुऱ्याउने अन्य फ्रान्सेली चिन्तक तथा लेखकहरूमा सिमोन दे बुआ, ग्राबियल मार्सल, मार्लो पोन्ती आदिको नाम उल्लेखनीय मानिन्छ । फ्रान्समा सार्त्रको नेतृत्वमा सुरु भएको अस्तित्ववादी साहित्य लेखनको लहर बढेर त्यसले छिटै नै एउटा आन्दोलनको रूप लिएपछि विश्व साहित्यमा अस्तित्ववाद एउटा साहित्यिक वादको रूपमा विकसित भयो ।

## २.५ अस्तित्ववादका प्रमुख मान्यताहरू

अस्तित्ववादको अध्ययन गर्दा के तथ्य स्पष्ट हुन आउँछ भने अस्तित्ववाद कुनै एक निश्चित व्यक्तिको स्थापना होइन, धेरै जनाको प्रयास र समर्पणबाट यसले आफ्नो स्वरूप प्राप्त गर्न सकेको छ । यसको निर्माणको एउटा लामो इतिहास छ र विभिन्न दार्शनिकहरूको चिन्तन एवं लेखनमा यसको मान्यताहरू छरिएर आएको पाइन्छ । यहाँ शोधपत्रको मुख्य उद्देश्यलाई ध्यानमा राखेर अस्तित्ववादको मूल मर्मलाई ठम्याउने हेतुमा मात्र सीमित हुँदै निम्नलिखित मूल मान्यताहरू पहिचान गर्न प्रयास गरिएको छ :

### २.५.१ अस्तित्व सारभन्दा पूर्ववर्ती

सबै अस्तित्ववादहरूले अस्तित्व तत्त्वभन्दा पूर्ववर्ती हो भन्ने तथ्यलाई एकमतले समर्थन गरेका छन् । अस्तित्ववादको मूल सिद्धान्त यही सूत्र वाक्यमा अटाएको छ । पाश्चात्य चिन्तन परम्परामा यो अवधारणा सर्वप्रथम सोरेन अबार्ड किर्केगार्डको चिन्तनमा आएको हो र पछि सार्त्रले त्यसलाई सूत्रात्मक रूपमा प्रस्तुत गर्ने काम गरेका हुन् । यसले मानिस छ नभनि मानिस बाँच्दछ वा उसको अस्तित्व छ भन्ने अर्थलाई बुझाउँछ । हुन त पाश्चात्य दर्शनको इतिहासमा धेरै अघिदेखि नै सबैजसो दर्शन पद्धतिमा अस्तित्वको बारेमा चर्चा गरेको पाइन्छ तर मुख्य कुरा के भने त्यहाँ तत्त्वलाई ज्यादै नै महत्त्व दिएर वर्णन गरिएको र अस्तित्वको महत्त्वलाई अवमूल्यन गरिएको भेटिन्छ । अस्तित्ववादीहरूले भने त्यस परम्पराको खण्डन गर्दै त्यो स्थानमा अस्तित्वको महत्त्वलाई प्रतिस्थापन गरेका छन् । सार अर्थात् सत्ताको आन्तरिक स्वरूप जसको विचार अस्तित्व पक्षलाई अलग राखेर

गरिएको हुन्छ, अस्तित्ववादीहरूले त्यो सारको कल्पनालाई नै निषेध गरेका छन् । यिनीहरूका अनुसार प्रत्येक व्यक्तिको जीवनको अनुभव आ-आफ्नै ढङ्गको हुन्छ जो अर्कोसँग पूर्णतः भिन्न हुन्छ । त्यसैले जीवनलाई जान्नका लागि कुनै पनि बनिबनाउ धारणाले मद्दत पुऱ्याउन सक्दैन । अस्तित्वबाट पृथक भएको सारको धारणा नै वास्तवमा निरर्थक छ, सार वा तत्त्व यथार्थ होइन । त्यसलाई केवल चिन्तनबाट मात्र ग्रहण गर्न सकिन्छ तर अस्तित्व चिन्तनबाट स्वतन्त्र हुन्छ, अस्तित्व नै यथार्थ हो र अस्तित्व नै विचारको प्रथम र अन्तिम आधार हो । त्यसैले कुनै पनि विचार अस्तित्वभन्दा पूर्ववर्ती हुन सक्ने सम्भावना रहँदैन भन्ने अस्तित्ववादीहरूको तर्क छ ।

### २.५.२ प्रत्येक व्यक्ति आफैमा भिन्न हुनु

अस्तित्ववादका अनुसार यो जगतमा अस्तित्ववान प्रत्येक व्यक्ति अनन्य छ, अद्वितीय छ । व्यक्तिलाई प्रतिस्थापित गर्न मिल्दैन । वस्तुहरूझैं व्यक्तिहरू एकको साटोमा अर्को राख्न सकिने हुँदैनन् । पहिलो कुरा त शारीरिक रूपको भिन्नताले मात्रै पनि व्यक्तिहरू आफूमा विशेष हुन्छन् । अस्तित्ववादीहरूका अनुसार व्यक्तिको पृथकताको तत्त्व उसको स्व को चेत हो । म म नै हुँ मेरो अस्तित्व अरूको अस्तित्वभन्दा भिन्न र अनन्य हो । म नै विशेष व्यक्ति छुँ कुनै अर्को हैन भन्ने चेतनाले उसको भिन्नतालाई पुष्टि गर्दछ । व्यक्तिको यही भिन्नताको गुणले नै वैयक्तिकताको मूल्य भएको हो । त्यति मात्र होइन, व्यक्तिको यही गुणले गर्दा नै ऊ सधैं नै अर्कोको लागि जिज्ञासाको विषय बनिरहेको हुन्छ ।

### २.५.३ मानिस पूर्वपरिभाषित हुन नसक्नु

अस्तित्ववादीहरूका अनुसार मानव प्रकृतिलाई अडकल गरेर बुझ्न सकिदैन । कुनै पनि व्यक्तिको प्रकृति यस्तै हुन्छ भनेर भन्न सकिदैन किनकि मान्छे सधैं नै एउटा बनिरहने प्रक्रियामा हुन्छ । ऊ कहिल्यै पूर्ण हुँदैन । बाँचुन्जेल उसले आफूलाई आफ्नै कर्मद्वारा प्रत्येक पल प्रत्येक क्षण बनाइ नै रहेका हुन्छ र त्यस्तै अपूर्णताको अवस्थामा छँदा नै कुनै एक क्षणमा ऊ अचानक मृत्युमा साटिन पुग्छ । वास्तवमा मान्छेको जीवन आफैमा बुझ्न नसकिने सत्य हो । जब एउटा मान्छे स्वयं आफ्नै लागि समेत आफू सधैं एउटा कौतुहलको विषय बनिरहेको हुन्छ भने समग्र मानवीय प्रविृत्तिलाई कुनै एउटा निश्चित परिभाषामा बाँधेर बुझ्न खोज्नु उचित हुँदैन । मान्छे सधैं नै एउटा बनिरहने क्रममा हुने हुनाले त्यो

एउटा सम्भावना मात्र हो । त्यो जे पनि बन्न सक्छ वा केही नबन्न पनि सक्छ । कुनै पूर्व आधार तथा सिद्धान्त नभएको एउटा शून्यको बिन्दुबाट आफ्नो स्वतन्त्रताको वरण गरी प्रत्येक मान्छेले आफ्नो कर्म आफै रोज्दछ त्यही कर्मको आधारमा आफ्नो परिभाषा ऊ आफै बनाउँछ अर्थात् मानिस कहिल्यै पनि पूर्वपरिभाषित हुँदैन ।

### २.५.४ मान्छे मात्रै अस्तित्वशील प्राणी हुनु

अस्तित्ववादीहरूको भनाइमा यस संसारमा भएका सम्पूर्ण प्राणीहरूका बीचमा मान्छेको स्थान विशिष्ट रहेको पाइन्छ । मान्छे चेतनशील प्राणी भएका कारण उसमा आफू छु भन्ने कुराको बोध रहन्छ यही नै मान्छे अस्तित्वशील प्राणी हो भन्ने आधार हो । किर्केगार्डले मान्छे अस्तित्वशील छ भन्ने कुराको आधार उसको वरणको स्वतन्त्रतालाई मानेका छन् जुन स्वतन्त्रता नै चेतनाको साक्षी हो । हाइडेगरले मान्छेलाई उसमा आत्मचेतना भएकै कारण अस्तित्वशील प्राणी मानेका छन् । सार्त्रले त्यही कुरालाई बुझाउन अस्तित्वलाई स्वयंमा अस्तित्ववान् र स्वयंका लागि अस्तित्ववान् भनि दुई प्रकारमा छुट्टयाएका छन् र स्वयंमा अस्तित्ववान् भनेर उनल् मान्छेबाहेक यो संसारमा भएका अन्य जीवित तथा निर्जीव अस्तित्वहरू आदिलाई सङ्केत गरेका हुन् । जो यथार्थमा भएर पनि अस्तित्वशील हुँदैनन् किनभने तिनीहरू आफैमा जे जस्ता हुन्छन् त्यो कुराको तिनमा चेतना हुँदैन न त आफूलाई बेग्लै बनाउने तिनमा क्षमता नै हुन्छ तर मान्छेलाई स्वयंको लागि अस्तित्ववान् अस्तित्व हो भनी सार्त्रले भनेका छन् र मान्छे आफ्नो अस्तित्वबाट बाहिर निक्लिएर केही गर्ने वा बन्ने स्वतन्त्र इच्छा राख्दछ भन्ने सार्त्रको भनाइ छ ।

### २.५.५ वरणको स्वतन्त्रतासँगै उत्तरदायित्व आउनु

अस्तित्ववादीहरूको भनाइअनुसार व्यक्तिको वरणको स्वतन्त्रतासँगै उत्तरदायित्वको भावना पनि जोडिएर आएको हुन्छ । अस्तित्ववादीहरूले मान्छेको अस्तित्वशीलताको उदाहरणको रूपमा उसको आफ्नो स्वतन्त्रताप्रतिको असीम आशक्तिलाई ज्यादै महत्त्व दिएर हेरेका छन् । हरेक मान्छेको अवस्था यथार्थमा उसैको स्वतन्त्र निर्णयको परिणति हो भन्ने उनीहरूको भनाइ छ । आफू आफ्नै स्वतन्त्र निर्णयको परिणति भएका कारण हरेक मान्छेमाथि उसको आफ्नो अवस्थाप्रतिको गहन उत्तरदायित्व पनि रहेको हुन्छ । त्यसैले मान्छेका लागि वरणको स्वतन्त्रता एक अर्थमा उत्तरदायित्व बोधको बन्धन बन्न पुगेको हुन्छ

तर त्यो उत्तरदायित्व बोधको बन्धन आफूमा अन्तबाट आएको नभई आफ्नै आत्म चेतनाले उब्जाएको हुनाले मान्छे चाहेर पनि त्यसबाट पलायन हुन सक्दैन भन्ने तर्क अस्तित्ववादको रहेको पाइन्छ । अस्तित्ववादका अनुसार मान्छे स्वतन्त्र हुन बाध्य छ, ऊ चाहेर पनि आफ्नो वरणको स्वतन्त्रताबाट उम्किन सक्दैन किनभने नछान्नु पनि आफ्नो स्वतन्त्र निर्णय हो । त्यहा पनि उसले आफ्नो वरणको स्वतन्त्रताको उपभोग गरिरहेको हुन्छ । सार्त्रको भाषामा भन्ने हो भने नरोज्नु नै रोज्नु हो त्यसैले त्यो अवस्थाप्रति पनि ऊ स्वयं नै जिम्मेवार हुन्छ । यसरी मान्छे एकातिर आफ्नो विषयमा निर्णय गर्न पूर्णतः स्वतन्त्र छ भने अर्कोतिर त्यै स्वतन्त्रताको कारण जीवनमा ऊ प्रतिपल उत्तरदायित्व बोधको बोझ खप्न पनि बााध्य हुन्छ । अस्तित्ववादको प्रथम प्रयास नै मान्छेले उसको यही स्थितिप्रति सजग गराउनु हो ।

### २.५.६ जीवन र जगत निष्प्रयोजन

अस्तित्ववादीहरूका अनुसार मानव जीवन र यो जगत निस्सार, निरर्थक तथा विसंगतिपूर्ण छ । सुरुमा यो कुरा किर्केगार्डले हिगेलवादको विरोध गर्दा उठाएका हुन् । यो जीवन र जगतको जगमा कुनै पनि त्यस्तो निश्चित प्रयोजन नरहेको र यसमा धेरै विसंगत र निरर्थक तत्त्वहरू भएको हुनाले यसलाई तर्कले बुझ्न असम्भव हुन्छ भन्ने कुरामा उनले त्यतिबेला जुन अडान लिए पछि गएर उनको त्यही अडान नै अस्तित्ववादको एक प्रमुख मान्यता बन्न गयो । अस्तित्ववादीहरूका विचारमा मान्छे आफ्नो इच्छाविना नै यस प्रयोजन- शून्य विरानो संसारमा फ्याकिएको छ र प्रत्येक सचेत व्यक्तिका निम्ति यो जीवन एउटा निरर्थकको बोझ मात्र हो तर पनि उसका निम्ति यसबाट मुक्त हुने कुनै उपाय छैन । कामुले मनुष्य जीवनको यो निरूपाय अवस्थालाई आफ्नो 'मिथ अफ सिसिफस' मा अत्यन्त मर्मस्पर्शी ढङ्गले अभिव्यक्ति दिएका छन् । वास्तवमा यो संसारमा बाँच्ने सबै मान्छेहरू सिसिफसकै नियति लिएर बाँच्न बाध्य छन् । सिसिफस जो सकिनसकि गह्रुङ्गो ढुङ्गा उचाल्दै पहाडको टुप्पोमा पुग्दछ र त्यहाँबाट त्यो ढुङ्गा गुडेर तल पुगेको हेरिरहन विवश छ तर पनि फेरि त्यही ढुङ्गा बोकेर चढ्ने साहसमा ऊ हार्दैन । जीवनको निरर्थकताप्रति सचेत हुँदाहुँदैको अवस्थामा पनि यसमा बाँच्न नथाक्नु नै अस्तित्ववादी बँचाइको अर्थ हो । वस्तुतः यस संसारमा सबै मान्छेहरू मर्नकै लागि बाँचिरहेका छन् । जीवनको पराकाष्ठा अन्ततः मृत्यु नै हो । जीवन निरर्थक र निस्सार छ, यसमा न बाँच्दाको अवस्थाको कुनै प्रयोजन छ न त मृत्यु हुनुको नै कुनै कारण छ । यति हुँदाहुँदै पनि जीवनको यो प्रयोजनशून्यताबारे

सोच्नुभन्दा पहिले नै मान्छेका निम्ति बाँच्नु एउटा बानी बनिसकेको हुने हुनाले जस्तोसुकै परिस्थितिमा पनि ऊ बाँचिरहेको हुन्छ ।

### २.५.७ मान्छे मूलतः अबोधगम्य

वास्तवमा मानिस बुद्धिले मात्र सुल्झाउन नसकिने आफैमा एउटा तनावहरूको समूह हो भनी अस्तित्ववादीहरू भन्दछन् । उनिहरूको भनाइ अनुसार मानिसलाई बुझ्न र बुझाउन उसको खण्डित अवस्थामा होइन, उसको सम्पूर्ण व्यक्तित्वलाई नै हेर्नुपर्ने छ । मानिसको वास्तविकता उसको आन्तरिक जगत हो । मानिसको सम्पुर्ण व्यक्तित्व भन्नाले उसको बुद्धिलाई मात्र होइन, त्यो बुद्धिलाई नै प्रभावित पार्ने र कहिलेकाहिँ विचलित पार्ने उसको चिन्ता, दुःख र उसको इच्छाशक्तिलाई पनि बुँझाउछ । यसरी हेर्दा मानिस मूलतः अबोधगम्य लाग्दछ । अस्तित्ववादीहरूका अनुसार व्यक्तिको विश्वासको मूल आधार भनेको उसको आफ्नो अनुभव नै हो त्यसैले पनि यो जीवन झन् कहिलेपनि बुझिनसक्नु बनेको छ । आफ्नै अनुभवमा पनि व्यक्तिलाई यो जीवन एउटा क्षणमा एक किसिमको अनुभूत हुन्छ भने फेरि अर्को क्षणमा उसको अनुभूति तहमा यो अर्कै रूपमा प्रकट भैसक्छ । जीवन वास्तवमा आफैमा एउटा अनुत्तरित प्रश्न हो, बुझिनसक्नुको एउटा रहस्यको भण्डार हो । जीवनको रहस्य खोतल्न खोज्नु भनेको दुःखमा पस्नु मात्र हो । जीवनको उत्तर खोज्नु भनेको प्रश्नहरूमा हराउनु मात्र हो । अस्तित्ववादका अनुसार व्यक्तिको जीवन भोगाइ भनेको ऊ प्रश्नहरूमा होमिएको अवस्था हो । जीवन भोग्नु भनेको नै एकप्रकारले प्रश्नहरूमा हराइरहनु हो र प्रश्नहरूमा हराइरहनु नै जीवन भोगाइको सीमा हो । मान्छे केही थाहा नपाइकन यो संसारमा आएको छ र जीवनलाई जान्न र बुझ्न खोज्दाखोज्दै बुझेको कुनै एउटा निश्चित बिन्दुलाई पहिल्याउन नसक्दै एकदिन अचानक ऊ मृत्युमा परिणत हुन पुग्दछ । यही नै जीवनको यथार्थ हो । यथार्थमा जीवन कही प्रष्ट छैन, स्पष्ट छैन । सुरुमा जसरी एउटा व्यक्तिको लागि उसको जीवन एउटा प्रश्न बनेर आएको हुन्छ र बाँचुन्जेलको अवधिमा ऊ उत्तरको खोजीमा नै भौतारिरहन्छ र अन्ततः प्रश्न नै बनेर एकदिन उसको जीवनको अन्त्य हुन्छ । यसरी हरेकका लागि आफ्नो जीवन भोगाइ केवल शून्य मात्र हुन जान्छ । यस्तोमा मान्छेलाई यो जीवनको मोह अनन्त छ । एकातिर मृत्यु सत्यले जीवनको निस्सारता पुष्टि गरेको छ भने अर्कोतिर मर्नुअघिको घडीसम्म व्यक्तिलाई आफ्नो जीवनप्रति असीम मोह रहन्छ ।

### २.५.८ मानिसको नियति दुःखपूर्ण हुनु

अस्तित्ववादले मान्छेलाई दुःखी प्राणीको रूपमा चिनाएको छ । केही थाहा नभएको एउटा अन्धकार भविष्यप्रति आशावादी हुँदै सीमित अनुभवको आधारमा जीवनमा पटक पटक निर्णयमा हामफाल्न पर्नुले हरेकका लागि जीवनमा एक किसिमको भय र त्रासमा गाँजिएर क्षणहरू व्यतीत गर्नपर्ने बाध्यता नै हुन्छ । मान्छेको जीवनमा आफूले चाहेको कुरा हुन सक्नु वा नसक्नुको सम्भावना त सधैँ छ नै । अझ त्यसमाथि पनि जुनसुकै घडीमा जे पनि भैदिन सक्छ र मान्छेले त्यो परिस्थितिलाई आफ्नो ठानेर स्वीकार्नुपर्ने हुन्छ । त्यसैले अस्तित्ववादीहरू मान्छेको नियति नै दुःखी देख्छन् । उनीहरूको भनाइमा मान्छेको दुःखी नियतिको सर्वाधिक सशक्त प्रमाण मृत्युसत्य हो । हरेकको जीवनमा मृत्यु अवश्यमभावी छ । मृत्युको अभिशापले मान्छेको जीवनलाई अपुर्ण तुल्याइ दिएको छ । अर्कोतिर बाँचुन्जेलको अवधिभरि पनि मान्छे आफुभित्र तनाव र अपराधबोधको भावनाले गर्दा कहिल्यै ढुक्क भएर बाँच्न पाउँदैन । जीवनको हरेक पलमा मान्छे आफ्नै चेतनाको आदेशअनुरूप यो वा त्यो बाटोमध्ये कुनै एउटा बाटोलाई रोज्न पुग्छ र कुनै एउटा बाटो रोज्नासाथ अरू बाटो रोज्दा हुनसक्ने फाइदाबाट ऊ ठगिइसकेको हुन्छ् । यही कारणले गर्दा रोजाइको क्षणमा म यो काम गर्न सक्छु अथवा त्यो काम मैले किन नगर्ने ? भन्ने जस्तो सोचाइले व्यक्ति आफैभित्र तनावग्रस्त हुन्छ । उसको त्यही तनावबाट उसमा अपराध बोधको भावना जागृत हुन्छ । हरेक क्षण एउटा बाटो रोज्न निर्णय गर्नपर्ने हुनाले मान्छेभित्र सधैं नै तनाव र अपराधबोधको भावना उसको अस्तित्वको अभिन्न अङ्गजस्तो भएर रहिरहन्छ त्यसैले अस्तित्ववादीहरूले मान्छे आफ्नै नियतिले गर्दा दुःखी हुन्छ भनि भन्दछन् ।

### २.५.९ जीवनको मुख्य पीडा नै एक्लोपनको बोध

मान्छेको जीवन करुणाले भरिएको छ । यो संसारमा बाँच्ने हरेक मान्छे एक्लो छ । ऊ सुरुमा आफूलाई यो विरानो संसारमा एक्लै फालिएको अवस्थामा भेटाउँछ र यो मानव संसारमा ऊ एक पृथक अस्तित्व भएर सधैं नै भीडमा एक्लै बाँचिरहेको हुन्छ । मृत्यु सत्यले उसको जीवनको एक्लोपनलाई अझै विशाल तुल्याइदिएको छ । एक दिन उसको मृत्यु हुन्छ । ऊ व्यक्ति मर्छ तर मानव संसार त्यसपछि पनि यथावत् चलिरहन्छ । व्यक्तिको मृत्युले मानव समाजको गतिमा कुनै तात्विक फेरबदल नहुनुले पनि व्यक्ति जीवनमा व्याप्त एक्लोपनको पुष्टि हुन्छ । एक्लोपनको बोधले एकातिर व्यक्तिलाई पीडाको अनुभूतिमा

डुबाइदिन्छ भने अर्कोतिर त्यो बोधको क्षणमा नै उसलाई आफ्नो अस्तित्वको बोध हुन्छ । त्यो बोध उसको चेतनाको अधिकार हो । मान्छे मात्रले भोग गर्न पाउने चेतनाको त्यो अधिकार यो संसारमा अन्य प्राणीका लागि प्राप्तिको कुनै सम्भावना हुँदैन न त त्यसको कुनै उपयोगिता नै हुन्छ । एक्लोपनको बोध मानिस मात्रको चेतनाको अधिकार हो र त्यही नै उसको पीडाको कारक हो भन्ने अस्तित्ववादको मान्यता छ ।

### २.५.१० मृत्यु नै अस्तित्वको सम्भावना

अस्तित्ववादी दर्शनमा मृत्युको बारेमा प्रशस्त विचार गरिएको पाइन्छ । अस्तित्ववादीहरू एकातिर मृत्यु सत्यले जीवनलाई निस्सार र निरर्थक तुल्याइदिएको कुरा स्वीकार गर्छन् भने अर्कोतिर यसैको कारणले नै जीवनको महत्त्व भएको कुरा दर्शाउछन् । 'म मर्छु' भन्ने बोधले बाँचुन्जेल व्यक्ति अस्तित्वसँगै मृत्युको सन्त्रास पनि अनिवार्य रूपमा आएको हुन्छ र त्यही सन्त्रासले नै उसलाई जीवनप्रतिको अथाह मोहको परिचय दिने काम गरेको हुन्छ भन्ने अस्तित्ववादीहरूको भनाइ छ । किर्केगार्डले मनुष्य अस्तित्वको लागि मृत्यु एउटा चुनौती हो भनेका छन् । सार्त्रको भनाइमा मृत्यु जीवनको अन्तिम विसंगति हो भनेका छन् । कामुको विचारमा मृत्यु चेतले मान्छे जीवनप्रति मोहित भएर बाँच्न उत्प्रेरित हुन्छ । मृत्युमाथि गहिरो चिन्तन गर्ने अस्तित्ववादी चिन्तकहरूमा हाइडेगर प्रमुख देखिन्छन् । हाइडेगरले मृत्युलाई मानवीय अस्तित्वको सम्भावनाको रूपमा हेरेका छन् । उनको भनाइमा दुई व्यक्तिबीचको आस्तित्विक सम्बन्ध उनीहरूले पारस्परिक सहभागिताले जाने वा बुझेजस्तो गरी मृत्युलाई अनुभवले जान्न सकिँदैन । मृत्यु मानव जीवनलाई दिएको एउटा सत्य हो भन्ने जानेर यस बोधलाई व्यक्तिको अस्तित्वमा प्रविष्ट बनाउनुपर्दछ । हाइडेगरका भनाइमा म एक अन्त्यको सम्मुखमा बाँचिरहेको छु, यो अस्तित्व जुन मेरो हो अनिश्चित अस्तित्व छ, कुनै बेला समाप्त भइहाल्न सक्ने भन्ने तथ्यलाई स्वीकार गर्दै आफ्नो चेत राखिराख्नु प्रमाणित अस्तित्वको लागि कारक बन्न सक्छ । कुनै पनि एउटा क्षणमा आफ्नो जीवन मृत्युमा साटिनेछ भन्ने कुराको बोधले नै मान्छेलाई आफ्नो जीवनको क्षणभङ्गुरताको ज्ञान हुन्छ साथसाथै आफूले अहिलेसम्म केही गर्न नसकेकोमा खिन्नता महशुश हुन्छ र त्यही खिन्नताको भावले नै मान्छे कर्म गर्न पनि हतारिन्छ जुन कर्म नै अस्तित्व प्राप्तिको सम्भावना हो ।

### २.५.११ व्यक्तिलाई नै सत्य मान्नु

अस्तित्ववादीहरू सत्य कहीँ अन्त छैन, व्यक्ति नै सत्य हो भन्छन् । उनिहरूका अनुसार कुनै पनि तथ्यको प्रामाणिकता त्यसप्रतिको व्यक्तिको स्वीकृतिमा मात्र सम्भव हुन्छ । प्रत्येक व्यक्ति आफैमा अनन्य हुने भएकाले व्याक्तिले नै कुनै पनि विचार, वस्तु वा विषयलाई खराब वा असल, राम्रो वा नराम्रो, मूल्यवान् वा मुल्यहीन भनी निर्धारित गर्दछ र त्यो एउटाको लागि एक थरीसित बुझिन्छ भने अर्कोको लागि त्यही कुरा बेग्लै अर्थको बन्न जान्छ । त्यसैले कुनै पनि कुरा सत्य वा असत्य अथवा सही या बेसही भन्ने हुन्न । हरेक कुराको मूल्य निर्धारण गर्ने काम व्यक्तिको अनुभवमा भर पर्छ । व्यक्ति स्वयंको अनुभवबाट नै कुनै पनि कुराको तथ्यात्मकताको मापन गर्दछ । सबै कुराको मूल्य त्यसमाथीको व्यक्तिको दृष्टिकोणमा निर्भर हुन्छ । व्यक्तिको अनुभवले नस्वीकारेको कुनै पनि सत्य यथार्थमा सत्य होइन । व्यक्ति नै सत्य हो र व्यक्ति नै सत्यको मापदण्ड हो भन्ने अस्तित्ववादको मान्यता छ ।

### २.५.१२ क्षणको मूल्यबोध

व्यक्तिको जीवनमा क्षणको महत्त्व धेरै हुने कुरा अस्तित्ववादमा स्वीकार गरिएको छ । अस्तित्ववादीहरूको भनाइमा प्रत्येक क्षण व्यक्ति आफ्नो कर्मले पुनर्सिजित गरिरहन्छ । उनिहरूको भनाइ अनुसार कालको व्यापकता क्षणको नै निरन्तरता हो । क्षण नै त्यो शक्ति हो जसमा व्याक्तिले आफुलाई प्रमाणित गर्न निर्णय गर्न सक्छ । क्षण नै त्यो शक्ति हो जसमा व्यक्तिले विद्रोह गर्न सक्छ र क्षण नै त्यस्तो अवसर हो जसमा व्यक्तिले आफूलाई प्रत्यक्ष अनुभव गर्न सक्छ । हरेकको जीवनमा क्षणको महत्त्व विशेष छ । प्रत्येक एउटा क्षण अघिल्लो क्षणभन्दा बढी सत्य भएर व्यक्तिको अगाडि आएको हुन्छ र त्यसले अबको क्षण अझै सुन्दर हुनेछ भन्ने विश्वास लिन व्यक्तिलाई सक्षम बनाइदिन्छ । कोही पनि मान्छे जीवनमा क्षणबाट विमुख हुन चाहँदैन र विमुख हुने काम गर्न कोही अग्रसर हुनु पनि हुदैन किनभने क्षणको भोगले नै यो कुराप्रति विश्वास हुन सक्छ कि अब अगाडिका समयमा उसको जीवन सुन्दर हुन सक्छ, उसका अपुग चाहनाहरू उसलाई प्राप्त हुन सक्छ । यसरी बाँचिरहेको हुन्छ । ऊ प्रत्येक क्षण वरणको स्वतन्त्रता भोग गर्दछ र आफ्नो अस्तित्वलाई अर्थ प्रदान गर्दछ । अस्तित्ववादीहरूको भनाइमा प्रत्येक क्षण स्वतन्त्र निर्णयको आधारमा कर्म गर्दै व्यक्तिले यो निरर्थक जीवनलाई मूल्य दिने गर्दछ । जीवन भन्नु नै क्षणको भोग हो,

यो कुनै हालतमा पनि व्यक्तिले क्षणलाई भोग्नबाट चुक्नु हुँदैन भन्नेमा यिनीहरूले जोड दिएका छन् ।

### २.५.१३ नैतिकता आत्मकेन्द्रित हुने

सबै अस्तित्ववादी चिन्तकहरूले मानिसको नैतिक आचरणमा जोड दिएका छन् । नैतिकता भन्ने कुरा कुनै किताबमा लेखिएको वा कसैले भनिदिएको भरमा व्यक्तिमा नभइ त्यो व्यक्तिको आत्माबाट निस्कने कुरालाई जोड दिएका छन् । प्रत्येक व्यक्ति आत्मकेन्द्रित चिन्तनका माध्यमबाट आफूमा नैतिकताको बोध प्राप्त गर्दछ र सोही अनुरूप व्यवहार गरी आफूलाई नैतिक आचरण भएको व्यक्ति बनाउँछ । किर्केगार्डको भनाइमा नैतिकता आत्मकेन्द्रित हुन्छ । उनले अस्तित्ववादको प्रारम्भसँगै आत्मिक नैतिकताको मान्यता पनि अघि सारेका छन् जसलाई सबै अस्तित्ववादीहरूले आत्मसाथ गरेको पाइन्छ । सार्त्रको स्वतन्त्रताको भावनासित नैतिकताको कुरा गाँसिएर आएको छ । उनको भनाइअनुसार मान्छे आफ्नो निर्माण आफै गर्दछ, ऊ पूर्वनिर्मित हुँदैन, ऊ आफ्नो निर्माण नैतिक छनोटबाट नै गर्दछ । उसको प्रत्येक निर्णय आत्मिक नैतिकताको अभिव्यक्ति हो किनभने निर्णय गर्दा उसले त्यो राम्रो ठानेर नै गरेको हुन्छ त्यसैले व्यक्तिले जीवनमा गर्ने कुनै पनि निर्णय अनैतिक हुँदैन भन्ने सार्त्रको भनाइ रहेको पाइन्छ ।

### २.५.१४ शून्यता, निराशा र विसंगतिलाई अस्तित्ववादको अङ्ग मान्नु

अस्तित्ववादका अनुसार शून्यता, निराशा, व्यथा एवं विसंगति प्रत्येक मानवीय अस्तित्वको अनिवार्य सर्त हो । मानवीय अस्तित्व दुःखपूर्ण छ किनकि यो मरणशील , अपूर्ण छ भन्ने अस्तित्ववादीहरूको भनाइ छ । हाइडेगरका अनुसार मनुष्यलाई शून्यताको सर्वाधिक अनुभूति मृत्युको सम्भावनाको कारणले गर्दा नै हुन्छ । ऊ प्रत्येक क्षण मृत्युको सम्मुख पुगिरहेको हुन्छ । त्यता जानबाट ऊ आफूलाई कुनै हालतमा पनि रोक्न सक्दैन किनकि त्यो उसको इच्छा वा अनिच्छाको कुराभन्दा पनि पहिला जीवनको एउटा अनिवार्य सर्त हो । जब मनुष्यलाई आफू प्रत्येक क्षण मृत्युको सम्मुख पुगिरहेको छु भन्ने अनुभव हुन्छ त्यो बेला ऊ अनयास सोच्न थाल्छ कि उसले आफ्नो अस्तित्वको निर्माणार्थ जुन काम गरिरहेको छ कतै त्यो पूरा नहुने पो हो कि ! अवश्य नै यस्तो सोचाइ र आशंकाले व्यक्तिलाई निराश तुल्याउँछ । यस्तै सन्त्रासको वातावरणमा रहेर जब व्यक्ति आफ्नो मृत्युको बारेमा सोच्छ ऊ

आफ्नो चारैतिर शून्य नै शून्य देख्न थाल्छ । त्यो बेला स्वभावतः ऊ वेदनाले भरिन्छ । शून्यताबोधबाट उद्भासित भएको त्यस्तो व्यथा जो हरेकको जीवनको अभिशाप हो जसलाई बोध गर्न सकिन्छ तर त्यसबाट जीवनमा छुटकारा पाउन सम्भव छैन । त्यही नै जीवनको सबैभन्दा पीडादायी विसंगति हो । मान्छेको जीवनमा पाइला-पाइलामा विसंगतिको यथार्थ भोग्नुपर्ने सम्भावना एकातिर आफ्नो ठाउँमा यथावत् छँदैछ त्यतिले नपुगेर मृत्यु चिन्तनले पनि उसको अनुभूतिमा असहनीय विसंगतिबोधको पीडाहरू थपिदिन्छ । अस्तित्ववादीहरू यसरी मान्छको जीवन दुःखै दुःखले भरिएको देख्छन् । उनीहरूको भनाइअनुसार सुखको मार्ग दुःखको खण्डन होइन, त्यसको रूपान्तर मात्र हो । जीवनमा दुःखबाहेक अरू केही छँदै छैन । त्यसैले व्यक्तिले सुखको खोजीमा जीवनलाई त्याग्ने होइन, दुःखलाई रूपान्तरण गर्नुपर्छ ताकि दुःख नै सुखको भावनामा परिवर्तित हुन सकोस भन्ने उनीहरूको भनाइ छ ।

## २.६ नेपाली उपन्यासमा अस्तित्ववादको प्रयोग

नेपाली साहित्यको पृष्ठभूमिमा सामाजिक यथार्थ भएका उपन्यासको प्रकाशन भइसकेपछि आलोचनात्मक यथार्थवाद अर्थात् प्रगतिवाद र विसंगतिवादको पनि जन्म भएको देखिन्छ । विसंगतिमूलक चिन्तनसँग अस्तित्ववादी चिन्तनको नजिक सम्बन्ध भएकोले दुवैको चिन्तन परस्पर देखिएको पाइन्छ । नेपाली साहित्यमा उपन्यास विधामा आधुनिक समयमा नै अस्तित्ववादको प्रयोग भएको पाइन्छ । विशेष गरेर साहित्यमा प्रयोग भएका धाराहरूमा अस्तित्ववादी धारालाई समावेश गरी अस्तित्ववादलाई महत्त्व दिएको पाइन्छ । नेपाली उपन्यासमा अस्तित्ववादलाई प्रवेश गराउने प्रथम श्रेय पारिजातको *शिरीषको फूल* उपन्यासलाई दिइन्छ । नेपाली उपन्यासमा पारिजातको *शिरीषको फूल* बाट भित्रिए पनि अस्तित्ववादको अंकुरण चाँहि विजय मल्लको *अनुराधा* उपन्यासमा भएको पाइन्छ । *अनुराधा* उपन्यास मूलतः मनोविश्लेषणवादी उपन्यास भएपनि मल्लले यस उपन्यासमा अस्तित्ववादी चिन्तनलाई पनि प्रयोग गरेका छन् । *अनुराधा* उपन्यासका पात्रहरूमा अस्तित्ववादी सचेतना रहेको र पात्रहरूले अस्तित्व रक्षाको लागि संघर्ष गर्नु, जीवनमा लिएको स्वतन्त्र निर्णयको परिणाम आफै भोग्नुपर्ने जस्ता अस्तित्ववादी मान्यताहरू उपन्यासकारले प्रस्तुत गरेका छन् । यस उपन्यासमा उपन्यासकारले चरित्रका माध्यमबाट नेपाली उपन्यासमा पहिलो पटक अस्तित्ववादी-विसंगतिवादी चिन्तनको प्रयोगको परम्परा बसालेको देखिन्छ । अस्तित्ववादी नेपाली उपन्यास लेखनको खोजी गर्ने क्रममा यस तथ्यलाई महत्त्व दिएको

पाइन्छ । नेपाली उपन्यासमा विशुद्ध किसिमको अस्तित्वको प्रारम्भ भने वि.सं. २०२२ सालमा प्रकाशित पारिजातको *शिरीषको फूल* उपन्यासबाट नै देखापरेको हो ।

नेपाली उपन्यासमा अस्तित्ववादी-विसंगतिवादी साहित्यिक चिन्तनको प्रयोग भएको साहित्यकार इन्द्रबहादुर राईको वि.सं. २०२१ सालमा प्रकाशित भएको उपन्यास *आज रमिता छ* हो । यस उपन्यासलाई विसंगतिवादी उपन्यासको रूपमा लिए पनि विसंगतिवादभित्र पनि अस्तित्ववादको आफ्नो विशेषता रहेको पाइन्छ । यस उपन्यासले विसंगतिवादको पक्षपोषण गरे पनि नेपाली अस्तित्ववादी उपन्यास परम्परामा यसको ऐतिहासिक महत्त्व रहेको पाइन्छ । 'आज रमिता छ' उपन्यासले अस्तित्ववादी नेपाली उपन्यासको इतिहासमा भने महत्त्वपूर्ण योगदान दिएको देखिन्छ ।

पारिजातको *शिरीषको फूल* (२०२२) ले युद्धकालीन विभिषिकाको पृष्ठभूमिमा अस्तित्वको प्रश्न उठाएको छ । मानिसको जीवनमा आउने विसंगति र तिनका बीच अल्झेर बाँच्नुपर्ने बाध्यता र शून्यताबोधलाई यस उपन्यासले प्रस्तुत गरेको छ । विसंगतिवादी हुँदाहुँदै पनि उपन्यासले शिवराज, सकमबरी तथा सुयोगवीरका अस्तित्वका क्रियाकलापलाई उपन्यासमा समेट्न सकेको छ । यस उपन्यासमा सकमबरीको अस्मिताबोध महत्त्वपूर्ण देखिन्छ । *शिरीषको फूल* उपन्यास पछि वि.सं. २०२५ सालमा पारिजातको दोस्रो उपन्यास *महत्ताहीन* प्रकाशन भएपछि अस्तित्ववादी नेपाली उपन्यासको अर्को महत्त्वपूर्ण उपलब्धी मानिन्छ । त्यस्तै पारिजातकै वि.सं. २०३५ सालमा प्रकाशित *अन्तर्मुखी* उपन्यास पनि अस्तित्ववादी उपन्यास हो ।

नेपाली उपन्यासको क्षेत्रमा पारिजातपछि उपन्यासकार धुव्रचन्द्र गौतमको वि.सं. २०२४ सालमा पहिलो उपन्यास *अन्त्यपछि* लाई सशक्त अस्तित्ववादी उपन्यास मानिन्छ । धुव्रचन्द्र गौतमकै दोस्रो उपन्यास *बालुवामाथि* (२०२८) मा पनि विसंगति र निरर्थकताभित्र छटपटिएर पनि जीवन बाँच्न विवश भएको मानिसको अस्तित्वको यथार्थ चित्रण भएको पाइन्छ । धुव्रचन्द्र गौतमका प्रकाशित कृति *डापी* (२०३३), *कट्टेल सरको चोटपटक* (२०३७), *अलिखित* (२०४०), *निमित्त नायक* (२०४३), *एक शहरमा एक कोठा* (२०४६), *उपसंहार अर्थात चौथो अन्त्य* (२०४८), *अग्निदत्त+अग्निदत्त* (२०५३), *फूलको आतंक* (२०५५) आदिमा मानवीय अस्तित्वको विसंगतियुक्त विडम्बनालाई मार्मिक ढङ्गले प्रस्तुत गरेको पाइन्छ ।

नेपाली उपन्यासमा अस्तित्ववादको प्रयोग गरेर उपन्यास लेख्ने उपन्यासकार विश्वेश्वरप्रसाद कोइराला हुन् । कोइरालाले आफ्नै विशेषतालाई अगालेर पहिलो उपन्यास 'तीन घुम्ती' (२०२५) बाट नारीको अस्तित्ववादी चिन्तनलाई प्रस्तुत गरेका छन् । उपन्यासकार कोइरालाले *तीन घुम्ती* उपन्यासमा वरणको स्वतन्त्रता र त्यसप्रतिको उत्तरदायित्वबोध, आफूप्रति आस्था र समर्पण भाव आदि जस्ता अस्तित्ववादी चिन्तनलाई प्रस्तुत गरेका छन् । यिनका *नरेन्द्रदाइ, सुम्निमा, मोदिआइन, बाबु, आमा र छोरा* जस्ता उपन्यासमा अस्तित्ववादी चिन्तन प्रस्तुत भएको पाइन्छ ।

समग्रमा नेपाली उपन्यासमा अस्तित्ववादको प्रयोगको सन्दर्भमा हेर्दा मूलतः पारिजात, धुव्रचन्द्र गौतम र विश्वेश्वरप्रसाद कोइरालाकै सक्रियता रहेको पाइन्छ । त्यसैले यी तीन उपन्यासकारहरूलाई नै प्रमुख नेपाली अस्तित्ववादी उपन्यासकारको सूचीमा राखिएको पाइन्छ । नेपाली उपन्यासमा अस्तित्ववादी चेतको रेखाङ्कन गर्ने काम भने विजय मल्लको *अनुराधा* उपन्यासले महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ । त्यस्तै नेपाली उपन्यासको पछिल्लो चरणमा सरुभक्तको *पागल बस्ती* (२०४८), *तरुनी खेती* (२०५३), *समय त्रासदी* (२०५९), *चुली* (२०६०), गोविन्दराज भट्टराईको *सुकरातका पाइला* (२०६३) उपन्यासले अस्तित्ववादी नेपाली उपन्यास परम्परालाई अगाडि बढाएको पाइन्छ ।

## २.७ निष्कर्ष

अस्तित्ववाद पाश्चात्य साहित्य सिद्धान्त हो जसको मूल केन्द्रमा मान्छेको अस्तित्व रहेको हुन्छ । दोस्रो विश्वयुद्ध पछि मानवीय तहसनहस भएपछिको मानिसमा आएको विसंगति, निराशा, एक्लोपन, जीवनदेखि पलायन भएको मानसिक स्थितिका बीचमा मानवीय अस्तित्व स्थापित गर्न विभिन्न विद्वान, दार्शनिक, चिन्तकहरूले साहित्यमा नयाँ सिद्धान्त अस्तित्ववादी लेखनको थालनी गर्दै सन् १९४३ मा ज्याँ पाल सार्त्रले यस वादलाई साहित्यमा विकसित गर्ने काम गरेका हुन् । पाश्चात्य चिन्तनको क्षेत्रमा उन्नाइसौं शताब्दीमा जर्मन दार्शनिक हेगेलको बुद्धिसंगत जे छन् ती सबै सत्य छन् र जे जति सत्य छन् ती सबै बुद्धिसंगत छन् भन्ने मान्यता अस्तित्ववादको स्थापनाको लागि कारण बनेको देखिन्छ । हेगेलको यस मान्यताको खण्डन गर्दै उनैका चेला डेनमार्केली चिन्तक सोरेन अबार्ड किर्केगार्डले नयाँ चिन्तनको रूपमा अस्तित्ववादको सूत्रपात गरेका छन् ।

दोस्रो विश्वयुद्धले युरोपेली जगतमा सृजना गरेको विनाशकारी अवस्थामा अस्तित्ववाद आधुनिक साहित्य सिद्धान्तको रूपा प्राप्त गरेको देखिन्छ । ज्याँ पाल सार्त्रले साहित्यमा यस अस्तित्ववादलाई प्रयोग गर्न सुरु गरे पश्चात यसको प्रभाव विश्वव्यापी रूपमा फैलिन पुगेको हो । अस्तित्ववादका मूलभूत मान्यता व्यक्ति अनन्य हुनु, मान्छेको नियति दुःखदायी हुनु, स्वतन्त्र निर्णय र त्यसप्रति उत्तरदायित्व स्वयं हुनु, पीडाको मुख्य कारण एक्लोपन हुनु, आत्मिक नैतिकता, विसंगत, निराशा, निस्सार अस्तित्ववादको अभिन्न अङ्ग हुनु रहेका छन् ।

नेपाली साहित्यको उपन्यास विधामा वि.सं. २०२२ सालमा प्रकाशित पारिजातको *शिरीषको फूल* बाट अस्तित्ववादको प्रयोग भएको हो । पारिजातपछि वि.सं. २०२४ सालमा धुव्रचन्द्र गौतमको *अन्त्यपछि* , विश्वेश्वरप्रसाद कोइरालाको प्रथम उपन्यास *तीन घुम्ती* ( २०२५) मार्फत् उपन्यास विधामा अस्तित्ववादको प्रयोग गरेर उपन्यास लेखेको पाइन्छ । विशेषतः यी तीन पारिजात, धुव्रचन्द्र गौतम र विश्वेश्वरप्रसाद कोइराला अस्तित्ववादी नेपाली उपन्यासमा अस्तित्ववादको प्रयोग गर्ने उपन्यासकार हुन् ।

# परिच्छेद तीन

# *अनुराधा* उपन्यासको कथावस्तुमा अस्तित्ववाद

## ३.१ विषय परिचय

पूर्वदिप्ति शैलीमा लेखिएको प्रस्तुत *अनुराधा* उपन्यास उपन्यासकारले पुरुष पात्र कोमलमानको मनोवादबाट आरम्भ गरेका छन् । उपन्यासभित्र नयाँ घटनाहरू घटित नभइ पहिला नै घटेका घटनाहरूको विश्लेषण मात्र गरिएको छ । यस उपन्यासका प्रमुख पात्रहरू आफ्नो जीवनमा अघि घटेका घटनाहरूको बारेमा आफ्नो अनुभव तथा भोगेका भोगाइलाई सुनाउदछन् र यसैमा उपन्यासको कथा अगाडि बढेको छ । यस उपन्यासका घटनाहरूलाई आरम्भ, मध्य र अन्त्य भाग गरी तीन भागमा अध्ययन तथा विश्लेषण गरी यसमा प्रयुक्त अस्तित्ववादको खोजी गरिएको छ ।

## ३.२ *अनुराधा* उपन्यासको आदि भागको घटनामा अस्तित्ववाद

प्रस्तुत उपन्यासमा कोमलमानको रेल स्टेशनमा मूर्च्छित अवस्थामा रहेकी प्रमुख पात्र अनुराधासँगको भेट भएको घटनाबाट खास कथाको सुरुवात भएको छ । काठमाडौँ शहरमा जन्मे हुर्केको एक सम्पन्न परिवारको युवक कोमलमान अध्ययनका क्रममा भारततिर बसेर पढ्दै गरेको अवस्थामा घरमा उसकी आमाको निधन हुन्छ । यस खबरबाट ऊ साह्रै बिचलित बन्दछ । सानैदेखि आमाको संरक्षण र मायामा हुर्केको कोमलमान बाबुविनाको टुहुरो भएकाले आमाको स्नेहमा नै आफू बाँचेको बोध गर्दथ्यो । यहाँ आफू बाँचेको बोध गर्नु नै अस्तित्वको बोध गर्नु हो । अनायास आमाको मृत्युपछि विक्षिप्त मानसिकता भोग्न पुगेको कोमलमान अध्ययन क्रमलाई छोडेर वितृष्णाबोधी बनी वीरगन्ज नजिक तराइको एक गाउँमा रहेको आफ्नो जग्गाजमिनको रेखदेख गर्ने भनि त्यहाँ आइ जमिनदारको रूपमा बसेको छ । यस घटनाका माध्यमबाट मान्छे सधैं एक्लो हुन्छ र त्यही एक्लोपन नै उसको पीडाको कारण हुन्छ भन्ने अस्तित्ववादको मान्यतालाई प्रस्तुत गर्न खोजिएको छ । कोमलमान एक्लो हुनु र त्यसबाट पलायन हुन तराइको जंगल किनारमा गएर जमिनदारीको बाहना बनाइ त्यही बस्न खोज्नु संघर्षदेखिको पलायन हो । कोमलमानमा व्याप्त पलायनवादी सोच, निराशावादी मानसिकता, मृत्युन्मुखी भावना जस्ता निराशाका सूचक पाइन्छन् । यसै क्रममा अनुराधासँग अचानक भेट हुनु, मूर्च्छित

अनुराधालाई आफ्नो घरमा ल्याउनु, नोकर हरिले अनुराधाको स्याहार गर्नु, अनुराधा काठमाडौँ जाने भन्दै त्यही रोकिनु, कोमलमान अनुराधाप्रति आकर्षित हुनु, अनुराधा विवाहित भएको थाहा पाउँदा कोमलमानलाई चोट पुग्नु, अनुराधाले कोमलमानलाई आफ्नो जीवनमा घटेका घटना सुनाउनु यस उपन्यासको प्रारम्भिक चरणको कथा हो ।

कोमलमान मृत्यु सत्यलाई स्वीकार गरी विसंगत जीवन बाँचिरहेको छ । उसमा मृत्युप्रति आकर्षण, बाँच्नु भन्दा मर्नु उचित भन्ने मनोभावना विकसित भएको छ । म सधैं जङ्गलभित्र पस्दा र खतरा फाँटबाट हिंडिरहँदा यही अनुभव गर्थें र बाघको प्रतीक्षामा निरन्तर आतुर भइरहन्थें । बाघ, मेरो निम्ति एक प्राप्तिको वस्तु भइरहेको थियो, न कि शिकारलाई, बरु आफ्नो समाप्तिलाई (पृ १४) । यस भनाइबाट कोमलमानको मृत्युन्मुखी मनोभावनालाई पुष्टि गर्दछ । अल्बर्ट कामुले जीवन निरर्थक छ र निरर्थक र असंगतियुक्त संसारमा प्रत्येक मान्छे एक्लो छ, मान्छेलाई आफ्नो यो एक्लोपनको अवस्थाबाट मुक्त हुने कुनै उपाय हुँदैन भन्ने कुरा व्यक्त गरेका छन् । एक्लो हुनु नै मान्छेको पीडाको कारक तत्त्व हो । अस्तित्ववादीका अनुसार मान्छेको जन्मसँगसँगै एक्लोपन, निराशा र मृत्यु पनि साथमा आउँछ । मान्छेले यी कुरालाई स्वीकार गरेर जीवन बाँच्नुपर्छ भन्ने अस्तित्ववादी स्वर यहाँ प्रस्तुत भएको पाइन्छ । दाजु भाउजूले धेरै चोटी चिठी लेखेर काठमाडौँ बोलाउँदा ऊ नर्फकनु, त्यही जमीनदारीमा नै आफ्नो जीवन बिताउन खोज्नु, यही एकदिन मृत्यु भई जीवन समाप्त हुन्छ भन्ने भावनाले ग्रसित मानसिकता हुनु उपन्यासमा घटेका घटनाले कोमलमानमा भएको एकान्त स्थलतिरको पलायन, मृत्युबोधको चेतना र पलायनवादी मानसिकतालाई प्रस्तुत गरेको छ । कोमलमानको जीवनमा घटेका घटनाहरूले विसंगति - अस्तित्ववादी मान्यताहरूलाई प्रस्तुत गरेको छ ।

रेल स्टेशनमा मूर्च्छित अवस्थामा रहेकी अनुराधालाई उद्धारको भावनाबाट प्रेरित भएर कोमलमानले घरमा लिएर जान्छ । मातृत्व भावबाट प्रेरित कोमलमानमा अनुराधाको उपस्थितिले सकरात्मक भावना जागृत हुन्छ । अनुराधासँगको भेट नै उसको जीवनको अस्तित्व बोधको सूचकको रूपमा उपन्यासमा आएको देखिन्छ । जीवनको मूल्य खोज्नु नै अस्तित्ववादको मूल मर्म हो । कोमलमानमा आएको सकरात्मकताको भावनाले जीवनवादी मानवतावादी सोचलाई संकेत गर्दछ । औषधि खाएर आराम गरेपछि केही स्वस्थ बनेकी अनुराधा र कोमलमान साँझपख घुम्न जान्छन् । यसैक्रममा कोमलमानलाई अनुराधा

कालिम्पोङ पुगेर काठमाडौं फर्किदा वीरगन्जमा आइ मूर्च्छा परेको कुरा थाहा पाउँछ । अनुराधाको रूप सौन्दर्य, अनराधासँगको संवादबाट प्रभावित कोमलमानमा आफ्नो जीवनको मूल्यको बोध भएको छ । के म वास्तवमा मरिसकेको थिइनँ, जसलाई यस्तो एक अपरिचित अस्वस्थ नारीको उद्देश्यहीन मुस्कानले सजग गराइदियो ? शायद शुष्क मात्र भैरहेको मेरो यौवनावस्थामा, शायद गतिहीनताले निर्षक्रिय तुल्याइरहेको मेरो मानसपटमा कुनै आवेगको निमित्त स्थान थियो, कुनै संवेदनशीलता ओइलाएको थिएन । त्यसैले निष्कपट, निरुद्देश्य, त्यस मुस्कानले हलचल मच्चाइदियो, म प्रभावित भएँ (पृ ४८) । कोमलमानमा आएको यो भाव अनुराधासँगको सामिप्यताबाट आएको देखिन्छ । कोमलमानमा जीवनप्रति आशावादी, म पनि केही हुँ भन्ने व्यक्ति अस्तित्वको बोध यस घटनाबाट भएको देखिन्छ । अस्तित्ववादमा व्यक्ति अस्तित्व भन्नु नै आफू हुनुको बोध हुनु हो । आफू हुनु नै अरूको अस्तित्व भन्दा भिन्न हुनु हो । आफूलाई आफू भएको चेत हुनु नै उसमा भएको अस्तित्व सचेत हो । कोमलमानमा आएको अस्तित्व सचेतलाई यहाँ देखाइएको छ ।

अनुराधा बारबार काठमाडौं जाने भन्दै बसको टिकट काट्न लगाउनु फेरि बिसन्चोको कारण त्यही बस्नु, अर्को दिन प्लेनबाट जाने भन्दै टिकट बुक गर्न लगाउनुले अस्तित्ववादको विसंगत जीवनलाई यहाँ प्रस्तुत गर्न खोजिएको छ । मान्छेको जीवन विसंगत नै विसंगतले भरिएको छ । उसले जीवनमा के सोच्छ, के चाहन्छ तर उसको जीवनमा चाहना विपरीत भैदिन्छ । यस घटनामा अनुराधाले भोगेको विसंगत जीवन देखाइएको छ । अनुराधा अलि स्वस्थ भएको बेला कोमलमानलाई आफ्नो विगत जीवनको बारेमा भन्दछे । अनुराधा काठमाडौंमा सम्पन्न व्यापारी परिवारकी कान्छी छोरी जो रूप र सौन्दर्यले भरिपूर्ण छे । उसमा भएको अहं चेतना नै अस्तित्ववादी चेतना हो । व्यक्तिको अस्तित्वको मूल तत्त्व वा उसमा भएको अहं चेत हो जसले गर्दा व्यक्ति आफूलाई अरूभन्दा पृथक ठान्दछ । अनुराधाको बाल्यकाल, किशोर र युवावस्थाको शारीरिक, आर्थिक, शैक्षिक, सामाजिक, सांस्कृतिक पृष्ठभूमिमा नीर्मित स्वत्व बोधले भरिएको आधुनिक मानसिकता र त्यससँग परम्परित पारिवारिक सामाजिक गलत प्रवृत्तिलाई यस भागको घटनामा देखाइएको छ । मान्छे चेतनशील प्राणी भएकाले ऊ अस्तित्वशील प्राणी हो । मान्छेमा भएको चेतनाले नै उसलाई अस्तित्वशील बनाउँछ । आफ्नो अस्तित्वको लागि मान्छेले संघर्ष गर्नुपर्छ भन्ने चेतना अनुराधामा पाइन्छ । अनुराधालाई षडयन्त्र गरी घर बोलाइनु, उसलाई थाहा नै नदिइ

उसको स्वयंवर गरिदिन खोज्नु, अनुराधाले स्वयंवरको समयमा रत्नमानकै अगाडि माला चुडालेर हिड्नु, अनुराधालाई परिवार र रत्नमानले नभएको विवाह भएको भनि हल्ला फैलाउनु र यसको बदला लिन अनुराधाले रत्नमानको हत्या गर्न खोज्नु यस भागमा भएका घटनाहरू हुन् ।

उपन्यासको यस घटनामा अस्तित्ववादी व्यक्ति स्वतन्त्रताको मान्यता आएको पाइन्छ । अस्तित्ववादीहरूका अनुसार व्यक्ति आफ्नो बारेमा आफै निर्णय गर्दछ त्यो उसको अस्तित्वको स्वतन्त्रता हो । त्यो स्वतन्त्रतालाई वरण गर्नु व्यक्तिको अस्तित्वशीलताको सूचक हो । अस्तित्वप्रति सचेत कुनै पनि व्यक्ति आफ्नो अस्तित्वमा अरू कसैबाट संकट आउँछ भने त्यससँग संघर्ष गरेर आफ्नो अस्तित्वको स्वतन्त्रताको रक्षा गर्दछ । अनुराधाले आफ्नो अस्तित्व रक्षाका लागि आमा, दिदीहरूसँग आफूविरुद्ध गरिएको षडयन्त्रको प्रतिकार गरेकी छ र त्यसबाट आउने परिणाम पनि भोग्न तयार रहेको उसका क्रियाकलापका माध्यमबाट देखाइएको छ । अस्तित्ववादमा परम्परित मूल्य मान्यतालाई भन्दा पनि व्यक्तिको अस्तित्वलाई महत्त्व दिइने गरिन्छ । परम्परित मूल्य मान्यताहरू स्वयंमा कुनै अर्थका हुँदैनन्, तिनबाट केवल व्यक्ति अस्तित्वको स्वतन्त्रतामा बाधा पुग्ने गर्दछ भनि अस्तित्ववादीहरूले भन्दछन् । अनुराधाले आफूमाथि थोपारिएको अरूको निर्णयलाई नकारि आफ्नो अस्तित्व रक्षाका लागि परिवारसँग विद्रोह गरेकी छ । परिवार, समाज सबैका अगाडि स्वयंवरको माला चुडालेर हिडेको घटनाले अस्तित्वको लागि संघर्ष गर्नुपर्छ भन्ने अस्तित्ववादी मान्यतालाई प्रस्तुत गरेको छ । व्यक्तिले आफ्नो 'आफू' लाई प्राप्त गर्नका लागि अरूबाट आएको आग्रहलाई नकार्न सक्नुपर्छ । अस्तित्ववादमा स्वीकार गरेको यस तथ्यलाई यस घटनाले प्रष्ट पारेको देखिन्छ । अनुराधाले गरेको अस्तित्व संघर्ष उसको व्यक्ति स्वतन्त्रताको प्रमाण हो । स्वतन्त्रताको वरण गर्नु अस्तित्ववादी मान्यतालाई यहाँ देखाइएको छ ।

अनुराधामा रहेको रत्नमानलाई हत्या गरी बदला लिने भावनाले अस्तित्ववादी संघर्षलाई प्रस्तुत गरेको देखिन्छ । अस्तित्ववादको आफ्नो अस्तित्व बँचाउन जस्तो सुकै संघर्ष पनि गर्न सक्नुपर्दछ भन्ने भनाइलाई उपन्यासको यस घटनाले मुखरित गरेको छ । व्यक्तिको लागि उसको सत्ता नै सर्वेसर्वा हुन्छ । व्यक्तिले आफ्नो सत्ता जोगाउनका लागि संघर्ष गनुपर्छ । अस्तित्व संघर्ष नै उसको सार्थक अस्तित्व हो भन्ने अस्तित्ववादी मान्यता यहाँ प्रस्तुत गरिएको छ ।

## ३.३ *अनुराधा* उपन्यासको मध्य भागको घटनामा अस्तित्ववाद

अनुराधा आफूलाई भएको अन्यायको विरुद्ध बदला लिन रत्नमानको हत्या गर्न गएकी उसको हत्या गर्न असफल हुनुबाट यस उपन्यासको मध्य भागको घटना सुरु हुन्छ । यस भागका घटना श्रृङखलाहरूमा रत्नमानको हत्या गर्न नसकेपछि उसको भाइ समुन्द्रमानलाई प्रयोग गरेर रत्नमानलाई जलाउनका लागि समुन्द्रमानसँग प्रेम गरेको नाटक गर्नु, माइतबाट अनुराधालाई बोलाउन आउदा पनि नगइ रत्नमानलाई आफूप्रति समर्पित भएको भान दिलाउनु, रत्नमान र समुन्द्रमानका बीचमा झगडा हुँदा रत्नमानलाई गाली गरेर बेइज्जत गर्नु, बेइज्जत गर्दा पनि नभएर छुरी प्रहार गर्दा आफ्नै हातमा लागेर बेहोस हुनु, अनुराधाको क्रियाकलापबाट समुन्द्रसँग सम्बन्ध रहेको र सबै दोष अनुराधाको भएको ठहर हुनु, अनुराधा विक्षिप्त भै पागल हुनु, रत्नमानले भारतमा लगेर औषधी उपचार गराउनु, मानसिक आघात परेर बौलाएकी र त्यस्तो आघात नपर्ने केही नगरे ठीक हुन्छे भनि सल्लाह दिनु, भारतबाट घर लैजानु, केही समयपछि ठीक भए पनि रत्नमानसँगको बदलाले उसलाई सताइरहनु, अनुराधाको बा ह्लासाबाट फर्किने बित्तिकै कालिम्पोङ जानु, बा सँग बस्दा पनि रत्नमानसँगको बदलाको भावना बढिरहेकाले बदला लिन काठमाडौं हिडेकी र सोही समयमा स्टेशनमा बेहोस भएको भन्ने घटनाहरू पर्दछन् ।

उपन्यासकारले प्रस्तुत *अनुराधा* उपन्यासको कथाको मध्य भागमा विकसित यी घटना श्रृङखलाहरूको माध्यमबाट व्यक्तिले आफ्नो जीवनमा सही समयमा सही निर्णय गर्न चुक्यो भने उसले तत्काल नै उसको अस्तित्व स्वतन्त्रतामाथि प्रश्नचिन्ह उठ्दछ र उसको जीवनलाई त्यसले कष्टप्रद तुल्याउँछ जसलाई बेहोर्नु बाहेक त्यसबाट उम्कने उपाय रहँदैन भन्ने अस्तित्ववादी मान्यता प्रस्तुत गरेका छन् । अनुराधाले रत्नमानसँगको बदला सिवाय अरू केही नदेखि आफ्नो अस्तित्वमा नै संकट आउने क्रियाकलाप गरिरहेकी छे । उसका निम्ति रत्नमानलाई मानसिक पीडा दिइ बदला लिनु नै प्रमुख उद्देश्य रहेको छ । उसले यसको परिणाम घर, समाजबाट अपहेलित हुने, आफ्नो चरित्रमा नै दाग लाग्ने कुरालाई ख्याल गरेकी छैन । अस्तित्ववादले आफूले गरेको निर्णयको परिणाम राम्रो नराम्रो जे जस्तो भएपनि भोग्नुपर्दछ, त्यसबाट उम्कन नमिल्ने कुरा गर्दछ सोही मान्यता यस घटनामा देखिएको छ । अनुराधा आफ्नै कार्यको कारण आफै विक्षिप्त भई बौलाएकी छ । उसले गरेको निर्णयको परिणति बौलाही भएर भोगेको प्रष्ट देखाइएको छ ।

रत्नमान अनुराधाबाट आफ्नो हत्याको प्रयास हुँदाहुदै पनि अनुराधालाई छोड्न सकेको छैन । अनुराधाले आफ्नो घर परिवार र समाजका अगाडि बेइज्जत गरेपनि ऊ बौलाही भएपछि उसको उपचारको लागि भारत लगि उपचार गरेको घटना यसमा आएको छ । विसंगतियुक्त जीवन नै मानव जीवन हो । आफूले नचाहेको कुरा नै जीवनमा हुने गर्दछ । नचाहेर नै विसंगत जीवन मान्छेले बाँच्नुपर्दछ भन्ने अस्तित्ववादी भाव यस घटनामा देखाइएको छ । रत्नमान अनुराधालाई पाउनु नै सुख भोग हो भन्ने व्यक्ति हो । आफ्नो सुख प्राप्तिको लागि जस्तो सुकै परिस्थितिको पनि सामना गर्नुपर्दछ । अस्तित्ववादीका अनुसार व्यक्ति प्रत्येक समय आफ्नै स्वार्थपूर्तिका लागि सक्रिय भइरहेको हुन्छ । व्यक्तिको यो सक्रियता उसको आफ्नो सुखलाई प्राप्त गर्ने इच्छाको नै प्रेरणा हो । अस्तित्ववादमा व्यक्तिको यस्तो इच्छालाई उसको जीवनको मूल शक्तिको अर्थमा व्याख्या गरिएको पाइन्छ । अनुराधाको प्राप्ति नै रत्नमानको सुख भोगको इच्छा हो ।

## ३.४ *अनुराधा* उपन्यासको अन्त्य भागको घटनामा अस्तित्ववाद

अनुराधाले कोमलमानलाई आफूले भोगेका जीवनका घटनालाई सुनाइसकेपछि यस उपन्यासको कथाको अन्त्य भागको सुरुवात हुन्छ । अनुराधाको जीवन कहानी सुनेपछि कोमलमान अनुराधाप्रति झन् झन् प्रभावित बन्दै गएको र अनुराधाले पनि कोमलमानप्रति विस्तारै विश्वास गरेको भाव यस भागमा प्रस्तुत भएको छ । अनुराधाले आफूलाई नयाँ जीवनको सुरुवातको खाँचो भएको र कोमलमानलाई पनि नयाँ जीवनको सुरुवातको आवश्यकता भएको कुरा उल्लेख गर्दछे । अनुराधाको यस भावमा जीवनवादी दृष्टिकोण प्रस्तुत भएको छ । यसको साथसाथै कोमलमानमा पनि अनुराधाको जीवनवादी सोचबाट प्रभावित हुँदै अनुराधासँगै जीवन बिताउन चाहेको छ । अस्तित्ववादका अनुसार मानव जीवन नै अस्तित्वको मूल आधार हो । नयाँ जीवनको सुरुवात भन्नु नै बाँच्ने चाहनाको इच्छा गर्नु हो । मान्छे जस्तो सुकै परिस्थितिमा भए पनि ऊ बाँच्न चाहन्छ । आफूले जस्तो परिस्थिति भोगे पनि जीवन बाँच्ने चाहना नै अस्तित्व हो । यस घटनामा यी दुवै पात्रहरूमा जीवनरुपि अस्तित्व पाइन्छ ।

अनुराधाको प्रभावबाट प्रभावित कोमलमान 'अनुराधा म तिमीलाई प्रेम गर्छु' भनेर भन्न चाहन्छ तर उसले भन्न नपाउँदै अनुराधा बौलाउछे । उपन्यासको यस भागमा विसंगत जीवनलाई राम्ररी परिभाषित गर्ने काम उपन्यासकारले गरेका छन् । मान्छेको जीवन

विसंगत छ, निरर्थक छ । मान्छे विसंगत जीवन जिउन विवश छ । मान्छेले जीवनमा जे सोच्छ तर त्यसको विपरीत जीवनमा भइदिन्छ । मान्छेको चाहना र उसको जीवन विपरीत रूपमा ठोक्किन आउँदछन् । असंगत जीवनबाट मान्छे भाग्न सक्दैन र उसको अगाडि जस्तो जीवन खडा हुन्छ त्यस्तै जीवन बाँच्न विवश हुन्छ भन्ने कुरालाई यँहा देखाउन खोजिएको छ । कोमलमानले अनुराधालाई माया गर्नु, अनुराधालाई भारतको विभिन्न अस्पताल, राँची सबै ठाउँमा लगेर उपचार गराएर ल्याउनु, रत्नमानको बेइज्जती, दाजु भाउज्यूको रिस सबैसित सामना गरी अनुराधाको बाबु लिन आएपनि सन्चो भएपछि सँगै ल्याउने आश्वासन दिइ अनुराधालाई आफ्नो साथमा राख्नु, भविष्यमा अनुराधा निको हुने आशामा प्रतीक्षामा रहनु कोमलमानको विसंगत जीवनको सूचक हुन् ।

## ३.५ निष्कर्ष

प्रस्तुत शोधपत्रको यस परिच्छेदमा *अनुराधा* उपन्यासको कथानकमा प्रयोग भएको अस्तित्ववादी चिन्तनको खोजी गरिएको छ । यस उपन्यासको कथावस्तुको विश्लेषण गर्ने क्रममा आदि, मध्य र अन्त्य भागका घटनाहरूमा विभाजन गरी त्यसमा प्रयोग भएको अस्तित्ववादलाई प्रस्तुत गरिएको छ । उपन्यासमा कथानकको प्रस्तुति व्यतिक्रम शैलीमा भएपनि यहाँ कथानकलाई रैखिक रूपमा राखेर अध्ययन गरिएको छ ।

यस परिच्छेदमा उपन्यासको आदि भागको घटनामा कोमलमान आमाको मृत्युपछि एकदम एक्लो भएको छ र एक्लोपनको कारण ऊ जीवनबाट पलायन भएको छ । मृत्युसँग नजिक हुन चाहने कोमलमानले मृत्युवरण गर्न सकेको पनि छैन र यसैका बीचमा बाँच्न पनि छोडेको छैन । मध्य भागको घटनामा अनुराधाको जीवनमा घटेका घटनाहरूले उसलाई बौलाही बनाएको छ । विक्षिप्त भएर बौलाही हुनु पनि अनुराधाको स्वतन्त्र निर्णयको परिणति हो । उपन्यासको अन्त्य भागको घटनामा कोमलमानले अनुराधालाई म तिमीलाई प्रेम गर्छु भनेर व्यक्त गर्न खोजेको छ र अनुराधा बौलाही भएका कारण आफ्नो भावना व्यक्त गर्न सकेको छैन । अनुराधा निको भए पछि आफ्नो भावना व्यक्त गर्ने प्रतिक्षामा कोमलमान रहेकोले यस घटनाले मान्छेको विसंगत जीवनलाई प्रस्तुत गरेको छ ।

समग्रमा *अनुराधा* उपन्यासको कथावस्तु अस्तित्ववादी विसंगतिवादी चिन्तनमा आधारित रहेको छ । यस उपन्यासका घटनाहरूले मान्छेको जीवनको विसंगतिवादी

नियतिलाई प्रस्तुत गरेको देखिन्छ । अनुराधा उपन्यासभित्रको कथाको सम्पूर्ण घटनाहरूलाई विश्लेषण गर्दा अस्तित्व स्वतन्त्रताको उपभोग गर्दाको आनन्द, अस्तित्व रक्षा गर्नको लागि गरेको विद्रोह र त्यसबाट प्राप्त भएको पीडा, जीवनमा एक्लोपनको बोध र त्यसबाट उम्कन गरिएका अनेक बाहाना, सुख प्राप्तिको खोजी र विसंगतियुक्त जीवनको यथार्थ जस्ता अस्तित्ववादी विशेषता पाइएको छ ।

# परिच्छेद चार

# *अनुराधा* उपन्यासको चरित्रमा अस्तित्ववाद

## ४.१ विषय परिचय

*अनुराधा* उपन्यासमा प्रमुख पात्रका रूपमा अनुराधा, कोमलमान र रत्नमानसिंह रहेका छन् भने सहायक पात्रका रूपमा कोमलमानकी आमा, समुन्द्रमान, रमा, हरि, अनुराधाका आमा, दिदीहरू एवं लुरे रहेका छन् । गौण पात्रका रूपमा शीला, कोमलमानकी भाउजू, दाइ, अनुराधाको बाबु आदि रहेका छन् ।

अस्तित्ववादको प्रयोगको दृष्टिले *अनुराधा* उपन्यासभित्र प्रयोग भएका सबै पात्रहरूको भूमिकालाई केलाएर हेर्दा विशेषतः प्रमुख पात्र अनुराधा, कोमलमान र रत्नमानसिंह र सहायक पात्र अनुराधाकी आमा र समुन्द्रमानलाई अस्तित्ववादी चिन्तनको अभिव्यक्तिको सशक्त माध्यम उपन्यासकारले बनाएको देखिन्छ । प्रस्तुत उपन्यासमा यिनै पात्रहरूको चारित्रिक विशेषता, संवाद, मनोवाद एंव जीवन दृष्टिमा अस्तित्ववादको प्रयोग भएको हुँदा यिनै पात्रहरू माथि केन्द्रित भई *अनुराधा* उपन्यासको चरित्रमा प्रयोग भएको अस्तित्ववादको विश्लेषण गरिएको छ ।

## ४.२ *अनुराधा* चरित्रमा अस्तित्ववाद

*अनुराधा* उपन्यासमा प्रमुख पात्रका रूपमा अनुराधा रहेकी छ । अनुराधाकै केन्द्रियतामा नै उपन्यासको सम्पूर्ण घटनाक्रम घटित भएका छन् । विशेषतः अनुराधा कै चरित्रको केन्द्रियतामा अन्य चरित्रको निर्माण एंव संयोजन भएको छ । उपन्यासको नाम अनुराधाबाट भएकाले पनि उसको चरित्र प्रमुख रहेको स्पष्ट हुन्छ । उपन्यासभित्र अनुराधाको चारित्रिक विशेषताहरूका आधारमा उसलाई उपन्यासकारले अस्तित्ववादी पात्रका रूपमा उभ्याउन खोजेको प्रष्ट हुन्छ ।

उपन्यासमा अनुराधा हठी, विद्रोही पात्रको रूपमा आएकी छ । अनुराधाको जीवनको सुरुवाती अवस्थामा स्वाबलम्बी, स्वाभिमानी, निडर, वैयक्तिक स्वतन्त्रतालाई बढि महत्त्व दिने, आफ्नै किसिमको व्यक्तित्व स्वत्व बोध जस्ता विशेषता भएकी उसको चरित्रमा स्वअस्तित्व प्रतिको मोह मुखरित भएको छ । आफ्नो इच्छा, रोजाइ र निर्णयभन्दा बढि

महत्त्वको कुरा केहीलाई पनि नमान्ने उसको स्वभावले नै उसलाई समाजका आम मान्छेहरूको बीचमा अलगको पहिचान भएको नारीको रूपमा देखाइएको छ । अनुराधाको यो पहिचानले मानिस त्यही हो जस्तो ऊ आफूलाई बनाउँछ भन्ने अस्तित्ववादी मान्यताको मर्म बोध गराउँछ । स्वयंमाथिको अधिकार प्राप्तिका लागि अनुराधाले जीवनमा गरेको संघर्ष, जीवनलाई भोग्ने उसको शैली तथा सुख दुःख, विक्षिप्तता आदिमा उसले व्यक्त गरेको विचारले उसको चारित्रिक विशेषता स्पष्ट पारेको छ ।

अनुराधा सुसम्पन्न व्यापारी परिवारको कान्छी छोरी पुल्पुलिएर हुर्केकी रूपा र सौन्दर्यले भरिपूर्ण थिइ । बाल्यकालमा बोडिङ्गको एक होनहार विद्यार्थी जसलाई शिक्षक शिक्षिकाहरूले अति सुन्दर, प्रिय मानेर काखमा राखेर म्वाइ खाने, खेलाउने गर्थे । अनुराधा भन्छे - त्यस बखतदेखि नै आफूलाई अरू आफ्ना सँगीसँगातीभन्दा विशेष श्रेणी अथवा भिन्नै 'केही हुँ' भन्ने लाग्दथ्यो (पृष्ठ ६९) । अनुराधा बाल्यकालदेखि नै अस्तित्व बोध भएकी नारी हो । उसमा अरूभन्दा भिन्दै हुँ, अरूभन्दा विशेष हुँ भन्ने भाव हुनुले अस्तित्ववादको मान्यतालाई दर्शाउछ । अस्तित्ववादले व्यक्तिमा 'स्व' वा म म नै हुँ, मेरो अस्तित्व अरूको भन्दा भिन्दै छ । म नै विशेष व्यक्ति हुँ अर्को कुनै होइन भन्ने चेतले व्यक्तिको स्वत्व बोधलाई प्रस्तुत गर्दछ । व्यक्तिको यही गुण नै वैक्तिकताको मूल्य हो । यही गुणले गर्दा नै ऊ सधैं अर्कोको लागि जिज्ञासाको विषय बनिरहेको हुन्छ । अनुराधा भन्छे - मेरो यौवनको प्रथम चरणमा जब म आफ्नो रूप र शरीरलाई हेर्थें, आफै मुग्ध भएझैं मोहित हुन्थे । त्यस्तो मेरो मनमोहक रूप र गठिलो पुष्ट शरीर थियो । त्यस बखत त्यसको अभिमान मलाई थियो, घमण्ड थियो । यही सौन्दर्य नै मेरो सर्वस्व झै त्यस बखत मलाई लाग्दथ्यो । त्यसैले स्वाभिमानिनी थिएँ, गर्विली थिएँ, हठिली थिएँ । तर यो अभिमानको आधार कस्तो मामुली जगमा खडा भएको थियो त्यस बखत मलाई चेत थिएन तर त्यस बखत त्यतिकै मेरो निम्ति सत्य थियो अरू सबै मिथ्या (पृ ७०) । अनुराधालाई आफ्नो सौन्दर्य, रूप प्रति घमण्ड थियो त्यसैका आधारमा नै उसको सौन्दर्य नै उसमा आत्मविश्वास जगाउने तत्त्व थियो । अनुराधाको दृष्टिकोणमा उसको सौन्दर्य नै स्वाभिमान, गर्व र हठिलो स्वभावको आधार थियो र उसका लागि त्यो नै सत्य थियो । अस्तित्ववादीले व्यक्ति नै सत्य हो, व्यक्तिको दृष्टिकोणमा नै सत्य निर्धारण हुन्छ र व्यक्तिको अनुभव वा विचारले स्वीकारेको सत्य नै यथार्थका सत्य हुन्छ भन्ने कुरालाई व्याख्या गर्दछन् ।

अनुराधा १८ वर्षमा दार्जिलिङबाट सिनियर केम्ब्रिज पास गरेर घर आएपछि आमाले पढाइ छुटाएर विवाह गरिदिन चाहे पनि मान्दिन । यसै सन्दर्भमा अनुराधाले भनेकी छ - आमाहरूले मेरो पढाइ छोडाई, बिहे गरिदिने विचार गर्नुभएको थियो, तर मैले अस्विकार गरेकी थिएँ (पृ ७४) । अनुराधा स्वतन्त्र चाहने नारी हो । उसले आफ्ना लागि निर्णय आफै गर्दछे । अरू कसैको दबाब आएर वा अरू कसैको दबाबमा नपरी आफ्नो लागि के ठीक हो सोही गर्ने स्वतन्त्र चरित्रकी नारी अनुराधा हो । अस्तित्ववादका अनुसार व्यक्ति स्वतन्त्र चाहने खालको हुन्छ र आफ्नो लागि निर्णय गर्न स्वतन्त्र हुन्छ । लखनउमा पढ्न गएकी उसको आकर्षक व्यक्तित्वले निकै चर्चा पाउनु, कलेज र नेपाली छात्र परिषद्का केटाहरू उसलाई देखेर भुतुक्क हुनु, रूपले ठगिएकी साथी रमाले पनि उसको रूप सौन्दर्यको प्रशंसा गर्नुका साथै भित्रभित्रै ईर्ष्यालु बनेका प्रसङ्गले अनुराधामा आफू अरूभन्दा विशेष हुँ भन्ने भावना झन् प्रबल भएको देखिन्छ । यसै सन्दर्भमा अनुराधा भन्छे - त्यहाँ पनि, म एक प्रकारले आत्माभिमानको घेराभित्रै रहिरहें । कुनै पुरुषको अनुरागकी पात्री बन्न मन्जुर गरिनँ । त्यस बखत पनि आत्मसमर्पण गर्न सकिनँ (पृ ७७) । अस्तित्ववादी मान्यताअनुसार मानव अस्तित्वशील प्राणी हो । ऊ चेतनशील प्राणी भएको हुनाले उसमा 'आफू छु' भन्ने कुराको बोध हुन्छ । अरूभन्दा म विशिष्ट हुँ भन्ने चेतना रहेकाले आफ्नो अस्तित्वको ज्ञान उसलाई हुन्छ । अस्तित्वको ज्ञान अनुराधामा रहेको पाइन्छ । आफ्नो अस्तित्वको अगाडि अरू कसैलाई स्वीकार नगर्ने प्रवृत्ति उसमा रहेको देखिन्छ । उसको सौन्दर्य बोध नै अस्तित्वको कारण भएकोले गर्दा अनुराधाको यस अवस्थासम्म ऊ अस्तित्वशील, स्वतन्त्रताप्रति लगाव भएकी, स्वतन्त्र निर्णय लिन सक्ने चरित्रको रूपमा प्रस्तुत भएकी छ ।

अनुराधाको जीवनमा एकाएक त्यस्ता घटनाहरू घट्दछन् जसले उसको जीवन जिउने तरिका, सोच्ने क्षमता तथा जीवनप्रतिको दृष्टिकोणमा नै परिवर्तन आउँदछ । ऊ लखनउमा रहेकी बेला उसकी आमा र दिदीहरू मिलेर ऊ विरुद्ध षडयन्त्र गरी आमा सिकिस्त बिरामी भएको झुटो खबर पठाई घर बोलाइएको घटनाबाट यसको जीवनमा आफन्तबाट नै गम्भिर संकट सुरु गरिएको छ । अनुराधा भन्छे - 'ठीक हो जीवनको अर्थ सप्रनु मात्र पनि त हैन, बिग्रनु, भत्कनु पनि त हो, सुख दिनु र पाउनु मात्र पनि त हैन, कष्ट दिनु र कष्ट पाउनु पनि त हो । म यसकै निमित्त जन्मेकी रहिछु, बनेकी रहिछु किन यसैमा नहाँसूँ ' (पृ ७७) । त्यस्तै अनुराधा भन्छे - 'म कहिलेकाँही मर्न चाहन्छु र आफूलाई

स्वात्त मेटेर जान चाहन्छु तर मलाई बाँच्नुपर्छ, जिन्दगीको अन्तिम घडीसम्म पनि बदला लिनैपर्छ '(पृ ७७) । अनुराधाको भनाईबाट अस्तित्ववादको स्वर टड्कारो रूपमा देखिएको छ । अस्तित्ववादले मान्छेलाई दुःखी प्राणीको रूपमा लिएको छ । मान्छेले जीवनमा आफूले चाहेको कुरा हुन सक्नु वा नसक्नु एकातिर छ भने त्यो चाहना जुनसुकै समयमा जे पनि भैदिन सक्छ र मान्छेले त्यस्तो परिस्थितिलाई आफ्नो ठानेर स्वीकार गर्नुपर्ने हुन्छ । त्यसैले अस्त्विवादीहरू मान्छेको नियति नै दुःखी देख्छन् । मान्छेको नियति नै दुःखी हुँदाहुँदै पनि यसलाइ स्वीकार गरी यसैमा खुसी खोज्नु नै मान्छेको अस्तित्व हो । उनीहरूका भनाइमा मान्छेको जीवन सत्य नै मृत्यु हो र जीवन सँगसँगै मृत्यु पनि आएको हुन्छ । न चाहेर मान्छे मृत्युवरण गर्न सक्छ न चाहेर नै यसबाट भाग्न सक्दछ । मृत्यु नै सत्य हो भन्ने जान्दा जान्दै पनि ऊ बाँच्न चाहन्छ । आफ्नो चाहना पूरा गर्न चाहन्छ । आफ्नो अस्तित्वको लागि जीवन रहेसम्म संघर्ष गरिरहन्छ ।

षडयन्त्र गरी अनुराधाको स्वंयवरलाई गुह्येश्वरीको मन्दिरमा पूजा गर्ने भनेर अनुराधालाई त्यही रोकेकी आमाले पुरानो ढाँचाको सोह्र श्रृङ्गार गर्न आग्रह गर्दा त्यसलाई अस्वीकार गरेको कुरा यहाँ उल्लेख गरिएको छ । यस सन्दर्भमा अनुराधाले मलाई त्यस प्रकारको परम्परावादी प्राचीन फेशनमा रुचि नै थिएन । यसैले मैले पुराना गहनाहरू केही पन लगाइनँ । एक जोडा टप जो लगाइन्थे त्यही लगाएँ । सेतो साडी जो मेरो जीउलाई अत्यन्त सुहाउँथ्यो पनि, त्यही बेह्रें, गएँ (पृ ८०) भन्ने भनाइबाट के पुष्टि हुन्छ भने अनुराधा परम्परागत सोचसँग विद्राह गरी परम्परागत मूल्य मान्यतालाई नमान्ने खालको चरित्र भएकी पात्र हो । आफूलाई जे गर्न मन पर्छ त्यही गर्ने स्वभाव भएकी स्वच्छन्द, स्वतन्त्र खालकी नारी रहेकी हुँदा ऊ परम्परालाई त्यति महत्त्व नदिने पात्रकी रूपमा यहाँ देखिएकी छ । अस्तित्ववादमा परम्परित मूल्य मान्यता भन्दा व्यक्तिको इच्छा, स्वतन्त्रतालाई महत्त्व दिईन्छ र व्यक्ति नै केन्द्रमा रहने गर्दछ । उपन्यासको अर्को एक ठाँउमा अनुराधाले भनेकी छ - एक आइमाईको, सम्पूर्ण मानवीय स्वतन्त्रतामाथि आघात परिरहेको थियो, एक आइमाईको अनिच्छापूर्वक बलात्कार भइरहेको थियो, एक आइमाईको अस्तित्वलाई जबर्जस्ती कुल्चेर प्राणहीन बाटो बनाउने कोशिश भइरहेको थियो (पृ ८४) ।

म त्यसैले केही गर्न चाहन्थें, भताभुङ्ग पार्न चाहन्थें, मार्न र मर्न चाहन्थें । मेरो यो अन्तिम घडी थियो । यसमा मैले चुकें कि जिन्दगीभरलाई चुक्तछु भन्ने ख्याल थियो

(पृ ८३) । यी भनाइहरू अनुराधाले आफ्नो स्वयंवर भन्ने थाहा पाएपछि उसका मनमा आएका भावनाहरू हुन् । अस्तित्ववादमा नारी पुरुषलाई व्यक्तिको रूपमा नै मानेको छ । व्यक्ति सत्ता नै अस्तित्वको तत्त्व हो । व्यक्तिको स्वतन्त्रतामाथि आघात, उसको इच्छा विपरीत बलात्कार र अस्तित्वलाई जबर्जस्ती कुल्चेर अस्तित्व हीन बनाउने प्रयास भएको कुराले व्यक्ति अस्तित्वमाथि संकट भएको देखाइएको छ । अनुराधा आफ्नो अस्तित्वमा प्रहार गर्दा उसमा आएको मनोभावनामा त्यसप्रति विद्रोहको स्वर प्रस्फुरित भएको छ तर व्यक्त हुन सकेको छैन । त्यस प्रयासका विरुद्ध केही गर्न चाहने र सो समय नै उसको अन्तिम समय हो भन्ने उसलाई ख्याल रहेको छ । अस्तित्ववादमा व्यक्तिले निर्णायक घडीमा सही निर्णय गर्न कुनै हालतमा पनि चुक्न नहुने कुरालाई महत्त्वका साथ उठाइएको छ । आफ्नो अस्तित्वमाथि भएको प्रहारलाई रोक्न संघर्ष गर्नुपर्छ भन्ने बोध सँगसँगै अस्तित्व जोगाउनको लागि जस्तोसुकै परिस्थितिको पनि सामना गर्न सक्ने, आफूले गरेको कार्यको परिणाम पनि आफूले नै भोग्नुपर्छ भन्ने ज्ञान अनुराधामा रहेको छ । अस्तित्ववादी मान्यता अस्तित्व रक्षाका लागि व्यक्ति स्वंय तत्पर हुनुपर्दछ, उसको रक्षाका लागि जस्तो कार्य गर्दछ त्यसको फल पनि आफै नै प्राप्त गर्दछ भन्ने कुरालाई प्रष्ट गर्दै अस्तित्व प्राप्तिको लागि संघर्ष गर्नुपर्दछ भन्ने भाव यसमा व्यक्त भएको छ ।

"दिदीले हातमा लिइराखेको थलियाको मालालाई फुत्त थुते त्यही पुरुषको सामुन्ने दुवै हातले चुँडालेर धुज्याएर हुर्याइदिएँ र वेगले त्यस ठाउँबाट निस्किदिएँ (पृ ८४) " अनुराधाको आफ्नो अस्तित्वको लागि संघर्ष यस भनाइबाट स्पष्ट हुन्छ । आफ्नो अस्तित्वको ज्ञान भएकी आटिली, स्वाभिमानी चरित्रकी अनुराधाले आफ्नो जीवनको महत्त्वपूर्ण निर्णय गरेकी छ । प्रत्येक व्यक्ति आफ्नो बारेमा सोच्न, निर्णय गर्न र जीवनमा आफ्नो कर्म रोज्न पूर्ण स्वतन्त्र छ र हरेकलाई आफ्नो अस्तित्वको स्वतन्त्रताको भोग गर्ने अधिकार छ । निर्णय गर्ने अधिकारमाथि अरू कसैको हस्तक्षेप स्वीकार्य हुँदैन । यहाँ अनुराधाले आफ्नो अस्तित्वमाथि गरेको प्रहारलाई प्रतिकार गरी अस्तित्व जोगाउन विद्रोह गरेकी छ । उसले स्वयंवरको माला रत्नमान र पुरै समाजको अगाडि चुँडालेर आफ्नो रक्षार्थ विद्रोह गरेकी छ । यसले अनुराधामा भएको एअस्तित्व चेतलाई देखाएको छ साथै आफ्नो स्वतन्त्र निर्णय गर्ने अधिकारको प्रयोग गरेकी छ । यस निर्णयको परिणति के हुन्छ भन्ने नसोची आफ्नो अस्तित्वलाई केन्द्रमा राखेकी छ । यही निर्णयको परिणाम नै अनुराधाको जीवनको

विक्षिप्तताको कारण रहेको र यसबाट नै जिन्दगीमा दुःख भोग्नुपरको छ । अस्तित्ववादको प्रमुख मान्यता नै अनुराधाको सो कार्य जसले संघर्ष, विद्रोह र स्वतन्त्र निर्णयलाई प्रस्तुत गरेको छ । उपन्यासको प्रमुख संघर्ष साथै अनुराधाको अस्तित्व संघर्ष पनि यही विद्रोहबाट सुरु भएको छ ।

अनुराधा भन्छे - मेरो व्यक्तित्वको बनावट, मेरो शिक्षा-दीक्षा, मेरो स्वच्छन्दप्रिय चरित्रको ख्यालै गर्न सकेनन् जो मेरो मूल्यवान् सम्पत्ति थियो । दोस्रो, मेरो स्वीकृति-अस्वीकृति, मेरो रुचि-अरुचि, मेरो प्रेम र घृणा आदि भावका महत्त्व नै सम्भन सकेनन् जुन मेरो प्राण थियो (पृ ८६) । उपर्युक्त भनाइमा अनुराधाको चारित्रिक विशेषता प्रष्ट देखिएको छ । अस्तित्ववादी मान्यतामा व्यक्तिको सत्ता नै मूल तत्त्व हो । व्यक्ति नै सर्वेसर्वा रहेको हुन्छ । व्यक्तिभित्र हुने स्वच्छन्द, स्वतन्त्र र उसभित्रको व्यक्तित्व नै अस्तित्वको सूचक हुन् । मान्छे अस्तित्वशील प्राणी भएकाले उसलाई आफू हुनुको ज्ञान रहन्छ । तर व्यक्तिलाई आफूले मात्र बुझेको हुन्छ न कि अरू कसैले । व्यक्तिको प्रकृति यही नै हो भनेर कसैले पनि बुझ्न सक्दैन किनकि यसको परिभाषा नै हुँदैन । व्यक्ति सधैं नै एउटा बनिरहने क्रममा रहेको हुन्छ । ऊ कहिल्यै पनि पूर्ण हुँदैन । यही अस्तित्ववादी मान्यतालाई यसमा देखाउन खोजिएको छ । अस्तित्ववादी पात्रका रूपमा यस भनाईले अनुराधालाई पुष्टि पनि गरेको छ ।

अनुराधाले आफ्नो विगत सम्झदै कोमलमानलाई भन्छे - कति चाडो जीवनमा उलटपलट आउँछ ? मानिस के बाट के भइसक्छ ? सोचेको, ठानेको सब सिलसिला भङ्ग भएपछि अन्जान, डरलाग्दो अन्धकार, सूनसान गल्लीबाट एक्लै हिडेजस्तो, फेरि जताततै बाट आफूलाई कसैले लखेट्तै आइरहे जस्तो भान भइरहन्छ । म त्यस्तै भइछु (पृ ८९) । प्रस्तुत भनाईबाट अनुराधामा भएको अस्तित्ववादी मान्यतालाई उजागर गरेको देखिन्छ । अस्तित्ववादका अनुसार मानव जीवन निस्सार, निरर्थक तथा विसंगतपूर्ण रहेको छ । मान्छे आफ्नै स्वभावका कारण जीवनमा विसंगति बोधको पीडामा पर्न पुग्दछ । मान्छे यथार्थमा दुःखी प्राणी हो तर ऊ खुसी बन्न खोज्छ । उसको जीवनको प्रत्येक अर्को क्षण उसले नसोचेको परिस्थितिको सामना गर्नुपर्ने स्थिति आइपर्न सक्छ तर त्यस्तो क्षणमा नपुगुन्जेल ऊ त्यो कुराको कल्पना पनि गर्न सक्दैन । मान्छे जीवनमा कतिपय समयमा अरूको कारणले गर्दा आफू विपद्को अवस्थामा पर्न गएको हुन्छ उसलाई थाहा नै हुँदैन । त्यस्तै गरी जीवनमा उसको आँखा अगाडि आफ्ना इच्छाहरू नष्ट भएको देख्नुपर्छ तर त्यसलाई

रोक्न ऊ आफू केही गर्न सक्दैन । हरेक मान्छेको लागि जीवनको सबैभन्दा असहनीय विसंगत यथार्थ त के भने उसले आफूले अत्यन्त माया गरेर राखेको आफ्नो शरीरलाई कुनै एउटा क्षणमा आएर अचानक मृत्युले निर्जीव वस्तुमा परिणत गरिदिन्छ भन्ने ज्ञानलाई अगालेर जीवनमा बाँच्नुपर्छ । मृत्यु सत्यले व्यक्तिको जीवनको सबै ईच्छाहरू एकाएक मिथ्यामा परिणत गरिदिन्छ भन्ने कुरा जानेर पनि मान्छे बाँचुन्जेल मनमा ईच्छा साचिरहन्छ र त्यसको प्राप्तिका लागि कर्म गरिरहन्छ । जीवनको यथार्थ र मान्छेको स्वभाव परस्परमा पनि अमिल्दो छ । हरेकका लागि विसंगतिबोधको पीडा जीवनको अभिन्न अङ्ग बनेको हुन्छ ।

उपन्यासमा अर्को एक ठाउँमा अनुराधा भन्छे - मैले त्यसै गर्नुपर्थ्यो, जसबाट म आफ्नो सत्तालाई राम्ररी कायम गर्न सक्दथें र आत्मतृप्ति पनि पाउथें । बर्बाद भएकी भए पनि आफ्नै इच्छाको त्यो प्रतिफल हुने थियो, आफ्नै कार्यको परिणाम (पृ ९१) । यस भनाईमा अस्तित्ववादको मान्यता वरणको स्वतन्त्रता र त्यसप्रति उत्तरदायित्व पनि हुने कुरालाई प्रस्तुत गरिएको छ । हरेक मान्छेको अवस्था यथार्थमा उसैको स्वतन्त्र निर्णयको परिणति हो भन्ने अस्तित्ववादीहरूको भनाइ छ । आफू आफ्नै स्वतन्त्र निर्णयको परिणति भएको कारण हरेक मानिसमाथि उसको आफ्नो अवस्थाप्रतिको गहन उत्तरदायित्व पनि रहेको हुन्छ । अनुराधा आफ्नो अस्तित्वको लागि वरणको स्वतन्त्रता र त्यसप्रति उत्तरदायित्व भएको कुरा उसको यस भनाइबाट पुष्टि भएको छ । यस्तै भाव दिन उपन्यासको अर्को ठाउँमा भनेकी छे - यस्तो मनोभावको एक चोटि धारा छुटेपछि अन्त्यसम्म नपुगि यसले कहाँ छोड्थ्यो । यसको जुनसुकै परिणाम किन नहोस् यसलाई भोग्न म राजी थिएँ (पृ ९४) । अनुराधाको रत्नमानसँग बिहे भएको भनि प्रचार गरी विधिवत् रूपमा बिहे भएको भन्ने गराउनको लागि विभिन्न षडयन्त्र गरिन्छ । यसै सन्दर्भमा अनुराधा भन्छे - धार्मिक अनुष्ठानबाट विवाह भए पनि के हल्लाखल्लाले ‘होइन’ भन्ने सावित गर्न सकिन्न ? के मेरो वैयिक्तक अधिकारले यी सब चकनाचूर भएर ध्वस्त हुन सक्दैनथ्यो ! सक्थ्यो । र म त्यसै गर्न पनि चाहन्थें । र गरि पनि छाड्थें । मलाई राक्ने संसारमा कुनै शक्ति पनि थिएन (पृ ९४) । उपन्यासको अर्को ठाउँमा अनुराधा भन्छे - समाजलाई एक्लो व्यक्तिको विरोधको कुनै चासो थिएन ? मेरो एक्लो अस्तित्वको चिच्याहट कसले सुनिदेओस् ! आखिर मेरो स्वीकृति-अस्वीकृतिको, रुचि-अरूचिको, प्रेम-घृणाको कसैले वास्तै गरेनन्, मानो म चेतनशील प्राणी नै थिइनँ, म त्यस्तो बाँदर्नी थिएँ, जसलाई चटकेले जे नाच नचायो, त्यही नाच नाच्तछु (पृ ९३) ।

मानो म केही गर्न नसक्ने त्यस्तो अबला भोक्ता नारी हुँ, जो जे माग्यो त्यही गर्दछे, जे नाच नचायो त्यही नाच चाच्तछे । मेरो आत्माभिमान एकैचोटी फुंकार गरेर उठिहाल्यो - म रणचण्डिका भइहालें, अग्निस्फुलिंग भैंं जल्न थालें र कोठामा घुसारिराखेको चम्किलो छुरीलाई स्पर्श गरें । त्यसैको म हत्या गर्छु र यसको बदला चुकाउछु । मैले तत्क्षणै सङ्कल्प गरें (पृ ९९) । अनुराधामा क्षणको महत्त्व रहेको कुरा उपर्युक्त भनाइले प्रष्ट पार्दछ । अस्तित्ववादमा क्षणलाई महत्त्वपूर्ण रूपमा मानिने गरिन्छ । व्यक्तिको जीवनमा क्षणको महत्त्व हुने र क्षण नै त्यस्तो शक्ति हो जसमा व्यक्तिले आफूलाई प्रमाणित गर्ने निर्णय गर्दछ । मान्छेले क्षणमा नै विद्रोह गर्न सक्छ र क्षणमा नै निर्णय गरी आफ्नो अगाडिको जीवनमा अझ सुन्दर बनाउन सक्छ । क्षणमा गरिएको उसको इच्छा पूरा गर्न सक्छ । अनुराधाले क्षणमा सङ्कल्प गरेर आफ्नो अस्तित्व कुल्चने व्यक्तिलाई मारेर बदला लिने निर्णय गर्दछे ।

रत्नमानलाई उसको घर गई उसलाई मार्न नसकि एक रात त्यही बितेपछि अनुराधा अनुराधाबाट श्रीमती अनुराधा बन्दछे । मिथ्या प्रचार गरेका कुरा आफैबाट सत्य सावित भएपछि अनुराधाले भनेकी छ - मैले आफूलाई मारिदिएँ, मेरो अस्तित्व, मिथ्यामय हुन गयो (पृ १०७) । अनुराधा अस्तित्व चेत भएकी नारी भएपनि उसका क्रियाकलापले नै उसलाई अस्तित्वहीन भएको जस्तो बनाएको छ । उपन्यासमा अनुराधा यस समयमा विसंगतिवादी चरित्रको रूपमा आएकी छ । उसले चाहेको एउटा कुरा छ तर त्यसको बदलामा अर्कै कुरा भइदिन्छ । अस्तित्ववादी मान्यतामा विसंगति, शून्यता, निराशा प्रमुख अङ्गका रूपमा आएका हुन्छन् । अनुराधाले यस समय आफूलाई मरेतूल्य पाएकी छे । उसले जीवनमा जुन अस्तित्वलाई सत्य मान्थी त्यही नै मिथ्या भएर उसको अगाडि आएको छ । उसले नचाहेर पनि यसलाई स्वीकार गरेकी छ । आफूलाई शून्यता, निराशामा धकेलि विसंगत जीवनप्रति कदम चालेकी छ । मान्छेको नियति दुःखपूर्ण छ भन्ने अस्तित्ववादी मान्यता यहाँ देखिएको छ ।

अनुराधाको जीवनमा अतितमा अस्तित्ववादी चरित्रकी रूपमा प्रस्तुत भएपनि वर्तमान समयमा भने विक्षिप्त भएर जीवन बाँच्नुपर्ने अवस्थामा रहेकी पात्रका रूपमा उपन्यासकारले प्रस्तुत गरेका छन् । आफूलाइ यो अवस्थासम्म पुऱ्याउने मानिसलाई बदला लिने क्रममा नै उसको अस्तित्व नै समाप्त हुँदै गर्दा पनि अस्तित्वकै लागि बदला लिने कुरा

बिर्सन सकेकी छैन । बदलाकै कारण पागल हुदा पनि उसमा अस्तित्ववादी चिन्तन देखिएको छ । विसँगत जीवन बाँचेकी अनुराधा विसँगतिवादी-अस्तित्ववादी मान्यतालाई अन्तिम समयसम्ममा पनि अँगालेर बाँचेकी छ । नयाँ जीवन बाँच्ने सोच मनमा उब्जिएको छ र त्यस जीवनको भोग गर्न नपाई उसलाई विक्षिप्त हुनु परेको छ । मान्छेको जीवन नियतीलाई अनुराधाको चरित्रबाट पनि पुष्टि गरेको पाइन्छ । मान्छेको नियति नै दुःखै दुःखले भरिएको हुन्छ । यसबाट चाहेर पनि मान्छे निस्किन सक्दैन र जस्तो नियति छ त्यस्तै भोग्नुपर्दछ भन्ने अस्तित्ववादी मान्यता यसको चारित्रिक विशेषतामार्फत उपन्यासकारले प्रस्तुत गरेका छन् ।

## ४.३ कोमलमान चरित्रमा अस्तित्ववाद

*अनुराधा* उपन्यासको कोमलमान पात्र प्रमुख पुरुष पात्र हो । उपन्यासकारले उपन्यासमा कोमलमानलाई आन्तरिक प्रथम पुरुष दृष्टिबिन्दु को रूपमा उभ्याएका छन् । उपन्यासमा व्याख्याता कोमलमान भएको र उपन्यासको सम्पूर्ण पक्षलाई कोमलमानले दृश्यात्मक पद्धतिका रूपमा प्रयोग गरेको छ । उपन्यासमा कोमलमानले आफ्नो र अनुराधाको दुवैको कथानक नाटकीय शैलीको उपयोग गरी भनेको छ । उपन्यासकारले कोमलमानको जीवन, उसको भोगाइ तथा अनुभव र जीवनप्रतिको दृष्टिकोणलाई उसको चारित्रिक विशेषताका रूपमा प्रस्तुत गरेका छन् साथै यसैका आधारमा अस्तित्ववादी पात्रको रूपमा पनि प्रस्तुत गर्न खोजेका छन् ।

कोमलमान काठमाडौंको मध्यम वर्गीय परिवारको २९ वर्षीय युवक हो जो सानैबाट आमाको नजिक र उमेर पुगेपछि पनि आमाकै लालनपालनमा रहेको थियो । आमाको मृत्युपछि कोमलमानलाई एकलकाँटे वा पलायनवादी चरित्रको रूपमा प्रस्तुत गरिएको छ । उपन्यासमा कोमलमानको सुरुवाती अवस्थामा विसंगत जीवन बाँचिरहेको चरित्र भनेर चिनारी दिइएको छ । एक्लो मानिसलाई आफ्नो एक्लोपनको बोझ धान्नलाई कत्रो विशाल बडेमानको छातिको आवश्यकता पर्छ, यिनीहरूलाई के पत्तो ? ( पृ १६)

स्वयंलाई पुछिदिने भावना मनभित्र रन्किसकेको थियो । मेरो उदासीनता र निस्पृहताको परकाष्ठा थियो । तर तै पनि म बाह्य रूपले निश्चिन्त झै देखिन्थे - गम्भीर र कठोर (पृ १६)

उमेर पुगेपछि पनि म आमाबाट कहिल्यै पृथक भएको थिइनँ, तर जब उहाँको देहवसान भयो, म एक्लिए ( पृ २२) ।

अस्तित्ववादी मान्यतामा मान्छेलाई एकाकीपनको बोध हुनु यसको विशेषता मानिन्छ । मानिस जीवनमा सधैँ एक्लो हुन्छ, मान्छे जन्मिदा नि एक्लै जन्मिन्छ, एक्लै बाँच्दछ र मृत्यु पनि एक्लै हुन्छ । जीवनको प्रमुख पीडा भन्नु नै एक्लोपन हो । मान्छे एक्लोपनको कारण नै दुःखमा रहेको हुन्छ । यही एक्लोपनको पीडा कोमलमानको चरित्रमा देखिएको छ ।

अनुराधासँग भेट हुनुपूर्व र पछि कोमलमानको चरित्रमा फरक आएको पाइन्छ । कोमलमान विसंगत, निरर्थक, निस्सार, निराश जीवन बाँचेको पात्रको रूपमा उपन्यासमा आएको छ । उसको मृत्युप्रति विशेष आकर्षण देखाउने प्रवृत्ति रहेको छ । म आफ्नो अन्त्यलाई पर्खिरहेको थिएँ (पृ १६) ।

बाघ, मेरो निम्ति एक प्राप्तिको वस्तु भइरहेको थियो, न कि शिकारलाई, बरु आफ्नो समाप्तिलाई । बन्दुक मेरो निम्ति कुनै हतियार थिएनँ आफ्नो रक्षा गर्न र शिकार खेल्न, बरु आफ्नो मृत्युका निम्ति आकर्षक चुम्बक (पृ १४) । अस्तित्ववादमा मान्छे एक अन्त्यको नजिकमा बाँचिरहेको हुन्छ । जुन अस्तित्व मान्छेको रहेको छ त्यो अस्तित्व जतिबेला पनि समाप्त हुने कुरालाई यसमा उजागर गरिएको पाइन्छ । हाइडेगरका भनाइअनुसार मृत्यु नै यस्तो एउटा सम्भावना हो जुन नितान्त व्यक्तिगत हुन्छ र जसले प्रत्येक व्यक्तिलाई अर्को व्यक्तिबाट पृथक गरिदिन्छ र यसरी व्यक्ति आफूलाई एक्लो भएको पाउँछ । त्यो एकान्तपनको बोध व्यक्तिको लागि छनोटको स्वतन्त्रता र उत्तरदायित्वप्रतिको सचेतता बन्न पुग्दछ । कोमलमानले मृत्युलाई रोज्नु नै उसको छनोट स्वतन्त्रता हो ।

काठमाडौंबाट तराईको गाउँमा आएपछि कोमलमान झन् एक्लिदै गएको कुरालाई प्रस्तुत गर्दै उसले भनेको छ - मेरो एक्लोपनले जीवनलाई अधुरो बनाएझैं मलाई यसैले भित्रभित्रै बिस्तारै खाँदै गइरहेको थियो (पृ १२) ।

म खाली मनुष्य हुँ ? मेरा सम्बन्धको घेरा मै हुँ (पृ १३) ।

खाली एक कृत्रिम बुँख्याचा थिएँ जो जमिनको माझमा बसेर सबलाई तर्साइरहन्छ, तर आफ्नो स्वत्व केही थिएनँ (पृ १४) ।

कोमलमानको भनाईबाट अस्तित्ववादी चिन्तन प्रकट भएको देखिन्छ । अस्तित्ववादमा व्यक्ति सत्ता नै अस्तित्व हो जसमा 'म हुनु' को बोध रहेको हुन्छ । व्यक्ति नै

सत्य हो र सत्यको आधार नै व्यक्ति हो । कोमलमानलाई म मनुष्य हुँ र मेरा सम्बन्धको घेरा मै हुँ भन्ने कुराको ज्ञान राम्रोसँग भएको पाइन्छ । उसले जंगलकिनारमा भोगेको अनुभव, बाँचेको जीवनले नै उसका लागि आफू हुनुको ज्ञान जगाएको छ । उसमा आफ्नो सत्ता भन्दा अर्को सत्ता छैन भन्ने कुराको बोध रहेको छ । ऊ यसैमा नै आफ्नो अस्तित्वको महत्त्व रहेको राम्ररी बुझेको छ । अस्तित्ववादमा व्यक्तिको अस्तित्वलाई नै मूल आधार मानिन्छ । कोमलमानमा भएको अस्तित्व बोधले ऊ अस्तित्वशील प्राणीको रूपमा चिनाएको पाइन्छ । कोमलमान विसंगतिवादी अस्तित्ववादी चिन्तन भएको पात्रको रूपमा पनि उपन्यासकारले उपन्यासमा प्रस्तुत गरेका छन् । कोमलमानमा व्याप्त विसंगति, निराशा, दिशाविहिन जीवनशैली, उद्देश्यविहिन यात्राले विसंगति बोधलाई प्रष्ट गर्ने काम गरेको छ । उपन्यासको एक ठाउँमा कोमलमानले भनेको छ - यसै जङ्गलकिनारको जमीन्दारी सम्हाल्ने बहानामा, निष्प्राण मनुष्यझैं किन जीवन व्यतीत गरिरहेछु ? म खेतमा निरन्तर एकै प्रकारका बाली उम्रेझैं, उम्रिरहन्छु, झर्दछु, मर्छु र एक दिन नामेट भएर जान्छु । म यही हुँ (पृ ४५) ।

व्यापक उदासीनताले सम्पूर्ण ढाकेको मानसिकता थियो । यसलाई म वैराग्यले खिचेको अवस्था पनि भन्न सक्तिन, म वैरागी थिइन, म बगिरहेकै थिएँ, तर पानीको मूल सुक्तै गैरहेझैं म भित्रभित्र झिनो हुँदै गैरहेको थिएँ (पृ १९) ।

म रेलको पटरीबाट बराबर गुज्रँदा र सडकका दुवै किनारमा जुगौंदेखि उभिएका आँपका मसलदार ठूलाठूला झाँगिएका गाछीहरू देख्ता, अक्सर यस्तो अनुभव गर्थे कि मेरो अस्तित्वको स्वरूप पनि यिनीहरूको भन्दा पृथक छैन, फरक यत्तिकै छ कि यसको गतिको सीमा थोरै छ, मेरो केही अधिक (पृ १८) ।

उपर्युक्त भावहरूमा विसंगतिवादी-अस्तित्ववादी दृष्टिचेत रहेको देखिन्छ । विसंगत जीवनको यथार्थ नै अस्तित्ववादको एक विशेषता हो । मान्छेको जीवन विसंगत रहेको छ । विसंगतिकै कारण मान्छे दुःखमा परेको हुन्छ । दुःख नै उसको जीवनको अपरिहार्य तत्त्वको रूपमा रहेको हुन्छ । मान्छेको जीवन हरेक दुःखकष्ट बेहोर्दै आफ्नो जिन्दगी अगाडि बढाएको हुन्छ । जीवन जिउने क्रममा ऊ हरेक तरहले बाहना बनाएर उसको सामु खुसी देखाए पनि उसको वास्तविक सत्य बेग्लै हुन्छ । मान्छेको जीवन सत्य नै मृत्यु हो । मृत्युसत्यलाई

स्वीकार्दै मान्छेले जीवन बाँच्ने गर्दछ । उसमा अस्तित्वको बोध हुन्छ तर पनि विसंगतिले व्याप्त जीवनमा अस्तित्ववादी भन्दा विसंगतिवादी दृष्टि हाबी भएको हुन्छ ।

कोमलमान तराइको जंगल छेउमा आइ बसेर मानव जीवनको विसंगत नियति भोगिरहेको छ । ऊ निष्प्राण मान्छेभ्कैं भएर आफ्नो जीवनको विसंगत नियति भोगेको छ । आफ्नो अस्तित्व नै विसंगतिमा धकेलेर निरर्थक, निस्सार जीवन बाँचेको छ जुन दुःखै दुःखले भरिपूर्ण रहेको छ । अपरिभाषित जीवन र प्रयोजनशून्य यो संसारमा मान्छे एक्लै छ र उसले एक्लैमा नै आफ्नो जीवनलाई अर्थ दिने गर्दछ । कोमलमानको लागि विसंगत जीवन नै उसको अस्तित्वको रूपमा रहेको छ । उसले पानीको मूल सुक्दै गैरहेभ्कैं, जुगौंदेखि उभिएका आँपका रुखहरू भनि आफ्नो विसंगत जीवनको अस्तित्वलाई दाजेर आफूलाई त्यस्तै हुँ भनि प्रस्तुत गरको छ । मान्छे निरन्तर एक प्रकारले जीवन त बाँचिरहेको हुन्छ तर ऊ भित्रको अस्तित्व नै भ्किनो भैरहेको पनि हुन्छ भन्ने कुरालाई यी माथिका भावमा व्यक्त गरेको पाइन्छ । कोमलमानमा मानव नियति यतिसम्म व्याप्त छ कि उसमा कुनै पनि कुराको उद्देश्य, इच्छा, आकांक्षा केही पनि पाइदैन । उसको जीवन एकतमासले चलिरहेको छ र त्यही लयमा नै चल्छ त्यसमा कुनै कुराको गति भने पाइदैन । उसले आफूलाई खेतको एकै प्रकारको बाली उम्रेभ्कैं, त्यसैमा उम्रिरहने, भ्कर्ने, मर्ने र एक दिन अस्तित्व नै नरहने कुरा व्यक्त गर्दै आफ्नो अस्तित्वको परिचय दिएको छ । उसमा कुनै पनि प्रकारको संघर्ष जसले मान्छेको अस्तित्वलाई जोगाउनको लागि गर्नुपर्दछ त्यसप्रति विमुख भएको कुरा यस भावले व्यक्त गरेको पाइन्छ । जीवनको विसंगत नै मृत्यु हो । मृत्युप्रति सचेत भएको कोमलमान बाँच्नुभन्दा पनि मृत्युलाई प्राथमिकतामा राखि आफ्नो जीवनको अस्तित्वको अन्तिम विन्दु नै मृत्यु हो भन्ने कुरालाई प्रष्ट पारेको देखिन्छ । अस्तित्ववादी विसंगतिवादी चिन्तनलाई प्रस्तुत गर्ने चारित्रिक विशेषता भएको पात्रको रूपमा कोमलमान देखापरेको छ ।

कोमलमानको दाजुले बारम्बार चिठी पठाइ काठमाडौं आउन आग्रह गर्दा जान नमानेको उसको मस्तिष्कमा यही कुरा बारम्बार आउँदा उसको मनमा आएको भावलाई भनेको छ - मेरो जीवन किन यसरी महाशून्यतातिर लक्ष्यहीन रूपले ढल्कदैं गइरहेछ ? मेरा पूराना महत्त्वकांक्षाहरू कता गए ? ममा किन केही निणर्य गर्ने शक्ति रहेन ? (पृ २१) । कोमलमानको यस भनाइका माध्यमबाट उपन्यासकारले मृत्युसत्यले निस्सार प्रमाणित गरिदिएको जीवनको विसंगत यथार्थमाथि प्रकाश पार्न खोजेका छन् । अस्तित्ववादका

अनुसार शून्यता, निराशा एवं विसंगति मानवीय अस्तित्वका अभिन्न अङ्ग हुन् । मानिसलाई शून्यताको बोध मृत्यु हुने कारणले गर्दा हुने गर्दछ । मान्छेमा शून्यताको बोध हुनु नै ऊ मृत्युको नजिक भएको आभाष हुनु हो । मृत्युसत्यलाई नै अस्तित्वको अङ्ग मानेको मान्छेले यसलाई स्वीकार गरेको हुन्छ र त्यसको प्रमुख कारण नै दुःख प्राप्ति हो । मृत्युको सोचाइले नै मान्छेलाई निराश तुल्याउने हुँदा जब मान्छे आफ्नो मृत्युको बारेमा सोच्दछ तब ऊ आफ्नो वरिपरि शून्यता नै पाउने गर्दछ । यही नै मानव जीवनको सबैभन्दा विसँगति हो । कोमलमानलाइ मृत्युको नजिक पुगिरहेको छु भन्ने भान भैरहँदा जीवन नै शुन्य भएको कुरा बोध भएको छ । काठमाडौं गएर के गर्न, के पाउन सक्छु र के गर्न जानु भन्दै आफ्नो जीवनलाई शुन्यतातर्फ नै धकेलिरहेको अवस्था यसमा प्रस्तुत भएको छ ।

अचानक अनुराधासँग भएको भेटले कोमलमानको जीवनप्रति हेर्ने दृष्टिकोणमा परिवर्तन आएको पाउन सकिन्छ । अनुराधासँग जति जति निकट हुँदै जान्छ त्यति नै कोमलमानमा चारित्रिक परिवर्तन आउन थाल्दछ । कोमलमान विस्तारै जीवनप्रति आस्था, आशा, सक्रिय र आशक्त भएको, आफ्नो अस्तित्व बोध र जीवन संघर्षप्रति सचेत हुने पात्रको रूपमा कोमलमान आएको छ । कोमलमानले भन्छ - उनको अनुहारको बायाँपट्टिको भाग, आँखा र गालाका पाटा विस्तारै विनोदपूर्ण ढङ्गले हाँसेको देखें । त्यो मन्द मुस्कानले म एकदम अत्तालिएं र मेरो भन्ने कुरा भाषामा परिवर्तित हुन सकेन । त्यो मुस्कान यस्तो थियो कि मेरो मनमा प्रचण्ड हलचल मच्चाइदिइहाल्यो, म हुरीको रुखझैं हल्लन थालें (पृ ३८) । अनुराधाको विनोदपूर्ण मन्द मुस्कान नै कोमलमानको लागि जीवन सञ्चार तथा बाच्ने आधार बनेको पाइन्छ । अनुराधाको रूप, सौन्दर्य र मन्द मुस्कान उसको अस्तित्व सञ्चारको मूल तत्त्वको रूपमा आएको पाइन्छ । अस्तित्ववादीका अनुसार मान्छेमा अस्तित्व बोध हुनु नै उसको अस्तित्व हो । मान्छेमा उसले भोगेको भोगाइ, उसका भावना नै अस्तित्वका स्रोत हुन्छन् । मान्छेलाई जीवन बाँच्न जीवन जिउन वा जीवनमा केही गर्नको लागि कारण चाहिन्छ र त्यही कारणबाट नै उसले कर्म गर्ने गर्दछ । अस्तित्ववादीहरूले पलायनवादी भन्दा पनि अस्तित्ववादी तत्त्वलाई मूल केन्द्रमा राख्ने गर्दछन् । कोमलमान अस्तित्ववादी चरित्रको रूपमा प्रस्तुत भइ अस्तित्ववादी विशेषतालाई थप प्रोत्साहन गर्ने गरेको पाइन्छ ।

कोमलमानले अनुराधालाई लिएर साँझमा घुम्न निस्कदा दुवैजनको कुराकानीको क्रममा कोमलमानले भन्छ - “अर्थ जहाँ पनि छ । तपाईको सम्पूर्ण जीवनको निचोड, त्यको

केही अर्थ मलाई नभए पनि या अरूलाई नभए पनि तपाईंलाई त छ कि ?" (पृ ४७) । कोमलमानको जीवनदृष्टिमा परिवर्तन आई अस्तित्वप्रति सचेत हुनु नै अस्तित्ववादी मान्यतालाई कोमलमान पात्रले प्रष्ट पारेको देखिन्छ । अनुराधाको निकटता, उसको विचार तथा दृष्टिकोणले कोमलमानको जीवनलाई हेर्ने दृष्टिकोणमा नै परिवर्तन आएको पाइन्छ । यहाँ उल्लेख भएको जीवनको अर्थ भन्नु नै मानव अस्तित्वको अर्थ हो । मानवको अस्तित्वमा आफू हुनुको अर्थले आफूलाई नै महत्त्व राख्दछ । आफू हुनु भन्नु नै अस्तित्व हुनु हो । त्यसको अर्थ अरू कसैलाई नभए पनि स्वयं आफूमा त्यसले ज्यादा महत्त्व राखेको हुन्छ । कोमलमानमा आफू हुनुको महत्त्वलाई बुझ्दै आफ्नो अस्तित्व नै सर्वेसर्वा हो र यसले आफ्नो जीवनमा महत्त्व राख्दछ भन्ने व्यक्तिसत्ताको महत्त्वलाई बुझाउने प्रयास गरेको पाइन्छ ।

अनुराधा काठमाडौं जान लाग्दा कोमलमानको मनमा उठेका कुरालाई उल्लेख गर्दै उसले भन्छ - कहिलेकाँही रुखको हाँगामा बसेर कोइलीहरू सुरिलो कण्ठले गाउन थाल्दछन् । चरा उडिसक्छ, रुख उही ढङ्गले धूवाँ पिएर घाममा उभिरहन्छ या वर्षामा नुहाइरहन्छ । रुख आखिर रुखैं हो । म रुख हुँ (पृ ५०) । कोमलमानको यस भनाइले मानव जीवन र जगत निष्प्रयोजनीय हुने कुरालाई प्रस्तुत गर्दछ । यहाँ कोमलमानले आफ्नो जीवन वा आफूलाई रुखसँग दाजेको छ । रुख जहिले पनि त्यही नै रहन्छ उसले घामपानी केही नभनि जे आउँछ त्यसलाई नै स्वीकार गरेजस्तै कोमलमानले पनि आफ्नो जीवनमा हरेक कुरालाई स्वीकार्नु बाहेक अरू केही गर्न नसक्ने भनी यहाँ उल्लेख गरेको छ । अस्तित्ववादीले मानव जीवन र जगत पनि त्यस्तै किसिमको छ । यहाँ मान्छे विना कुनै प्रयोजन आएको हुन्छ र जीवन एउटा निरर्थकको रूपमा रहेको हुन्छ जसबाट ऊ मुक्त हुन सक्दैन । जे जस्तो अवस्था आउँछ त्यसलाई स्वीकार गरेर बाँच्नु नै उसको अस्तित्व सचेत हो । जीवन बाँच्नु निरन्तर प्रक्रिया हो जसमा विभिन्न उतारचढाव आउँदछन् र पनि उसले जीवन बाँच्न छोड्दैन । जति नै उतारचढाव आए पनि त्यसलाई स्वीकार गरी जीवन बाच्नु नै उसको अस्तित्व हो भन्ने कुरालाई यहाँ प्रस्तुत गरिएको छ ।

अनुराधासँगको सान्निध्यले उसको मनमा आफ्नो घर, काठमाडौं र यसका विभिन्न ठाउँहरूको सम्झना आइ कोमलमानलाई काठमाडौं जाने इच्छा जागेर आउँछ र यसै सन्दर्भमा उसले भन्छ - गर्मीले पट्ट पट्ट चिरेको धरतीमा पानी बर्सनेबित्तिकै पृथ्वीको मूर्च्छना

समाप्त हुन्छ र बीउहरू धरतीको छाती चिरेर टुसाउँछन् हरियाली आउँछ (पृ ५४) । कोमलमानमा सञ्चारित अस्तित्व चेतलाई जगाउने तत्त्व नै अनुराधा हो । अनुराधाको निकटताले ऊ भित्र मर्न लागिसकेको जीवन पुर्नजीवन भएर उसको अगाडि आएको छ । मान्छेको जीवनमा इच्छा, आकांक्षा तथा केही गर्ने उद्देश्य वा लक्ष्य रहेको हुन्छ । इच्छा शक्ति नै मानव जीवनको आधार रहेको हुन्छ र यसैले डोराएर नै इच्छा पूरा गर्न कार्य गर्न प्रेरित गर्दछ । अस्तित्ववादमा इच्छा शक्तिले नै मानिसमा बाँच्ने चाह जगाइदिन्छ र बाच्नको लागि ऊ संघर्ष गर्न तत्पर हुन्छ । जीवनमा जति नै संघर्ष गर्नु परेपनि मानिस आफ्नो जीवनलाई सुन्दर, सुखी वा हरियाली बनाउने गर्दछ । आफ्नो जीवन बाँच्नु नै अस्तित्वशील हुनु भन्ने कुरा उपन्यासकारले यहाँ दर्शाउन खोजेका छन् । उपन्यासको अर्को एक ठाउँमा कोमलमानले भन्छ - जिन्दगीमा यसरी नै घटनाहरूको श्रृङखला बन्दछ । यो निजी अनुभवको घेरा आफैंसम्म सीमित रहन्छ र मृत्युको साथै टुङ्गिन्छ । यसको घनीभूतताको अनुभव केवल एक व्यक्तिलाई मात्र भइरहन्छ, त्यसैले यो मेरै मात्र हो (पृ ५५) । यस भावले अस्तित्ववादमा मृत्यु सत्य नै जीवन सत्य हो भन्ने कुरालाई पुष्टि गर्दछ । मृत्यु नै जीवनको सत्य हो । व्यक्तिले अनुभव गरेको कुरा नै सत्य हुन्छ । मानिसको जीवन अनुभव नै अनुभवले भरिएको हुन्छ । उसको लागि जीवन सत्य नै उसको अनुभव रहेको हुन्छ । मान्छेको दृष्टिकोणले नै उसले भोगेको भोगाइ अनुभवको सत्यलाई मापन गर्ने गर्दछ । जीवनमा विभिन्न घटनाहरू घट्दछन् र त्यसले प्रत्यक्ष रूपमा व्यक्तिलाई असर पारेको छ । सोही कुराले व्यक्तिलाई जीवनमा अगाडि गर्नुपर्ने कार्यको बोध पनि गराएको हुन्छ । मान्छे जीवनप्रति सचेत हुँदाहुँदै पनि मृत्यु पनि भोग्नुपर्दछ भन्ने ज्ञान उसमा रहेको हुन्छ । मानव जीवनको अन्तिम सत्य नै मृत्यु हो र यसबाट कोही पनि अछुतो रहन सक्दैन भन्ने भाव व्यक्त गर्दै कोमलमानमार्फत उपन्यासकारले अस्तित्ववादी स्वरलाई प्रस्तुत गरेका छन् ।

अनुराधा काठमाडौं जाने कुराले कोमलमान दुःखी भएको छ र ऊ छटपटाउदै रातमा निदाउन पनि सक्दैन । यसै सन्दर्भमा कोमलमानले भनेको छ - बाँचेको आभासको खातिर निरर्थक क्रियाहरूको आवश्यकता यस दुनियाँमा परिरहन्छ । निरर्थकतापूर्वक रहनु पनि रहनु हो, बाँच्नु हो (पृ ५८) । कोमलमानको यस भनाइमा अस्तित्ववादी स्वर टड्कारो रूपमा अभिव्यञ्जित रहेको पाउन सकिन्छ । मान्छेको जीवन निरर्थक छ र पनि यसै बिचमा पनि ऊ बाच्दछ यही नै मान्छेको अस्तित्ववादी बँचाइ हो । यस संसारमा मान्छेहरू मर्नकै लागि

बाँचिरहेका हुन्छन् । जीवनको अन्त्य नै मृत्यु हो । जीवन निरर्थक छ, निस्सार छ । जीवनमा न बाँच्नुको कुनै प्रयोजन छ न त मृत्युको नै । निरर्थक जीवन बाच्नु पनि मान्छेको बानी भएको हुँदा जुन सुकै स्थितिमा ऊ बाँचिरहन्छ । कोमलमानले निरर्थक जीवनलाई माथिको भनाइबाट पुष्टि गरेको छ ।

अनुराधा आफ्नो जीवन कहानी कोमलमानलाई सुनाउंछे र कोमलमान उसको जीवन भोगाइबाट झन प्रभावित भएर अनुराधा लाई माया गर्न थाल्दछ । अनुराधाले आफूलाई नयाँ जीवन सुरुवात गर्ने इच्छा भएको र कोमलमानलाई त्यसप्रति विश्वास पात्रको रूपमा लिन्छे । यसको प्रसंगले कोमलमान पनि अनुराधासँग नयाँ जीवनको सुरुवात गर्ने इच्छा मनमनै प्रकट गर्दछ । कोमलमानले 'अनुराधा म तिमीलाई माया गर्छु' भनेर भन्न चाहन्छ र यो भन्न नपाउदै अनुराधा बौलाउछे । कोमलमानको आफ्नो प्रम व्यक्त गर्ने इच्छा अव्यक्त अवस्थामा नै रहन्छ । यसै सन्दर्भमा कोमलमान भन्छ - यसरी धेरै पटक उनी होशमा अउलिन् कि भन्ने प्रतिक्षा गर्दागर्दै निराश भएको छु । यसैले जब मनमा यस्तो जमठजस्तो विश्वास जमिसकेको छ कि उनी कहिल्यै पनि होशमा आउँदिनन् । तर तैपनि भविष्यमा रहेका सम्भावनाहरू कहाँ रित्तिएका छन् र । यसैले मन मान्दैन । औषधिहरू गर्न बसेकै छु । डाक्टरहरू जे जे सल्लाह दिन्छन्, त्यसै अनुसार गर्दै रहन्छु, उनीहरूका निर्देशन, उनीहरूका सुझाउ, औषधी अटुट पारिरहेकै छु । एकफेर मात्रै हुने सद्दे भइदिए म आफ्नो मनका तमाम कुराहरू पोखेर निर्द्वन्द्व, शान्त हुन्थें (पृ ७ ) ।

म उनलाई जीवित चाहन्छु, कासको मूर्तिवत् होइन, म बौलाहीलाई प्रेम गर्छु, 'अनुराधा म तिमीलाई माया गर्छु' (पृ ९) ।

म उनको सपना पूरा गर्नको खातिर जीवनमा यस्तै रीतले पर्खन सक्छु, अनन्तकालसम्म पर्खन सक्छु, अनन्तकालसम्म (पृ १५१) ।

उपन्यासमा कोमलमानको चरित्रलाई अन्त्यमा आएर उपन्यासकारले अस्तित्ववादले स्वीकार गरेको मानव नियतिलाई प्रस्तुत गरेका छन् । जीवनमा आफूले नसोचेको स्थिति आइपर्दा व्यक्तिले त्यसलाई स्वीकार गर्नुपर्छ । स्वीकार गर्नु बाहेक ऊ सँग कुनै विकल्प रहँदैन । यही नै व्यक्तिको मानव नियति हो । कोमलमान अनुराधालाई आफ्नो प्रेम व्यक्त गर्न चाहन्छ तर व्यक्त गर्न नपाइ अनुराधा बौलाउछे । उसको जीवनको यो भन्दा ठूलो

दुःखदायी नियति के हुन सक्ला र ? उपन्यासकारले उपन्यासको अन्तिममा कोमलमानमा विसंगति बोध भएको कुरा व्यक्त गर्दै कोमलमानलाई अस्तित्ववादी विसंगतिवादी पात्रको रूपमा प्रस्तुत गरेका छन् ।

## ४.३ रत्नमानसिंह चरित्रमा अस्तित्ववाद

*अनुराधा* उपन्यासको रत्नमानसिंह प्रमुख पुरुष पात्र हो । वैवाहिक षडयन्त्रको आयोजनामा पतिको भूमिका निर्वाह गर्न खोज्ने रत्नमानसिंह विवाह नभए पनि विवाह भएको हल्ला गराएर षडयन्त्र, धोका र दबाब दिएरै किन नहोस् अनुराधालाई आफ्नो बनाउन चाहने एक प्रतिकूल प्रवृत्तिको पात्र हो । रत्नमानसिंह सरकारी उच्च कर्मचारी पढे लेखेको शिक्षित व्यक्ति हो जसले अनुराधालाई आफ्नो बनाउने, भोग गर्न चाहने, जीवन बिताउन चाहने स्वार्थी चरित्रको रूपमा उपन्यासमा आएको छ । रत्नमानको यस चरित्रमा अस्तित्ववादले स्वीकार गरेको यथार्थ प्रस्तुत भएको छ । अस्तित्ववादीहरूका अनुसार प्रत्येक मान्छे निजी सुखको खोजीबाट प्रेरित भएर नै कर्म गर्दछ । प्रत्येक मान्छे स्वार्थी नै हुन्छ, मान्छेले गर्ने प्रत्येक कर्ममा उसको आफ्नै स्वार्थ लुकेको हुन्छ । स्वार्थी हुनु भनेको अर्काको स्वार्थलाई नगन्नु हो । जीवनमा अरूको स्वार्थलाई हेरेर काम गर्न थाल्ने हो भने आफू 'आफू' नै रहिँदैन र 'आफू' बिनाको आफू यो संसारमा हुनु भनेको नहुनु नै बराबर हो । अस्तित्ववादीहरू यो संसारमा प्रत्येक मान्छे आफ्नो लागि नै बाँचेको छ, आफ्नै सुखको लागि ऊ कर्म गर्छ र आफ्नै सुखमा मात्र रमाउदछ । मान्छेको जीवनको प्रत्येक कार्य स्वार्थको भावनाले नै प्रेरित हुन्छ भन्दछन् । अस्तित्ववादीको यस भनाईलाई रत्नमानको स्वार्थी चरित्रले प्रस्तुत गरेको छ ।

*अनुराधा* उपन्यासमा रत्नमानसिंह समाजमा प्रतिष्ठित, शिक्षित उच्च ओहोदामा रहेको व्यक्तिको रूपमा देखिएको छ । ऊ आफ्नो लागि निर्णय आफै गर्ने स्वतन्त्र प्रवृत्ति भएको व्यक्ति हो । रत्नमानसिंहमा अस्तित्ववादको प्रमुख मान्यता निर्णयको स्वतन्त्रता प्रक्षेपित भएको पाइन्छ । अस्तित्ववादका अनुसार प्रत्येक व्यक्तिलाई आफ्नो विषयमा आफै निर्णय लिने स्वतन्त्रता हुन्छ । स्वतन्त्र निर्णय नै व्यक्तिको अस्तित्वको सूचक हो । व्यक्तिलाई आफूले लिएको निर्णयप्रति पश्चताप गर्ने छुट हुँदैन किनकि अस्तित्ववादी स्वनिर्णयको अर्थ त्यसको सम्पूर्ण परिणामप्रति उत्तरदायित्व स्वीकार गर्नु पनि हो । रत्नमानसिंहको चारित्रिक विशेषता जस्तोसुकै परिस्थितिसँग कहिल्यै हार स्वीकार नगर्नु र आफ्नो निर्णयको परिणति

जतिसुकै दुःखदायी भए पनि त्यसप्रति मनमा कुनै कुण्ठाभाव नराखि सबै कुरालाई सहजतापूर्वक आत्मसात् गर्दै अगाडि बढ्दै जाने स्वभाव राख्नु हो । रत्नमानसिंहको यस चारित्रिक विशेषताले उसमा निहित अस्तित्ववादी सचेतलाई प्रस्तुत गरेको छ ।

आफ्नो इच्छा, आफ्नो रोजाइ र आफ्नो निर्णयभन्दा बढी महत्त्वको कुरा अरू केहीलाई पनि नमान्ने प्रवृत्ति रत्नमानसिंहमा रहेको छ । उसको इच्छा, रोजाइ नै अनुराधा रहेकी छ । उपन्यासमा रत्नमानसिंहले अनुराधालाई आफ्नो जीवनमा रोज्नु नै उसको स्वतन्त्र निर्णय हो । उसले त्यसको परिणामस्वरूप तिरस्कार, घृणा, अपमानबाहेक केही पाएको छैन । अनुराधाले जति अपमान, तिरस्कार गरेपनि रत्नमानसिंहले त्यसलाई सहर्ष स्वीकार गरेको छ । यसमा अस्तित्ववादको प्रमुख मान्यता स्वतन्त्र निर्णय र त्यसको परिणाममा उत्तरदायित्व हुने कुरा प्रस्तुत भएको छ । अनुराधा रोज्नु उसको स्वतन्त्र निर्णय हो भने अनुराधाबाट प्राप्त तिरस्कार, घृणा त्यस निर्णयको परिणाम हो ।

रत्नमानसिंहलाई हत्या गरी बदला लिने अनुराधाको प्रयास विफल भएपछि ऊ विक्षिप्त भइ बौलाएकी छ । अनुराधा बौलाएपछि रत्नमानसिंहले भारतका विभिन्न अस्पतालमा लगेर उपचार गरी घर ल्याउँछ । अनुराधाले रत्नमानसिंहलाई बदला लिने क्रममा मानसिक पीडा दिएकी छ उसको जीवन नै तहसनहस पारिदिएकी छ र पनि अनुराधालाई आफ्नो जीवनमा प्राप्त गर्ने अभिलाषा भने उसमा अझै रहेको छ । यसमा रत्नमानसिंहको विसंगतिवादी चरित्र यहाँ प्रस्तुत भएको देखिन्छ । मान्छेको जीवन विसंगत छ । मान्छे जीवनमा जे चाहन्छ उसको ठीक उल्टो उसको जीवनमा भइदिन्छ । यही नै मान्छेको जीवनको विसंगति हो । मान्छेले आफ्नो जीवन संगतियुक्त बनाउन खोज्दछ तर उसको जीवन त्यसकै विपरीत भएको हुन्छ । विसंगत जीवन बीचमा नै बाँच्न खोज्नु मान्छेको अस्तित्ववादी प्रवृत्ति हो । अनुराधाले एक दिन आफूलाई माया गर्छे, आफूलाई आत्मिक रूपमा अपनाउँछे भन्ने झिनो आशामा रत्नमानसिंह बाँचेको छ । यसैको फलस्वरूप अनुराधा विक्षिप्त भइ बौलाही हुँदा पनि एक्लै नछोडि उसको उपचारमा खटेको छ । रत्नमानसिंह सजिलै जीवनमा हार नमान्ने अस्तित्ववादी पात्रको रूपमा उपन्यासमा रहेको छ ।

*अनुराधा* उपन्यासमा रत्नमानसिंह पात्र अनुराधाले आफ्नो जीवनको कथा सुनाउने क्रममा उसको चरित्र प्रस्तुत गरेकी छ । यसमा रत्नमानसिंहको संवाद धेरै नरहे पनि जति

पनि संवाद बोलेको छ त्यसमा अस्तित्ववादी धारणा व्यक्त भएको पाइँदैन । रत्नमानसिंहको चरित्र भने अस्तित्ववादी चरित्रको रूपमा प्रस्तुत भएको छ । रत्नमानसिंहको चरित्रलाई पुष्टि गर्ने कुनै संवाद नबोले पनि उसको चरित्र भने अस्तित्ववादी पात्रको रहेको छ ।

## ४.४ अनुराधाकी आमा चरित्रमा अस्तित्ववाद

*अनुराधा* उपन्यासको सहायक पात्रको रूपमा अनुराधाकी आमा रहेकी छ । अनुराधाकी आमा षडयन्त्रपूर्ण विवाह आयोजना गर्ने, अनुराधालाई घृणा गर्ने, हेप्ने जस्ता प्रतिकूल प्रवृत्ति भएकी पात्र हो । अनुराधाकी आमा पतिबाट टाढा बसेकी घरको व्यवहारलाई एक्लै धान्ने एक व्यवहारिक घरमा आफ्नो मात्रै प्रभुत्व खोज्ने पात्रको रूपमा उपन्यासमा रहेकी छ । अनुराधाले उपन्यासको एक ठाउँमा आफ्नी आमाको चरित्र पुष्टि हुने भनाइ व्यक्त गरेकी छ । अनुराधा भन्छे - मेरी आमा, अत्यन्त कठोर रिसाहा, हठी अभिमानिनी हुनुहुन्छ भन्ने मलाई थाहा थियो । शायद ममा पनि आमाकै गुण सरेको थियो ( पृ ८३) । उपर्युक्त भनाइमा अनुराधाकी आमाको स्वाभाव हठी अभिमानिनी भएको कुरा उल्लेख भएको छ । अनुराधाकी आमा आफू केही हुँ भन्ने अभिमान भएकी व्यक्ति हो । आफूप्रति अभिमान हुनु व्यक्ति अस्तित्वको सूचक हो । अस्तित्ववादमा व्यक्ति अस्तित्व नै मूल तत्त्व हो ।

अनुराधाकी आमाले आफ्ना छोरीहरूसँग मिलेर डाइरेक्टर रत्नमानसिंहसँग अनुराधाको षडयन्त्रपूर्ण विवाह गरिदिने निर्णय गर्दछे । सो निर्णयलाई साकार रूप दिन गुह्येश्वरीमा पूजाको बहाना बनाएर स्वंयवरका लागि अनुराधालाई त्यहाँ लगिन्छ । अनुराधाले आफ्नो स्वयंवर भन्ने थाहा पाएपछि माला च्यातेर त्यहाँबाट गइ उसकी आमाको योजना विफल पारिदिन्छे । अनुराधाको यो व्यवहारबाट अनुराधाकी आमालाई आफ्नो अपमान, बेइज्जती भएको कुराले ऊसँग रिसाउँछे । यसै सन्दर्भमा अनुराधाले भनेकी छ - मेरी आमालाई आफ्नो कबुल, आफ्नो बाँचा तोडिएकोमा चिन्ता भइरहेको थियो । उहाँ आफ्नो टेकमा अड्ने त्यस प्रकारको गर्विली नारी हुनुहन्छ भन्ने मलाई थाहा थियो (पृ ९०) ।

अनुराधाको यस भनाइबाट अनुराधाकी आमा अस्तित्ववादी चरित्र भएकी नारी हो भन्ने प्रष्ट हुन्छ । अनुराधाकी आमा पतिबाट टाढा रहेकी हरेक परिस्थितिमा आफूले नै निर्णय गरी व्यवहार गर्ने नारी भएकाले उसमा निर्णय गर्ने स्वतन्त्रता रहेको देखिन्छ । अस्तित्ववादको मूल मर्म नै निर्णय स्वतन्त्रता हो । व्यक्तिले जीवनमा निर्णय गर्ने स्वतन्त्र

अधिकार पाएको हुन्छ । निर्णयको अधिकार नै व्यक्तिको अस्तित्ववादी अधिकार हो भनि अस्तित्ववादीहरूले स्वीकार गर्दछन् । व्यक्तिको निर्णय गर्ने अधिकार स्वयंमाथिको अधिकार हो । अनुराधाकी आमाले आफ्नो इच्छाको लागि अनुराधाको बिहे गर्ने निर्णय गर्दछे सो निर्णय गर्ने आफ्नो अधिकार भएको ठान्दछे । अस्तित्ववादमा स्वतन्त्र निर्णय नै उसको अस्तित्व प्राप्तिको निर्णय हो । अनुराधाकी आमाको चरित्र हठी, आफ्नो निर्णयमा अडिक रहने खालको रहेको हुँदा उसले आफ्नो निर्णयको अगाडि आफ्नै छोरीको बर्बादी भएको कुरालाई समेत ख्याल नगरी आफूलाई आफ्नो निर्णयमा अडिक राखेकी छ । उसको यस चरित्रले आफ्नो अस्तित्व नै सम्पूर्ण हो र त्यसका अगाडि सबै कुरा व्यर्थ छ भन्ने कुरालाई यहाँ प्रस्तुत गरेको छ ।

अनुराधाले उपन्यासको अर्को एक ठाउँमा भनेकी छ - उहाँको सर्वेसर्वा सत्तामा कसैले प्रहार गरको उहाँलाई सह्य थिएन ( पृ ९१) । अनुराधाकी आमाले आफ्नो पतिसँग वर्षौं अलग्गिएर काठमाडौंमा मात्र बस्नुपर्दा घरको सम्पूर्ण बागडोर आफैले समालेर बसेकी, कसैको दबाबमा रहनु नपरेको स्वतन्त्र किसिमले निर्णय गर्ने चरित्रको रूपमा अनुराधाले चित्रण गर्ने सन्दर्भभा माथिको भनाइ भनेकी हो । उसको यस चित्रणले अनुराधाकी आमा स्वतन्त्र अस्तित्व भएकी नारीको रूपमा परिचित गराउँदछ । उसलाई आफ्नो अस्तित्वमाथि कसैले प्रहार गरेको सहन नसक्ने पात्रको रूपमा उपन्यासमा प्रस्तुत गरिएको छ । अनुराधाकी आमाको लागि सबैभन्दा ठूलो उसको अस्तित्व हो । आफ्नो अस्तित्वको लागि कसैसँग नझुक्ने, नडराउने, आफैप्रति गर्व गर्ने किसिमको स्वभाव उसमा रहेको छ । आफूप्रति गर्व गर्नु अस्तित्वको सूचक हो । अनुराधाकी आमामा व्यक्ति अस्तित्वको सचेतता रहेको पाइन्छ । अनुराधाकी आमाले अनुराधाको षडयन्त्र गरी विवाह गरिदिनु खोज्नु र अनुराधाले त्यसको विद्रोह गर्दा आफ्नै अस्तित्वमा प्रहार गरेको भन्ने सोच्नुलाई यहाँ अस्तित्ववादीका अनुसार व्यक्ति अस्तित्वमाथिको प्रहार भन्ने बुझ्दछन् । उपन्यासमा अनुराधाकी आमाले आफ्नो अस्तित्व कायम राख्नलाई अनुराधामाथि थप षडयन्त्र गरी नभएको बिहेलाई साँच्चिकै भएको भन्ने बनाउन लागि परेको देखिन्छ ।

## ४.५ समुन्द्रमान चरित्रमा अस्तित्ववाद

समुन्द्रमान *अनुराधा* उपन्यासको सहायक पात्र हो । दाजुलाई सम्मान गर्ने, अनुराधा घरमा आएपछि भाउजूको दर्जाले व्यवहार गर्ने तथा दाईकी श्रीमती नभएर विद्रोह गरेर बसे

पनि आदर्श व्यवहार गर्ने उपन्यासको घटनाक्रमलाई सहयोग पुऱ्याउने एक सहयोगी पात्रका रूपमा देखापरेको छ ।

उपन्यासमा समुन्द्रमान नैतिक चरित्रको पात्रको रूपमा आएको छ । समुन्द्रमान आफूभन्दा ठूलालाई सम्मान गर्ने, सबैलाई आदर सत्कार गर्ने प्रवृत्ति भएको व्यक्ति हो । अनुराधाले रत्नमानसिंहसँग बदला लिन समुन्द्रमानसँग माया गरेको नाटक गर्दा पनि त्यस चाललाई थाहा नपाइ ऊ भाउजूलाई सम्मानको दृष्टिले हेर्ने नैतिकवान् व्यक्तिको रूपमा रहेको छ । अस्तित्ववादी चिन्तकहरूले मानिसको नैतिक आचरणमा जोड दिन्छन् । उनीहरूका अनुसार नैतिकता मानिसको आत्माबाट निस्कने कुरा हो । प्रत्येक मान्छेले आफूमा निहित नैतिकताको बोध गरी सोहीअनुरूप व्यवहार गरी आफूलाई नैतिक आचरण भएको मानिस बनाउँदछ । अस्तित्ववादीहरू नैतिकता आत्मकेन्द्रित हुन्छ भन्ने मान्यता राख्दछन् । अस्तित्ववादको यो मान्यता समुन्द्रमानमा रहेको कुरा उसको चरित्रले प्रस्तुत गरेको छ ।

अनुराधाले रत्नमानसिंहलाई बदला लिन मानसिक पीडा दिनको लागि समुन्द्रमानसँग गफ गर्ने, साँझ बगैंचामा घुम्न जाने, कहिले सनेमा हेर्न जाने जस्ता क्रियाकलाप गर्दछे । अनुराधाको यस स्वभावले रत्नमानसिंह जलिरहेको थियो र समुन्द्रमानसँग अनुराधासँग नजिक भएको कुरालाई लिएर झगडा गर्दछ । समुन्द्रमानलाई दाजुले भाउजूलाई बिहे नै नगरी आफ्नो श्रीमती बनाउन खोजेको, अनुराधालाई नबुझ्ने व्यवहार र अनुराधासँगको सामिप्यताले उसमा अस्तित्व चेत पस्फुरित भएको देखिन्छ । आफूले आदर गर्ने दाजुलाई नै अनुराधाको लागि विद्रोह गर्ने प्रवृत्ति समुन्द्रमानमा देखिन्छ । अनुराधासँगको निकटताले समुन्द्रमानमा दाजुसँग विद्रोह गर्ने चेत नै उसको आफ्नो अस्तित्वप्रतिको सचेतता हो । रत्नमानसिंहले बारबार भाउजूसँगको विषयलाई लिएर झगडा गर्दा उसको आचरण त्यस्तो नभएको हुँदा समुन्द्रमानले दाजुसँग भनाभन गर्दछ । समुन्द्रमानमा मेरो पनि छुट्टै अस्तित्व छ, म पनि केही हुँ भन्ने अस्तित्ववादी चेत आएको देखिन्छ । यसैको परिणाम दाजुसँग विद्रोह गर्न पछाडि पर्दैन ।

अनुराधा र समुन्द्रमानको सम्बन्धलाई लिएर समाजमा बदनाम हुँदै गइरहेको र त्यही सन्दर्भमा दाजु भाइको झगडा भइ हातपात भएको थाहा पाएपछि समाज जम्मा भएर समुन्द्रमान र अनुराधाको अनैतिक सम्बन्ध रहेको ठहर गर्दछ । यस घटनाले समुन्द्रमानमा

आघात पर्दछ र काठमाडौं छोडेर विराटनगर जान्छ । समुन्द्रमानको यस समयमा विसंगतिवादी चरित्र उपन्यासमा उद्घाटित हुन्छ । समुन्द्रमान आफू निर्दोष हुँदाहुँदा पनि उसले दोषीको नियति भोग्नुपरेको छ । विसंगत जीवनभित्र पनि उसले आफ्नो जीवन बाँचेको छ । मान्छेको जीवनको यथार्थ नै मानव नियति हो । मान्छेले नियति नभोगि सुख नै हुँदैन । आफूले गल्ती नगरे पनि उसको भागिदार बन्नुपर्ने मान्छेको नियति नै हो । यही नियति समुन्द्रमानले भोगेको छ । विसंगत जीवनमा पनि अस्तित्ववादी जीवन बाँच्ने पात्रको रूपमा समुन्द्रमान रहेको देखिन्छ । समुन्द्रमानलाई विसंगति अस्तित्ववादी चरित्रको रूपमा उपन्यासमा प्रस्तुत गरिएको छ ।

## ४.६ निष्कर्ष

विजय मल्लको *अनुराधा* उपन्यासमा भएका चरित्रहरूमा प्रयोग भएको अस्तित्ववादको अध्ययन गर्ने क्रममा देखापरेका पाँच पात्रहरूमध्ये अनुराधाको चरित्रलाई विशेष अस्तित्ववादी चरित्रको रूपमा मानिन्छ । उपन्यासकार विजय मल्लले उपन्यासकी प्रमुख नारी पात्र अनुराधामा मानवीय अस्तित्वको जीवनमुखी प्रवृत्तिलाई देखाएका छन् । अनुराधा उपन्यासको सुरुवातदेखि अन्त्यसम्म पनि अस्तित्ववादी चरित्रको रूपमा देखिएकी छ । अनुराधाको जीवनमा जति पनि उथलपुथल भए त्यसको परिणाम बौलाही भएर भोगे पनि ऊ जीवनप्रति हार मानेकी छैन । बौलाही अवस्थामा पनि उसलाई आफ्नो अस्तित्वमाथि भएको प्रहारलाई भुल्न नसकि बारबार त्यसको बदला लिन तत्पर देखिन्छे । उपन्यासकारले अनुराधाको जीवनको उत्तरार्धमा विसंगत जीवनलाई प्रस्तुत गरेपनि अनुराधा विसंगति जीवनभित्र नै अस्तित्वको खोजी गर्ने चरित्रको रूपमा देखिएको पाइन्छ ।

*अनुराधा* उपन्यासका अन्य पात्रहरूमा पनि अस्तित्ववादी सचेत रहेको देखिन्छ । आफ्नो अस्तित्वप्रति सचेत हुँदाहुँदै पनि उपन्यासकारले पात्रहरूलाई उपन्यासको अन्तमा विसंगत अस्तित्ववादी जीवन बाँच्न बाध्य पारेको देखिन्छ । यस उपन्यासमा आएका चरित्रहरूमा कोमलमानले सुरुमा विसंगति जीवन बाँचे पनि अनुराधासँगको भेट पछि उसमा अस्तित्ववादी चेतना प्रस्फुरित हुन्छ । अन्तमा जब अनुराधा बौलाही हुन्छे फेरि कोमलमानको जीवन विसंगतिवादी जीवनतिर नै ढल्केको पाइन्छ । रत्नमानसिंहको चरित्र सुरुमा अहंमताले भरिएको देखिएता पनि अनुराधालाई प्राप्त गर्न आफूले सकेको गर्दछ तर अन्तमा उसलाई दुःख सिवाय केही प्राप्त हुँदैन । अनुराधाकी आमा र समुन्द्रमान सहायक

पात्रको रूपमा उपन्यासमा रहेका छन् । यिनीहरूमा पनि अस्तित्व चेत हुँदाहुँदै पनि जीवनमा निराशाबाहेक केही पाउन सकेका छैनन् ।

यस परिच्छेदमा *अनुराधा* उपन्यासका माथि उल्लेख भएका चरित्रहरूको चारित्रिक विशेषता, संवाद, मनोवादबाट यिनीहरू अस्तित्ववादी चरित्र भएको पुष्टि हुनुका साथै यिनीहरूले आफ्नो जीवनमा विसंगत यथार्थ नियति बाँच्न बाध्य भएका छन् । विजय मल्लले उपन्यासका पात्रहरूमार्फत् विसंगत जीवनमा पनि आफ्नो अस्तित्व रक्षार्थ संघर्ष गरी जीवन बाँच्नुपर्दछ भन्ने अस्तित्ववादी स्वर प्रस्तुत गरेको देखिन्छ ।

# परिच्छेद पाँच

# *अनुराधा* उपन्यासको लेखकीय दृष्टिकोण र सारवस्तुमा अस्तित्ववाद

## ५.१ *अनुराधा* उपन्यासमा लेखकीय दृष्टिकोण

*अनुराधा* उपन्यासमा लेखक बाह्य दृष्टिबिन्दुको रूपमा उपस्थित भएका छन् । उपन्यासको कथामा उनको कुनै संलग्नता छैन न त यसमा उपन्यासको कथा भन्न नै उनी अघि सरेका छन् तर पनि उपन्यासभित्रको कथानक र त्यहाँका सक्रिय पात्रहरूको सबै क्रियाकलाप र भनाइमा उनले निगरानी राखेका छन् । यस उपन्यासमा उनले आफ्नो तर्फबाट प्रत्यक्ष रूपमा दृष्टिकोण राख्ने वा पात्रहरूको जीवन भोगाइ अथवा तिनको भनाइमाथि कुनै किसिमको टिप्पणी गरेको देखिदैन । उपन्यास कथानकमा भन्दा पनि चरित्रमा केन्द्रित भएको हुँदा एकाध ठाउँमा चरित्रको भनाइ वा भोगाइबाट लेखकीय दृष्टिकोण प्रस्तुत भएको पाइन्छ ।

उपन्यासभित्र एक ठाउँमा लेखकले कोमलमानको मनमा उठेको भावना भित्र मिसिएर आफ्नो दृष्टिकोणलाई यसरी अभिव्यक्ति दिएका छन् - भित्र धमिरोले खाएको एउटा रुख, जो भयानक हुरी र तूफानमा ढल्न पनि सक्तैन, र चिल्ला पातहरू जसमा टुसाउन पनि सक्तैन, बाचेको मात्र छ भन्ने भ्रम फैलाएर जो अडिएको हुन्छ । तर त्यो ठुटो, नाङ्गो रुखको अस्तित्व जङ्गललाई जङ्गल कहलाउन आवश्यक छ झार, झिंजा, खर, बुटाबुटी ठूला ठूला वृक्ष सबको जरुरत छ । जङ्गल ( पृ ४८) । उपन्यासमा कोमलमानले यति रूप र सौन्दर्यले भरिपूर्ण नारी जो यौवन अवस्थामा विक्षिप्त भएको, बौलाएको देख्दा, थाहा पाउदा उसको अनुभूति मिसिएर यो लेखकीय विचार आएको हो । यसमा अस्तित्ववादको प्रयोग भएको छ भन्ने कुरा सहजै बुझ्न सकिन्छ । मानिसको जीवन निस्सार छ, निरर्थक छ, विसंगत छ । मानिसले निस्सार, निरर्थक र विसंगत जीवन छ भन्ने जान्दाजान्दै पनि ऊ जीवन बाँच्न प्रयासरत छ, तत्पर छ । मानिस विना प्रयोजन यो संसारमा आएको छ । उसको जीवन निरर्थक छ तैपनि यसबाट मुक्त हुने कुनै उपाय छैन । यही निरर्थक, निस्सारताका बिचमा पनि मानिस बाँचिरहेको छ । यही मानिसको बँचाइ अस्तित्ववादमा अस्तित्ववादी बँचाइ हो । यस भावमा लेखकले मानव जीवनलाई जंगल र व्यक्तिलाई रुखको

संज्ञा दिएर व्यक्तिको अस्तित्व र उनको मानव नियतिको विसंगतिलाई प्रस्तुत गरेका छन् । व्यक्तिको जीवनमा जस्तोसुकै समस्या, घटनाहरू घटे पनि ऊ संयमित भै त्यसलाई स्वीकार गर्नुपर्दछ र त्यसैमा आफ्नो जीवन बाँच्नुपर्दछ । जीवन बाँच्नलाई व्यक्तिको अस्तित्व आवश्यक हुन्छ र अस्तित्वप्रति सचेत हुनु नै व्यक्ति हुनु हो । व्यक्ति यसबाट कँही पनि भाग्न सक्दैन किनकि उसले जन्मसँगै मृत्यु पनि साथसाथै लिएर आएको हुन्छ । यसमा धमिराले खाएको रुख भनेर व्यक्तिमा भएको व्याप्त मृत्यु सत्यलाई र त्यसबाट हुने पीडा बोधलाई प्रस्तुत गरेको छ । मृत्यु नै मानिसको अन्तिम सत्य हो यही ज्ञानबाट मान्छेमा पीडा हुने गर्दछ । यही पीडा बोधलाई सँगै लिएर बाँच्नु नै उसको अस्तित्वको बँचाइ हो भन्ने कुरालाई उपन्यासकारले माथिको भावबाट व्यक्त गरेका छन् ।

उपन्यासको अर्को एक ठाउँमा लेखकीय दृष्टि यसरी आएको छ - यही जीवन हो, नदीको भेलले कता-कताका वस्तु-सामग्रीहरूलाई किनारमा फाल्दछ र आफू फर्केर जान्छ । मरेका र बाँचेका कैचयन् जीवहरू त्यसरी नदीतटमा आएर पछारिन्छन्, चलमलाउँछन्, कोही कुहिएर सडेर जान्छन् (पृ २८) । अनुराधासँग कोमलमानको भेट भएपछि मूर्च्छित अनुराधालाई बोकेर घरमा ल्याउने क्रममा आफ्नी आमालाई घाटमा लगेको कुरालाई साक्षात्कार गरेको छ । यसै सन्दर्भमा लेखकले माथिका यी भावमार्फत आफ्नो दृष्टिकोण राखेको पाइन्छ । कोमलमानले मूर्च्छामा परिरहेकी अपरिचित युवतीप्रति सहानुभूति र ममताका भावनाहरू उसको मनमा आएका भावनालाई अनुभूत गरिरहेको प्रसङ्गमा लेखकले मानव जीवनको नियतिलाई आफ्नो दृष्टिकोणमार्फत प्रस्तुत गरेका छन् । मानव जीवनको विसंगत पक्षलाई यहाँ उजागर गर्दै मानिस विना प्रयोजन जीवनमा आएको हुन्छ । उसको जीवनमा कति बेला के हुन्छ भन्ने कुरा उसलाई थाहा नै हुँदैन । यही नै मानव जीवनको विसंगति हो । मानिसलाई उसको नियतिले कहाँबाट कहाँ लैजान्छ, उसले कस्ता कस्ता घटना जीवनमा भोग्नुपर्दछ, आफ्नो जीवनमा के सोचेको हुन्छ र त्यसको बदलामा उसले के नियति भोग्नुपर्दछ त्यसबाट मान्छे बेखवर हुन्छ । मान्छे जीवनमा कुन उद्देश्यले आएको हुन्छ त्यसलाई थाहा नै हुँदैन । अस्तित्ववादमा मानव जीवनको अव्यवस्थित विसंगत नियतिप्रति धेरै चिन्तन गरिएको पाइन्छ । उनीहरूका अनुसार जीवन एउटा त्यस्तो अर्थहीन यात्रा हो जहाँ मान्छेलाई खोजेको कुरा जति प्रयास गर्दा पनि नमिल्न सक्छ अनि फेरि नखोजेको कुरा कहिलेकाही अचानक नै मिल्न पनि सक्छ । मान्छेले कति बेला कहाँ सुख

पाउने हो र कहाँ उसले कल्पना नै नगरेको दुःखसँग लड्नुपर्ने हो त्यो सब कुराको कुनै निश्चित थाहा नै हुँदैन । जीवनमा जे पनि भैदिन सक्छ वा केही नभएर नै यो जीवन त्यत्तिकै सिद्धिन पनि सक्दछ । यहाँ उपन्यासकारले मानव जीवनको नियति वा यथार्थलाई नदीको भेल भनेर भनेका छन् । यस संसारमा मानिस निर्उद्देश्य आउँछ र आफ्नो जीवनमा जे जस्तो नियति आउँछ त्यसलाई स्वीकार गरी भोग्न बाध्य हुन्छ भन्ने कुरालाई माथिको भावले व्यक्त गरेको छ । यसमा प्रयोग भएका मरेका र बाँचेका कैचयन जीवहरू भनेर व्यक्तिलाई संकेत गरिएको छ । विना प्रयोजन यस संसारमा आएका व्यक्तिहरू कोही आफ्नो अस्तित्वलाई जोगाउन संघर्ष गर्दछन् भने कोही व्यक्ति जीवनको निश्चित सत्य मृत्युसँगै विलय भएर जान्छन् । अस्तित्वको मूल पाटो सँगसँगै मृत्यु पनि आएको हुन्छ । व्यक्तिले जीवनमा अस्तित्वका लागि जति संघर्ष गर्दछ उत्ति नै मृत्युको बोध पनि उसमा भएको हुन्छ । मृत्यु सत्य हो भनि जान्दा जान्दै पनि जीवन बाँच्न चाहन्छ, आफू हुनुको महत्त्वलाई विभिन्न कर्मद्वारा प्रमाणित गर्न खोज्दछ । आफ्नो अस्तित्वसँग नै मृत्युलाई पनि अंगालि जीवन बाँचिरहेको हुन्छ, अन्त्यका बीचमा पनि आफू हुनुको प्रमाण, छाप छोड्न निरन्तर संघर्ष गरिरहन्छ । यही नै मानव अस्तित्व हो । उपन्यासकारले दिएको अस्तित्ववादको मानव जीवनको यथार्थलाई प्रस्तुत गरी आफ्नो दृष्टिकोण प्रस्तुत गर्न खोजेका छन् ।

## ५.२ *अनुराधा* उपन्यासको सारवस्तुमा अस्तित्ववाद

विजय मल्लको *अनुराधा* उपन्यासमा मानव जीवनमा आफ्नो अस्तित्वको लागि संघर्ष गर्नुपर्दछ, हरेक मान्छेलाई जीवनमा वरणको स्वतन्त्रता छ र त्यसप्रति हुने उत्तरदायित्व पनि आफूले नै भोग्नुपर्दछ भन्ने कुरा प्रस्तुत भएको छ । यस उपन्यासमा मानव जीवन निरर्थक छ र पनि यसमा बाँच्नुपर्दछ भन्ने विसंगति जीवनदृष्टिका साथसाथै मृत्युसत्य नै जीवन सत्य हो र व्यक्तिको जीवन यथार्थ नै मृत्यु हो भन्नु नै यस उपन्यासको सारवस्तु हो । उपन्यासमा उपन्यासकारले पात्रहरूले भोगेको जीवनभित्र मिसिएर विसंगतिवादी अस्तित्ववादी स्वरलाई देखाएका छन् ।

उपन्यासको कथानक मूलतः कोमलमान र अनुराधाको जीवनमा घटेका घटनाहरू र उनीहरूको जीवन भोगाइमा नै घुमेर बनेको छ । उपन्यासकारले अनुराधा र कोमलमान पात्रका माध्यमबाट विसंगति -अस्तित्ववादी दृष्टिकोणलाई प्रस्तुत गरेका छन् । उपन्यासमा अस्तित्ववादको प्रमुख मान्यता वरण स्वतन्त्रता र त्यसको उत्तरदायित्व बोध हुनुलाई

अनुराधाको चरित्र, उसले गरेका कार्यबाट प्रष्ट भएको देखिन्छ । अनुराधा स्वतन्त्र रूपले हुर्केकि, उसले जीवनमा जे चाह्यो त्यहि नै पाएकी र आफ्नो जीवन जस्तो रूपले आफुले चाहेकी छे त्यस्तै नै बनाउने अस्तित्ववादी चरित्रकी पात्रका रूपमा रहेकी छ । उसको स्वभाव नै स्वतन्त्र किसिमको रहेको हुँदा आफुले नै हरेक कुराको निर्णय गर्न चुकेकी छैन । अनुराधा आफ्नो निर्णयले जस्तो परिणम ल्याउँछ त्यस्तै भोग्न तयार रहेकी छ । अनुराधाले आफ्नो अस्तित्व रक्षा गर्न विद्रोह, संघर्ष गरी परिवार वा समाजमा पृथक अस्तित्व कायम गर्दछे । उसले गरेको स्वतन्त्र निर्णयको कारण नै अन्त्यमा पागलपनको शिकार हुनुपरेको छ र पनि त्यसलाई स्वीकार गरी बाँचेकी छ ।

कोमलमानको जीवनमा अनुराधासँगै भेट हुनु पूर्व र पछिको जीवनलाई हेर्ने तथा भोग्ने दृष्टिकोणमा नै परिवर्तन आएको पाइन्छ । कोमलमान पहिले निरर्थक, निस्सार, निराशावादी, लक्ष्यविहिन जीवन बाँचिरहेको हुन्छ भने अनुराधासंगको भेट पछि उसमा आफ्नो अस्तित्व महत्त्वको बोध भई निरर्थक जीवनबाट सार्थक जीवन बाँच्नुपर्दछ भन्ने अस्तित्ववादी जीवनवादी सोच सञ्चारित भएको देखिन्छ । हर समय मृत्यु नै जीवन पर्यायको रूपमा लिने कोमलमान पछि गएर अस्तित्वशील मान्छेको रूपमा उपन्यासमा आएको छ । मरेर भन्दा जीवन बाँचेर आफ्नो अस्तित्वलाई प्रमाणित गर्नुपर्दछ भन्ने सोच उसमा आएको पाइन्छ ।

मान्छेलाइ वरणको स्वतन्त्रता त छ तर ऊ आफ्नै नियतिले बाँधिएको हुन्छ । जीवन भन्नु नै नियति र अस्तित्वबीचको लडाइँ हो । दुःखको चाहना कसले गरेको हुन्छ र जीवनमा तर पनि मान्छे बाँचुन्जेल बारम्बार दुःखमा पुगिरहन्छ । जीवनमा दुःखबाहेक केही सत्य छैन भनेर जान्दाजान्दै पनि मान्छे सुखको कल्पना गर्छ र कर्म गर्न तत्पर भइरहन्छ । त्यस्तै जीवनमा मृत्यु अवश्यम्भावी सत्य हो भनेर बुझ्दाबुझ्दै पनि मान्छे सधैं बाँच्ने चाहना गरिरहन्छ । त्यसैले मान्छेको नियति नै दुःखपूर्ण छ भनेर अस्तित्ववादीहरूले भनेका छन् । उपन्यासमा कोमलमान, अनुराधा र रत्नमानसिंहले जीवनमा भोगेका पीडाहरूमा यो सत्य प्रतिबिम्बित भएको छ । कोमलमानले आफ्नो जीवनमा पहिले एकान्तलाई, मृत्युलाई वरण गर्ने स्वतन्त्र निर्णय गरको छ र पछि अनुराधालाई आफ्नो जीवनमा स्वीकार गरी ऊ सँग नयाँ जीवनको सुरुवात गर्ने निर्णय गर्दछ तर आफ्नो नियतिको अगाडि उसको केही लागेको छैन । न उसले चाहेको मृत्युलाई अगालेको छ न अनुराधासँगको नयाँ जीवन नै सुरु गर्न

सकेको छ । यसरी मानव जीवनको विसंगत नियति भोग्न कोमलमान बाध्य भएको छ । त्यस्तै अनुराधा पनि रत्नमानलाई मारेर बदला लिने स्वतन्त्र निर्णय गर्दछे तर त्यसको परिणाम विक्षिप्तता भोग्न विवश भएकी छ । रत्नमानसिंहले अनुराधाको माया पाउन हरेक षडयन्त्र गरेर हत्याउन खोजेको छ तर उसको हातमा सधैं घृणा मात्रै प्राप्त भएको छ । यिनीहरूको जीवनका घटनाहरूबाट मानिसको जीवनको यथार्थ नियतिलाई प्रस्तुत गरी यसबाट कोही पनि उम्कन नसकिने र नियतिलाई भोग्नै पर्ने यथार्थलाई उपन्यासमा देखाइएको पाइन्छ ।

उपन्यासमा आएका पात्रहरू विसंगत जीवन बाँच्न बाध्य छन् भन्ने कुरा टड्कारो रूपमा आएको पाइन्छ । जब जीवनमा मानिसले सुखको इच्छा राखेर कर्म गर्ने गर्दछ तब उसलाई दुःखसिवाय केही पनि प्राप्त हुँदैन । यही नै मानव जीवनको विसंगति हो । उपन्यासभित्र अभिव्यञ्ति भएको विसंगति बोधमा अस्तित्ववाद अर्न्तगतको विसंगतिको चिन्तनको प्रयोग भएको छ । अस्तित्ववादले जीवन निस्सार छ, मान्छेको नियति नै दुःखपूर्ण छ र उसलाई कर्म गर्ने स्वतन्त्रता मात्र होइन बाध्यता पनि छ । अस्तित्ववादीहरूले मान्छे आफूले नरोजेको स्थितिलाई पनि स्वीकार गरी त्यसप्रतिको जिम्मेवारी स्वीकार्न बाध्य हुन्छ भनेर भन्दछन् । उनीहरूका अनुसार मान्छेको जन्म नै उसको इच्छाले भएको होइन तर पनि जन्मनासाथ उसले आफ्नो जीवनलाई स्वीकार्न कर लाग्छ । त्यस्तै मान्छेको मृत्यु पनि उसको इच्छाको विषय हुन सक्दैन तर पनि जन्मने प्रत्येक मान्छेलाई एक दिन मृत्युलाई अँगाल्न कर लाग्छ । जन्म र मृत्युको कुरा मात्र होइन, जीवनभरमा पनि मान्छे पटक पटक अनिच्छित परिस्थितिहरूमा आफूलाई पाउँदछ तर ती परिस्थिति उसको आफ्नो रोजाइ हुँदैन र पनि त्यसप्रतिको दायित्वबाट विमुख हुन भने सक्दैन । मान्छे आफू जुन परिस्थितिमा हुन्छ त्यो परिस्थितिलाई उसले आफ्नै रोजाइ हो भनि स्वीकार्न कर लाग्छ र त्यसप्रति ऊ जिम्मेवार भएको हुन्छ । सार्त्रले नरोज्नु पनि नरोज्नलाई रोज्नु नै हो भनेका छन् । यसबाट के प्रष्ट हुन आउँछ भने जीवनमा वरणको स्वतन्त्रता महत्त्वपूर्ण कुरा हुँदाहुँदै पनि त्यसले मानिसलाई असीम शक्तिको चाहिँ बनाएको छैन । एकातिर मान्छेलाई वरणको स्वतन्त्रता छ अर्कोतिर आफूले नरोजेको परिस्थितिलाई पनि उसले आफ्नै रोजाइ ठानेर स्वीकार गर्नुपर्ने बाध्यता छ । निश्चय नै यो परस्परमा विरोधाभासी कुरा भए पनि फेरि यही नै जीवनको सत्य हो । अस्तित्ववादले स्वीकार गरेको यो सत्य मानव जीवन विसंगतयुक्त छ भन्ने सार अर्न्तनिहित भएको छ जुन कुरा प्रस्तुत *अनुराधा* उपन्यासको सारवस्तु हो ।

## ५.३ निष्कर्ष

*अनुराधा* उपन्यासमा कोमलमान उपन्यासकार विजय मल्लको जीवनदर्शन प्रस्तुत गर्ने मुख पात्रमा रूपमा आएको छ । उपन्यासको सम्पूर्ण कथात्मक घटना कोमलमानले नै प्रस्तुत गरेको छ । यस उपन्यासमा उपन्यासकार बाह्य पुरुष दृष्टिविन्दुको रूपमा आएपनि समग्रमा कोमलमानकै केन्द्रियतामा समाख्यान प्रस्तुत भएको पाइन्छ ।

*अनुराधा* उपन्यासमा उपन्यासकारले जम्मा दुई ठाउँमा आफ्नो अस्तित्ववादी दृष्टिकोण प्रस्तुत गरेका छन् । कोमलमानले अनुराधालाई रूपवती नारी यौवन अवस्थामा नै विक्षिप्त भएको थाहा पाउँदा उसको मनमा उठेका भावनामा आफ्नो विचार मिसाएर उपन्यासकारले प्रस्तुत गरेका छन् । उपन्यासकारले यस उपन्यासको अर्को ठाउँमा अनुराधालाई बोकेर घर ल्याउँदा कोमलमानले आफ्नी आमालाई घाटमा लगेको भावलाई जोडेर आफ्नो भनाइ प्रस्तुत गरेका छन् । यस उपन्यासमा उपन्यासकारले आफ्नो दृष्टिकोणमार्फत् मानवीय जीवनको विसंगत नियतिलाई प्रस्तुत गरेको पाइन्छ । मानिसको जीवन विसंगत नै विसंगतले भरिएको छ । विसंगत जीवन छ भन्ने जान्दाजान्दै पनि मानिस अस्तित्वशील भएर बाँच्न खोज्दछ । यस संसारमा निष्प्रयोजन आएको हुन्छ र जीवनमा जे जस्तो नियति आउँछ त्यसलाई स्वीकार गरि बाँच्न विवश हुन्छ भन्ने विसंगत अस्तित्ववादी चिन्तन प्रस्तुत भएको छ ।

*अनुराधा* उपन्यासको सारवस्तु मानव जीवन विसंगत छ र विसंगतिभित्र नै अस्तित्वको खोजी गर्नुपर्छ भन्ने रहेको छ । मानिसको जीवन निराशाले भरिएको छ । यसका कारण नै मानिस दु:खी छ र पनि दु:खभित्र नै जीवन भोग्नुपर्छ, आफ्नो अस्तित्व जीवन बाँच्नुपर्छ भन्ने यस उपन्यासको सार रहेको पाइएको छ ।

# परिच्छेद छ

# सारांश तथा निष्कर्ष

## ६.१ सारांश

प्रस्तुत शोधपत्रमा विजय मल्लको *अनुराधा* उपन्यासमा प्रयोग भएको अस्तित्ववादको विश्लेषण गरिएको छ । उक्त अध्ययन विश्लेषणलाई सुव्यवस्थित बनाउन विभिन्न परिच्छेदहरूको निर्माण पनि गरिएको छ । छ वटा परिच्छेदमा विभाजन गरेर अस्तित्ववादको सिद्धान्त र त्यही सिद्धान्तमा केन्द्रित रहेर *अनुराधा* उपन्यासमा अस्तित्ववादको व्याख्या विश्लेषण गरिएको छ । यसलाई सारांशमा यसरी हेर्न सकिन्छ :

पहिलो परिच्छेदमा शोधपत्रको सिद्धान्त अनुरूप शोधको परिचय रहेको छ । शोधको शीर्षक, समस्याकथन, उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य र महत्त्व, सीमाङ्कन, सामग्री सङ्कलन, शोधविधि र शोधपत्रको रूपरेखा पहिलो परिच्छेदमा रहेको पक्षहरू हुन् ।

दोस्रो परिच्छेदमा अस्तित्ववादको सैद्धान्तिक अवधारणाको बारेमा जानकारी गराइएको छ । *अनुराधा* उपन्यासमा अस्तित्ववादको प्रयोग के कसरी भएको छ भन्ने कुराको व्याख्या तथा विश्लेषण गर्नको लागि अस्तित्ववाद सिद्धान्तको आधारमा *अनुराधा* उपन्यासको अध्ययन गरिएको छ । यस परिच्छेदमा अस्तित्ववादको परिचय, अस्तित्ववादको प्रकार, अस्तित्ववादको पृष्ठभूमि, उद्‌भव र विकास, अस्तित्ववादमा प्रमुख मान्यतालाई प्रस्तुत गरिएको छ ।

तेस्रो परिच्छेदमा *अनुराधा* उपन्यासको कथावस्तुमा प्रयुक्त अस्तित्ववादको व्याख्या तथा विश्लेषण गरिएको छ । यसमा उपन्यासभित्रको कथानकको आदि, मध्य र अन्त्य भागका घटनामा अस्तित्ववाद के कसरी आएको छ भन्ने कुरालाई व्याख्या तथा विश्लेषण गरी अध्ययन गरिएको छ ।

चौथो परिच्छेदमा *अनुराधा* उपन्यासका चरित्रहरूमा अस्तित्ववादी चेतना के कसरी रहेको छ भनि त्यसलाई व्याख्या विश्लेषण गरिएको छ । *अनुराधा* उपन्यासका पात्रहरू अनुराधा, कोमलमान, रत्नमानसिंह, अनुराधाकी आमा, समुन्द्रमानको चरित्र चित्रण, उनीहरूका संवाद, मनोवाद हरूका आधारमा अस्तित्ववादी चिन्तनको विश्लेषण गरिएको छ ।

पाँचौ परिच्छेदमा *अनुराधा* उपन्यासको सारवस्तु र लेखकीय दृष्टिमा आएको अस्तित्ववादी चिन्तनको व्याख्या गरिएको छ । उपन्यासकारले *अनुराधा* उपन्यासमा आफ्नो अस्तित्ववादी दृष्टिकोण कसरी राखेका छन् र यस उपन्यासको सारमा अस्तित्ववादी चिन्तन कसरी प्रयुक्त भएको छ भनि अध्ययन गरिएको छ ।

छैटौं परिच्छेदमा प्रस्तुत *अनुराधा* उपन्यासमा अस्तित्ववाद शोधपत्रको सारांश र निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ६.२ निष्कर्ष

विजय मल्ल ( वि.सं. १९८२-२०५६) नेपाली साहित्यमा आख्यान विधामा उत्कृष्ट साहित्यिक कृतिहरू रचना गरेर विशेष योगदान पुऱ्याउने व्यक्ति हुन् । विजय मल्लका थुप्रै कथा तथा तीन उपन्यास प्रकाशित भएका छन् । प्रस्तुत शोधमा मल्लको *अनुराधा* उपन्यासमा प्रयुक्त अस्तित्ववादका बारेमा विश्लेषण गर्ने उद्देश्य रहेको छ । आफ्ना पिता र दाजुको साहित्यिक उचाइको प्रभावले मल्लले पनि उत्कृष्ट साहित्यको रचना गरेको छन् । दाजुको लेखनबाट प्रारम्भ भएको नेपाली उपन्यास परम्पराको मनोविश्लेषणात्मक धारामा उनको योगदान महत्त्वपूर्ण रह्यो । यसका साथसाथै मल्लले 'अनुराधा' उपन्यासमा अस्तित्ववादी चिन्तनको प्रयोग गरेर नेपाली उपन्यासमा अस्तित्ववादी धारालाई प्रश्रय दिने काम गरे । नेपाली साहित्यमा *अनुराधा* उपन्यासमा मनोविश्लेषणको प्रयोगका साथै अस्तित्ववादी प्रवृत्तिको प्रयोग पाइने हुँदा यसै अस्तित्ववादी चिन्तनलाई केन्द्रमा राखेर *अनुराधा* उपन्यासमा प्रयुक्त अस्तित्ववादको विश्लेषण यस शोधपत्रमा गरिएको छ ।

*अनुराधा* उपन्यासमा अस्तित्ववाद सिद्धान्तको परिचय, यसका मूलभूत मान्यताहरूमा आधारित रहेर *अनुराधा* उपन्यासको कथावस्तु, चरित्र चित्रण, उपन्यासमा लेखकको विचार र उपन्यासको सारवस्तुमा अस्तित्ववाद के कसरी प्रक्षेपित भएको छ भन्ने विषयलाई यस अध्ययनमा विश्लेषण गरिएको छ । अस्तित्ववाद व्यक्ति सत्तामा केन्द्रित सिद्धान्त हो । यसले व्यक्तिको अस्तित्वलाई मूल केन्द्रमा राखेर व्यक्ति अस्तित्वशील प्राणी हो र व्यक्तिमा आफू हुनु भन्ने बोधले नै उसलाई अरू प्राणीबाट विशिष्ट बनाउँदछ भन्ने अस्तित्ववादको भाव रहेको पाइन्छ । व्यक्ति हुनुको अर्थ अस्तित्व-स्वतन्त्रताको निम्ति निरन्तर संघर्ष गरिरहनु हो । विद्रोहबाट नै व्यक्तिको अस्तित्व प्राप्त हुन सम्भव हुन्छ । अस्तित्ववादमा व्यक्तिले

स्वतन्त्र रूपमा निर्णय गर्दछ र त्यस निर्णयबाट जस्तो परिणाम आउँदछ त्यसलाई भोग्न तयार रहन्छ भन्ने मूल मान्यता रहेको छ । निर्णय स्वतन्त्रता र त्यसको उत्तरदायित्व बहन पनि व्यक्तिले नै गर्नुपर्दछ । उत्तरदायित्वबाट विमुख हुन नसक्ने र त्यसको परिणामलाई स्वीकार गर्नुपर्ने मान्यता अस्तित्ववादको रहेको छ । मान्छेको नियति नै दुःखदायी हुन्छ । मान्छेले जन्मका साथै मृत्यु पनि सँगै लिएर आएको हुन्छ । त्यही मृत्युसत्य नै मान्छेको जीवनको दुःख हो । यही सत्यका बीचमा नै मान्छे बाँच्न चाहन्छ, बाँच्नका लागि संघर्ष गर्दछ र यही संघर्ष नै मान्छेको अस्तित्ववादी चेत हो । मान्छे विना प्रयोजन यस संसारमा आएको हुन्छ । उसको जीवन निरर्थकको बोझ मात्र हो तर पनि मान्छे यसबाट मुक्त हुन सक्दैन । जीवनको निरर्थकताप्रति सचेत भएर पनि मान्छे बाँच्न चाहन्छ । मान्छेको जीवन विसंगतिका बिचमा पनि संगति बनाउन खोज्ने, विसंगतिबोधका बाबजुद पनि यसमा जीवन जीउन चाहनु अस्तित्ववादी प्रभाव हो भन्ने धारणा अस्तित्ववादको रहेको छ ।

*अनुराधा* उपन्यासको कथावस्तु, यसका चरित्रहरू आएको अस्तित्ववादी सचेततालाई व्याख्या गरिएको छ । *अनुराधा* उपन्यासको कथानकमा घटेका घटनाहरूले प्रत्यक्ष रूपमा त्यसका चरित्रहरूमा प्रभाव पारेको देखिन्छ । उपन्यासको सुरुवातमा कोमलमानमा विसंगतिवादी जीवन चिन्तन देखिएको छ भने जब उसको अनुराधासँग भेट हुन्छ त्यस पछि भने कोमलमानमा अस्तित्ववादी जीवन चिन्तन प्रसारित भएको देखिन्छ । कोमलमान सुरुमा व्यक्तित्वहीन, आफूलाई बुख्याचा ठान्ने, मृत्युसँग आकर्षित, आफ्नो वर्तमान र भविष्यप्रति निराशावादी, विसंगतिवादी चरित्रको अनुराधासँग भेटपछि उसको सामिप्यताले जीवनदृष्टिमा नै परिवर्तन आई जीवनप्रति आशावादी, सक्रिय, जीवन संघर्षप्रति सचेत वर्तमानको जीवन विसंगतप्रति असन्तुष्ट रहे पनि भविष्यप्रति आशावादी, अस्तित्ववादी चरित्रमा परिवर्तन आएको देखिन्छ । अनुराधाको जीवनको सुरुवातमा उसमा भएको अहंम चेतका कारण अस्तित्ववादी चिन्तन रहेको देखिन्छ । अस्तित्वको रक्षार्थ अनेक संघर्ष गरेकी अनुराधाको जीवन उपन्यासको अन्त्यतिर निरर्थक जीवन बोधको संघर्षबाट पीडित बनेकी छ र उसको जीवन अस्तित्वबाट विसंगतितर्फ गएको छ ।

*अनुराधा* उपन्यासमा लेखकले बाह्य दृष्टिबिन्दुको रूपमा रहेर उपन्यासको दुई ठाउँमा आफ्नो अस्तित्ववादी विचार अभिव्यक्त गरेका छन् । मानिसको जीवन निस्सार छ, निरर्थक छ र यति जान्दाजान्दै पनि मानिस यसभित्रै आफ्नो जीवनको मूल्य खोज्न तत्पर

रहन्छ । मान्छे विसंगत जीवन नियति भोग्न बाध्य छ । उसको जीवनमा कति बेला के हुन्छ थाहा हुँदैन तैपनि ऊ जीवन बाँच्न छोड्दैन । विसंगति यथार्थ नियतिका बीचमा पनि आफ्नो अस्तित्व जोगाउन कोशिस गर्दछ, अस्तित्व जीवन बाँच्न चाहन्छ भन्ने लेखकीय विचार यस उपन्यासमा रहेको पाइन्छ ।

मान्छेको जीवन सत्य नै मृत्यु सत्य हो । मृत्यु सत्यका बीचमा नै मान्छेको अस्तित्व रहेको हुन्छ । मृत्युसत्य कै कारण मानिस पीडामा रहेको हुन्छ । यही पीडामा बीचमा पनि मान्छे बाँच्न चाहन्छ । मान्छेले आफ्नो जीवनमा अस्तित्वका लागि संघर्ष गर्नुपर्दछ भन्ने 'अनुराधा' उपन्यासको सार रहेको छ ।

विजय मल्लको पहिलो उपन्यास *अनुराधा* चरित्र प्रधान उपन्यास हो । मध्यम आकारको यस उपन्यासमा कथानक चौध परिच्छेदमा विभाजन गरेर प्रस्तुत गरिएको छ । उपन्यासमा कथानकको हिसाबले अनुराधाको मूल कथानक, कोमलमानको सहायक कथानक र रत्नमानसिंह, अनुराधाकी आमा र समुन्द्रमानको गौण कथानक गरी तीन पक्षको संयोजनले कथानक संगठन भएको छ । व्यतिक्रम शैलीमा लेखिएको *अनुराधा* उपन्यासका पात्रहरूले भोगेका घटना, पात्रहरूका जीवन चिन्तन, संवाद, मनोवाद आदिका माध्यमबाट अस्तित्ववादी चिन्तन प्रस्तुत भएको छ ।

# सन्दर्भसामग्री सूची


कँडेल, घनश्याम (२०४०). *केही अन्वेषण केही विश्लेषण.* काठमाडौं : भिमसेन थापा ।

कुँवर, उत्तम (२०५०). *स्रष्टा र साहित्य.* तेस्रो सं. ललितपुर : साझा प्रकाशन ।

गैरे, ईश्वरीप्रसाद (२०७१). *आधुनिक नेपाली उपन्यास.* तेस्रो सं. काठमाडौं : क्षितिज प्रकाशन ।

त्रिपाठी वासुदेव (२०२८). *विचरण.* काठमाडौं : भानु प्रकाशन ।

त्रिपाठी वासुदेव (२०६५). *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग १.* पाँचौं सं. ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी वासुदेव (२०६५). *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग २,* पाँचौं सं. ललितपुर : साझा प्रकाशन ।

पन्थी सीता र सुधा त्रिपाठी (२०७०). *नेपाली नारीवादी समालोचना.* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पाण्डे ज्ञानू (२०६२). *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद.* काठमाडौं : नेपाली आख्यान समाज ।

पौडेल माधवप्रसाद र भण्डारी, पारसमणि (२०६८). *साहित्यशास्त्र र नेपाली समालोचना.* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

पौडेल विण्णुप्रसाद, (२०६८). *उपन्यास समालोचना.* काठमाडौं : भुँडी पुराण प्रकाशन ।

प्रधान कृष्णचन्द्रसिंह (२०५२). *नेपाली उपन्यास र उपन्यासकार.* ललितपुर : साझा प्रकाशन ।

बराल कृण्णहरि र नेत्र एटम (२०६६). *उपन्यास सिद्धान्त र नेपाली उपन्यास.* तेस्रो सं. ललितपुर : साझा प्रकाशन ।

मल्ल विजय (२०६९). *अनुराधा.* एघारौं सं. ललितपुर : साझा प्रकाशन ।

सुवेदी राजेन्द्र (२०५३). *नेपाली उपन्यास परम्परा र प्रवृत्ति.* भारत : भूमिका प्रकाशन ।

सुवेदी राजेन्द्र र लक्ष्मणप्रसाद गौतम (२०६८). *रत्न बृहत् नेपाली समालोचना* (प्रायोगिक खण्ड). काठमाडौं : रत्न पुस्तक भण्डार ।

शर्मा तारानाथ (२०२९). *नेपाली साहित्यको ऐतिहासिक परिचय.* काठमाडौं : सहयोगी प्रकाशन ।

शर्मा गोपीकृष्ण (२०४४). *अवलोकन र विवेचन.* काठमाडौं : रत्न पुस्तक भण्डार ।

शर्मा मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६३) .*पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त.* दोस्रो सं. काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६८). *शोधविधि.* पाँचौं सं. ललितपुर : साझा प्रकाशन ।